संघीय संसद

प्रतिनिधि सभा, २०७९

दोस्रो अधिवेशन

बैठकको कारवाहीको संक्षिप्त विवरण

२०८०

(सूचना पत्र - २)



प्रारम्भ मितिः-

२०८० साल वैशाख २४ आइतबार

अन्त्य मितिः-

२०८० साल कार्तिक १६ बिहीबार

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)
सिंहदरबार, काठमाडौं

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन

बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण ।

सि.नं.	बैठक संख्या	मिति	शुरु समय	अन्त्य समय
१.	१	२०८०/०१/२४	४:१०	५:३०
२.	२	२०८०/०१/२५	११:२० २:२०	२:०० ५:३५
३.	३	२०८०/०१/२६	११:०५ १:३५	१२:४० ७:०५
४.	४	२०८०/०१/२७	११:१० १२:१०	११:२० ६:५५
५.	५	२०८०/०२/०१	१:१५	४:००
६.	६	२०८०/०२/०४	१:००	२:३०
७.	७	२०८०/०२/०५	६:२०	६:२५
८.	८	२०८०/०२/०७	११:२०	७:३५
९.	९	२०८०/०२/०८	११:०५	६:५०
१०.	१०	२०८०/०२/०९	११:०५	५:५०
११.	११, १२	२०८०/०२/१०	११:२० ५:०५	३:५० ७:१५
१२.	१३	२०८०/०२/१२	१२:२०	१२:४५
			सूचना प्रकाशित	
			सूचना प्रकाशित	
			सूचना प्रकाशित	
१३.	१४	२०८०/०२/१३	५:१०	९:३५
१४.	१५	२०८०/०२/१४	२:१०	२:२५
१५.	१६	२०८०/०२/१५	७:४५	८:००
१६.	१७	२०८०/०२/२१	१२:१५	१२:४५
			सूचना प्रकाशित	
१७.	१८	२०८०/०२/२२	११:२५	६:३५
१८.	१९	२०८०/०२/२३	२:००	६:१०
१९.	२०	२०८०/०२/२४	११:१५	६:१०
२०.	२१	२०८०/०२/२५	११:१०	६:३०
२१.	२२	२०८०/०२/२६	११:३० ३:१५	२:५० ६:३०
२२.	२३	२०८०/०२/२८	११:५०	३:२५
२३.	२४, २५	२०८०/०२/२९	१:१५ ५:५०	५:३० ६:४०
२४.	२६	२०८०/०२/३२	११:१०	६:००
२५.	२७	२०८०/०३/०१	११:१०	६:०५
२६.	२८	२०८०/०३/०३	११:२०	६:३०

सि.नं.	बैठक संख्या	मिति	शुरु समय	अन्त्य समय
२७.	२९	२०८०/०३/०४	११:२०	६:२०
२८.	३०	२०८०/०३/०५	११:०५ २:२५	१२:२० ८:०५
२९.	३१, ३२	२०८०/०३/०६	११:३० १२:१०	११:३५ ७:४५
३०.	३३	२०८०/०३/०८	११:१५ १:३०	१२:४५ ७:५५
३१.	३४	२०८०/०३/१०	१०:१०	६:२५
३२.	३५	२०८०/०३/११	११:१५	७:५०
३३.	३६	२०८०/०३/१२	११:१० १२:३०	११:३० ६:२०
३४.	३७	२०८०/०३/१३	११:१० ३:५५ ७:४०	२:२५ ७:२५ ७:४५
३५.	३८, ३९	२०८०/०३/१७	११:२५ १२:१०	११:३० ५:०५
३६.	४०	२०८०/०३/२०	४:००	४:१५
			सूचना प्रकाशित	
३७.		२०८०/०३/२२	सूचना प्रकाशित	
३८.		२०८०/०३/२४	सूचना प्रकाशित	
३९.	४१	२०८०/०३/२५	४:१५	५:२५
४०.	४२	२०८०/०३/२९	१:५५	३:३०
४१.	४३	२०८०/०३/३१	२:३५ ५:१५	४:३४ ९:२५
४२.	४४	२०८०/०४/१०	३:००	४:३५
४३.		२०८०/०४/१५	सूचना प्रकाशित	
४४.		२०८०/०४/१६	सूचना प्रकाशित	
४५.		२०८०/०४/२२	सूचना प्रकाशित	
			सूचना प्रकाशित	
४६.	४५	२०८०/०४/२३	४:१०	६:३५
४७.	४६	२०८०/०४/२४	१:१५	१:२५
४८.	४७	२०८०/०४/२६	१:१५	१:२५
४९.	४८	२०८०/०४/२९	२:५०	३:१५
५०.		२०८०/०५/०३	सूचना प्रकाशित	
५१.		२०८०/०५/०५	सूचना प्रकाशित	
५२.	४९	२०८०/०५/०६	४:००	६:४०

सि.नं.	बैठक संख्या	मिति	शुरु समय	अन्त्य समय
५३.	५०	२०८०/०५/०७	१:३०	४:४५
५४.	५१	२०८०/०५/१२	११:०५	४:१५
५५.	५२	२०८०/०५/१८	११:१०	३:३५
५६.	५३	२०८०/०५/२१	१:१५	४:५०
५७.		२०८०/०५/२७	सूचना प्रकाशित	
५८.	५४	२०८०/०५/२८	४:०५	४:१०
५९.	५५	२०८०/०५/२९	१:१५	१:३५
६०.	५६	२०८०/०६/१४	१:५०	२:४५
६१.	५७	२०८०/०६/१६	१:१०	५:३०

सि.नं.	बैठक संख्या	मिति	शुरु समय	अन्त्य समय
६२.	५८	२०८०/०६/१८	१:०५	४:२०
६३.	५९	२०८०/०६/१९	११:०५	५:२०
६४.	६०	२०८०/०६/२१	१:०५	३:३०
६५.	६१	२०८०/०६/२२	३:४०	४:३५
६६.	६२	२०८०/०६/२५	१:१५	३:१०
६७.	६३	२०८०/०६/२६	२:०५	३:१०
६८.	६४	२०८०/०७/१२	१:४५	२:२०
६९.	६५	२०८०/०७/१६		

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २४ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठकको कारवाही अगाडि बढाउन लाग्नुहुँदा मा० श्री प्रेम सुवाल, मा० डा० अमरेश कुमार सिंह र ने.क.पा. (एमाले) का केही मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर आकस्मिक समयको माग गर्नुभएपछि सम्माननीय सभामुखले अधिवेशन आह्वान भएपछिको पहिलो बैठकमा केहि प्रक्रिया पुरा गर्न बाँकी रहेकोले आ-आफ्नो आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदा मा० श्री प्रेम सुवाल र मा० डा० अमरेश कुमार सिंहले आफ्नो आशन अगाडि उभिएर बोल्न पाउनु पर्छ भनी पटकपटक भन्नुभएपछि सम्माननीय सभामुखले केहि प्रक्रिया पुरा गरेपछि मा० सदस्यहरुलाई समय उपलब्ध गराइने जानकारी गराउनुहुँदा उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सभाको अधिवेशनमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरुलाई स्वागत गर्नु हुँदै सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल वैशाख २४ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।
>
> (रामचन्द्र पौडेल)
> राष्ट्रपति

मिति :- २०८० वैशाख २०

त्यसपछि सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो ।

तत्पश्चात माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा नक्कली भुटानी शरणार्थी प्रकरण, वाइड बडी काण्ड, यती काण्ड साथै अन्य भ्रष्टाचारका घटनाहरुमा पूर्व प्रधानमन्त्री, पूर्व मन्त्री र शिर्ष नेताहरुका नाम नै तोकेर विभिन्न सञ्चार माध्यम तथा पत्रपत्रिकामा समाचार आएको विषयमा उच्चस्तरीय आयोग गठन गरी छानवीन हुनु पर्ने, प्रधानमन्त्रीको खिसिट्युरी गर्नुको सट्टा भ्रष्टचारीलाई कानूनी दायरामा ल्याउन सहयोग गर्नुपर्ने, नागरिकता विधेयक पुनः संसदमा दर्ता गरिनु पर्ने, नेपाली नागरिक नागरिकता त्यागी लाखौँ खर्च गरेर विदेश जान वाध्य भएका तथा नागरिकता विहिन जनताहरुको बारेमा पनि सरकारले ध्यान दिनुपर्ने, सबै पक्ष मिलेर नागरिकता विधेयक तुरुन्त प्रमाणीकरण गर्नु पर्ने, सम्पूर्ण सांसदको सम्पत्ति विवरण जनताले देखिने गरी वेभसाइट मार्फत प्रकाशित गर्नुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१) मा० श्री प्रेम सुवाल
२) मा० डा० अमरेश कुमार सिंह
३) मा० श्री पदम गिरी
४) मा० श्री महेश कुमार वर्तौला
५) मा० श्री सूर्य बहादुर थापा क्षेत्री
६) मा० श्री माधव सापकोटा
७) मा० श्री रामहरि खतिवडा
८) मा० श्री रघुजी पन्त
९) मा० श्री अनिता देवी
१०) मा० डा० सुनिल कुमार शर्मा
११) मा० श्री सरिता प्रसाई
१२) मा० श्री रन्जु कुमार झा
१३) मा० डा० आरजु राणा
१४) मा० श्री हरि ढकाल
१५) मा० श्री मेटमणि चौधरी
१६) मा० श्री दिपक बहादुर सिंह
१७) मा० श्री प्रदिप यादव

यसैबिच माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले बोलिसकेपछि माननीय श्री ज्ञान बहादुर शाहीले नियमापत्ति गर्नु हुँदै नक्कली भुटानी शरणार्थी भएका व्यक्तिलाई कारवाही गर्ने विषय स्विकार्य हुँदैन तर नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी भई देश छोड्न वाध्य पार्ने भ्रष्टचारीलाई कारवाही हुनु पर्दछ भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बैठकको अन्य कारवाही अगाडि बढाउन खोज्नुहुँदा नेपाली काँग्रेस, ने.क.पा. (एमाले), ने.क.पा. (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल, ने.क.पा. (एकीकृत समाजवादी) लगायतका पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भई बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले केही मा० सदस्यहरुले बोली सक्नुभएको छ, मा० सदस्यहरु एक

अर्काका भनाईप्रति वादविवादमा नजाऔं र कार्यसूचीको कार्यक्रम अगाडि बढाउन आ-आफ्नो आशन ग्रहण गरी सहयोग गर्नुहुन बारम्बार आग्रह गर्नुभएपछि मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले जनता समाजवादी पार्टी, नेपालबाट प्रतिनिधि सभाको उपनिर्वाचन मार्फत् बारा क्षेत्र नं. २ बाट निर्वाचित भई आउनु भएका प्रतिनिधि सभा सदस्य मा० श्री उपेन्द्र यादवलाई सभा एवं व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/२० गते देहाय बमोजिम मन्त्री नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री धनराज गुरुङ	मन्त्री	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ।
२.	श्री मोहन बहादुर बस्नेत	मन्त्री	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
३.	श्री डिगबहादुर लिम्बु	मन्त्री	युवा तथा खेलकुद मन्त्रालय ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०८०/०१/२१

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री ईश्वरी देवी न्यौपाने
(२) मा० श्री कृष्ण गोपाल श्रेष्ठ
(३) मा० श्री चन्दा कार्की भण्डारी
(४) मा० श्री प्रतिक्षा तिवारी
(५) मा० श्री बिमला सुवेदी
(६) मा० श्री बुद्धिमान तामाङ्ग
(७) मा० श्री रामकृष्ण यादव

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" पेश गर्नुभयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले "आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धी पुस्तिका उपस्थिति कक्षबाट उपलब्ध हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको लागि यही २०८० साल वैशाख २५, २६ र २७ गते हुने गरी तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन सम्बन्धित संसदीय दलका पदाधिकारीहरुले आ-आफना दलका वक्ता मा० सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको क्रममा माननीय सदस्यहरुबाट उठाइएका विषयहरुको टिपोटको लागि अर्थ मन्त्रालयका साथै सचिवालयलाई समेत निर्देश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को व्यवस्था बमोजिम मिति २०८०/०१/१९ गते प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरी निलम्बन हुनु भएको सूचनापत्र-४ प्रकाशन गरिएको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल वैशाख २५ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ५:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम अगाडि बढाउनु हुँदा माननीय श्री प्रेम सुवाल र माननीय डा० अमरेश कुमार सिंहले आकस्मिक समयको माग गर्नुहुँदै आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले आज आकस्मिक र विशेष समय उपलव्ध नहुने तर शून्य समयमा बोल्नको लागि व्यवस्था गरिएकोले सोही बमोजिम बैठकका कारवाही अगाडी बढाउन सहयोग गर्नुहुन आग्रह गर्नुभयो । उहाँहरु समय माग गरी आशन अगाडी उभिई रहनु भएकोले सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आफ्नो आशन ग्रहण गरी सहयोग गर्न पटक पटक आग्रह गर्नुहुँदा पनि माननीय श्री प्रेम सुवालले आकस्मिक समय पाउनु पर्ने भन्नुभयो र माननीय डा० अमरेश कुमार सिंहले आकस्मिक समयमा बोल्न नपाएको भन्नुहुँदै आफुले लगाएको कमिज र गन्जी खोलेपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० र २१ प्रति माननीय सदस्यको ध्यानाकर्षण गराउनु हुँदै बैठकमा मर्यादा कायम राख्न आग्रह गर्नुभयो । माननीय डा० अमरेश कुमार सिंहले कमिज र गन्जी खोलेपछि नेपाली काँग्रेस, ने.क.पा.(एमाले), ने.क.पा. (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भई माननीय सदस्यले संसदको मर्यादा विपरित कार्य गर्नुभएकोले सम्माननीय सभामुखबाट रुलिङ्ग होस् भनी होहल्ला गर्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३० बमोजिम माननीय डा० अमरेश कुमार सिंहलाई आफ्नो व्यवहार नियन्त्रण गर्न चेतावनी दिनुभएपछि माननीय सदस्यले आफ्नो कमिज लगाएर आशन ग्रहण गर्नुका साथै अन्य माननीय सदस्यहरुले समेत आशन ग्रहण गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिता देवी
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अशोक कुमार चौधरी
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री असिम शाह
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री ईश्वरी देवी न्यौपाने
१३. मा० श्री उर्मिला थेबे
१४. मा० श्री ऐन बहादुर शाही ठकुरी
१५. मा० श्री ऋषिकेश पोखरेल
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री गणेश पराजुली
१८. मा० श्री गंगा कार्की
१९. मा० श्री चन्दा कार्की (भण्डारी)
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२२. मा० श्री ज्वाला कुमारी साह

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८०/०१/२३ को सिफारिसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्हाल्दै आउनु भएका माननीय मन्त्री श्री महिन्द्र राय यादवलाई प्रधानमन्त्रीज्यूले सम्हाल्दै आउनु भएको खानेपानी मन्त्रालयको कार्यभार सम्हाल्ने गरी हेरफेर गर्नु भएको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्री पदमा माननीय श्री सुरेन्द्र राज आचार्यलाई नियुक्त गरी कार्यविभाजन गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०८०/०१/२४

तदुपरान्त प्रारम्भ भएको आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री धवल शम्मशेर जवरा
६. मा० श्री प्रदिप यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अब्दुल खाँन
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री बद्रीप्रसाद पाण्डे

यसैक्रममा माननीय श्री बद्रीप्रसाद पाण्डेले बोलि सक्नु भएपछि माननीय श्री सुमना श्रेष्ठ, माननीय श्री सूर्य बहादुर थापा क्षेत्री र माननीय श्री रघुजी पन्त आ-आफ्नो आशन अगाडी उभिएर नियमापत्ति गर्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्तलाई समय दिनुहुँदा उहाँले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ६ को उपनियम (५) को व्यवस्था बमोजिम माननीय अर्थमन्त्री अनिवार्य उपस्थित हुनु पर्ने भन्नु भएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटपछि बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेटपछि बस्ने गरी दिनको २:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटपछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:२० बजे प्रारम्भ भयो ।

त्यसपछि जारी रहेको आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

१२. मा० श्री रघुजी पन्त
१३. मा० श्री लेखनाथ दाहाल
१४. मा० श्री स्वर्णिम वाग्ले
१५. मा० श्री ध्रुव बहादुर प्रधान
१६. मा० श्री विरेन्द्र प्रसाद महतो
१७. मा० श्री शेर बहादुर कुँवर
१८. मा० श्री उदय शम्शेर ज.ब.रा.
१९. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
२०. मा० श्री रणेन्द्र बराली
२१. मा० श्री शिशिर खनाल
२२. मा० श्री रोसन कार्की
२३. मा० श्री राजेन्द्र कुमार के.सी.
२४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२५. मा० श्री उर्मिला माझी
२६. मा० श्री सुमना श्रेष्ठ
२७. मा० श्री प्रदिप पौडेल
२८. मा० श्री भगवती चौधरी
२९. मा० श्री हित बहादुर तामाङ्ग
३०. मा० डा० आरजु राणा
३१. मा० श्री सुनीता बराल
३२. मा० श्री संजय कुमार गौतम
३३. मा० श्री विजुला रायमाझी
३४. मा० श्री रामकृष्ण यादव
३५. मा० श्री ऋषिकेश पोखरेल
३६. मा० श्री राजु थापा
३७. मा० श्री महेश बस्नेत

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु हुँदै आजको छलफलको लागि प्राप्त वक्ता माननीय सदस्यहरुको बाँकी नाम भोलीको बैठकको प्रारम्भमै रहने गरी मिलाईएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल वैशाख २६ गते बिहान ११:०० बजे बस्नेगरी बैठक साँझ ५:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २६ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोर प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० श्री तेजु लाल चौधरी
५. मा० डा० तोसीमा कार्की
६. मा० श्री दामोदर पौडेल वैरागी
७. मा० श्री दामोदर भण्डारी
८. मा० श्री दिपक खड्का
९. मा० श्री दिपा शर्मा
१०. मा० श्री दिलेन्द्र प्रसाद बडू
११. मा० श्री दुर्गा राई
१२. मा० श्री देव प्रसाद तिमलसेना
१३. मा० श्री देवेन्द्र पौडेल
१४. मा० श्री धवल शम्मशेर जवरा
१५. मा० श्री ध्रुव बहादुर प्रधान
१६. मा० श्री नागिना यादव
१७. मा० श्री नारायण प्रसाद आचार्य
१८. मा० श्री नारायणी शर्मा
१९. मा० श्री निर्मला कोईराला
२०. मा० श्री निशा डागी
२१. मा० श्री प्रतिमा गौतम
२२. मा० श्री प्रतिक्षा तिवारी
२३. मा० श्री प्रदिप पौडेल
२४. मा० श्री प्रदिप यादव
२५. मा० श्री प्रभु हजरा दुसाध
२६. मा० श्री प्रेम बहादुर महर्जन
२७. मा० श्री प्रेम सुवाल
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
३०. मा० श्री बासुदेव घिमिरे
३१. मा० श्री बिनिता कठायत
३२. मा० श्री दिपक गिरी

त्यसपछि आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री राजेन्द्र बजगाई
२. मा० श्री बासुदेव घिमिरे
३. मा० श्री प्रेम बहादुर महर्जन
४. मा० श्री सूर्य प्रसाद ढकाल
५. मा० श्री सम्झना थपलिया
६. मा० श्री हर्कमाया वि.क.
७. मा० श्री प्रभु साह
८. मा० श्री विश्व प्रकाश शर्मा

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा जवाफ दिनको लागि माननीय अर्थ मन्त्री राष्ट्रिय सभाको बैठकमा जानु पर्ने भएको जानकारी गाराउनु हुँदै बैठक आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आधा घण्टा पछि बस्ने गरी दिनको १२:४० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आधा घण्टापछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३५ बजे प्रारम्भ भयो ।

त्यसपछि जारी रहेको आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो ।

९. मा० श्री गोकर्ण विष्ट
१०. मा० श्री महेन्द्र बहादुर शाही
११. मा० श्री विराजभक्त श्रेष्ठ
१२. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
१३. मा० श्री उपेन्द्र यादव
१४. मा० श्री अम्मरबहादुर थापा
१५. मा० डा० चन्द्रकान्त राउत
१६. मा० श्री योगेश कुमार भट्टराई

१७. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१८. मा० श्री अरुण कुमार चौधरी
१९. मा० श्री विनोद कुमार चौधरी
२०. मा० श्री माधव सापकोटा
२१. मा० डा० तोसीमा कार्की
२२. मा० श्री रामनाथ अधिकारी
२३. मा० श्री भीम प्रसाद आचार्य
२४. मा० श्री नारायणी शर्मा
२५. मा० श्री सोबिता गौतम
२६. मा० श्री दिपक खड्का
२७. मा० श्री लिला नाथ श्रेष्ठ
२८. मा० श्री राम कुमार राई
२९. मा० डा० चन्दा कार्की (भण्डारी)
३०. मा० श्री हृदयराम थानी
३१. मा० श्री इश्वर बहादुर रिजाल
३२. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३३. मा० श्री हरि ढकाल
३४. मा० श्री कान्तीका सेजुवाल
३५. मा० श्री ठाकुर प्रसाद गैरे
३६. मा० श्री दुर्गा राई
३७. मा० श्री नागिना यादव
३८. मा० श्री अच्युत प्रसाद मैनाली
३९. मा० श्री गंगा कार्की
४०. मा० श्री दिनेश कुमार यादव
४१. मा० श्री जुली कुमारी महतो (महासेठ)
४२. मा० श्री रमा कोईराला पौड्याल
४३. मा० श्री बलराम अधिकारी
४४. मा० श्री शुसिला थिङ
४५. मा० श्री विद्या भट्टराई
४६. मा० श्री सरस्वती बजिमय
४७. मा० श्री दामोदर भण्डारी
४८. मा० श्री मैना कार्की
४९. मा० श्री प्रतिक्षा तिवारी
५०. मा० श्री मुक्ता कुमारी यादव
५१. मा० श्री सरिता भुसाल
५२. मा० श्री जिवन परियार
५३. मा० श्री अमृतलाल राजवंशी
५४. मा० श्री मन बहादुर गुरुङ्ग

तत्पश्चात सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल वैशाख २७ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी बैठक साँझ ७:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २७ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर समयको माग गर्नुभएपछि सम्माननीय सभामुखले पूर्व बजेट छलफल चलिरहेकोले आकस्मिक र विशेष समय उपलव्ध नगराइएको तर शून्य समयमा बोल्नको लागि व्यवस्था गरिएको जानकारी गराउनु हुँदै बैठकको नियमित कारवाही अगाडी बढाउन सहयोग गर्नुहुन पटक पटक आग्रह गर्नुहुँदा पनि उहाँहरुले समय उपलब्ध नभएसम्म नबस्ने भनी सम्माननीय सभामुखलाई समय दिनुहुन माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम अगाडि बढाउँदै माननीय श्री विमला सुवेदीलाई बोल्नको लागि समय दिनुहुँदा राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आउनु भई नारा लागाउनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गरी बैठकको कारवाही अगाडि बढाउन सहयोग गर्नुहुन पटकपटक आग्रह गर्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर वैठक १५ मिनेट पछि बस्ने गरी दिनको ११:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेट पछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

तदुपरान्त सम्माननीय सभामुखले माननीय श्री राजेन्द्र प्रसाद लिङ्देनलाई समय दिनुहुँदा उहाँले नक्कली भुटानी शरणार्थीका सम्बन्धमा प्रहरीले गरिरहेको छानविनको प्रगतिबारे सदनलाई जानकारी गराउनु पर्ने माग गर्दै यस विषयमा सरकारलाई सम्माननीय सभामुखबाट रुलिङ्ग हुन समेत माग गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय श्री सुशिला श्रेष्ठलाई घटना विशेषको जानकारी दिन समय दिनुहुँदा उहाँले कोशी प्रदेश नामाकरण सम्बन्धमा भइरहेको आन्दोलनको क्रममा २०८० बैशाख २६ गते झापाको दमकमा भएको शान्तीपूर्ण राँके जुलुस प्रदर्शनमा प्रहरीको अवरोध हुँदा आन्दोलनकारी र प्रहरीसमेत घाइते भएकोले उक्त शान्तीपूर्ण आन्दोलनलाई दमन नगरी वार्ताबाट समाधान खोजियोस् भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुले उठाउनु भएका विषयतर्फ सरकारको गम्भीर ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री विमला सुवेदी
२. मा० श्री बुद्धिमान तामाङ्ग
३. मा० श्री भगवती चौधरी
४. मा० श्री भिम प्रसाद आचार्य
५. मा० श्री मन बहादुर गुरुङ्ग
६. मा० श्री महेन्द्र बहादुर शाही
७. मा० श्री महेश कुमार वर्तौला
८. मा० श्री महेश बस्नेत
९. मा० श्री माधव सापकोटा
१०. मा० श्री मानवीर राई
११. मा० श्री मेटमणी चौधरी
१२. मा० श्री मेनुका कुमारी पोखेल
१३. मा० श्री मैना कार्की
१४. मा० श्री मंगल प्रसाद गुप्ता
१५. मा० श्री मन्जु शर्मा अन्सारी
१६. मा० श्री रघुजी पन्त
१७. मा० श्री रण कुमारी बलम्पाकी मगर
१८. मा० श्री रणेन्द्र बराली
१९. मा० श्री रन्जु कुमारी झा
२०. मा० श्री रमा कोईराला पौड्याल
२१. मा० श्री राजु थापा
२२. मा० श्री राजेन्द्र कुमार के.सी.
२३. मा० श्री राजेन्द्र बजगाई
२४. मा० श्री राम कुमार राई
२५. मा० श्री रामकृष्ण यादव
२६. मा० श्री रामनाथ अधिकारी

२७. मा० श्री राम शंकर यादव
२८. मा० श्री रामहरि खतिवडा
२९. मा० श्री रुक्मणी राना बराइली
३०. मा० श्री रुपा सो.शी. चौधरी
३१. मा० श्री रेखा यादव
३२. मा० श्री रोसन कार्की
३३. मा० श्री लिला नाथ श्रेष्ठ
३४. मा० श्री लेखनाथ दाहाल

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम राज्य व्यवस्था तथा सुशासन समितिमा माननीय श्री उपेन्द्र यादवको नाम मनोनयन गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सर्वसम्मतीले सहमति जनायो ।

त्यसपछि आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि जारी रहेको छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री पृथ्वी सुब्बा गुरुङ्ग
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री डोल प्रसाद अर्याल
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री रेखा यादव
७. मा० श्री कृष्ण कुमार श्रेष्ठ
८. मा० श्री अनिता देवी
९. मा० श्री लालविर चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० डा० शशांक कोईराला
१३. मा० श्री छविलाल विश्वकर्मा
१४. मा० श्री रुपा सो.सी. चौधरी
१५. मा० श्री सन्तोष परियार
१६. मा० श्री दिपक बहादुर सिंह
१७. मा० श्री रन्जु कुमारी झा
१८. मा० श्री अर्जुन नरसिंह के.सीं
१९. मा० श्री रघुवीर महासेठ
२०. मा० श्री विमला सुवेदी
२१. मा० श्री दिपक गिरी
२२. मा० श्री ज्वाला कुमारी साह
२३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० श्री दिलेन्द्र प्रसाद बडू
२५. मा० श्री दामोदर वैरागी पौडेल
२६. मा० श्री ईश्वरी देवी न्यौपाने
२७. मा० श्री राजेन्द्र कुमार राई
२८. मा० श्री शंकर भण्डारी
२९. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३०. मा० श्री श्याम कुमार घिमिरे
३१. मा० श्री हेमराज राई
३२. मा० श्री सरिता प्रसाई
३३. मा० श्री शोभा ज्ञवाली
३४. मा० डा० सुनिल कुमार शर्मा
३५. मा० श्री सराज अहमद फारुकी
३६. मा० श्री रामहरि खतिवडा
३७. मा० श्री नारायण प्रसाद आचार्य
३८. मा० श्री देवप्रसाद तिमलसेना
३९. मा० श्री अम्मर बहादुर रायमाझी
४०. मा० श्री ईश्वरी घर्ती
४१. मा० श्री महेश कुमार वर्तौला

यसैबीच मा० श्री गणेश पराजुलीले नियमापत्ति गर्नुहुँदै मा० श्री ईश्वरी देवी न्यौपानेले छलफलमा बोल्नेक्रममा विदेशी सांसद भनेको कुरा सभाको रेकर्डबाट हटाउन माग गर्नुभएपछि मा० श्री ईश्वरी देवी न्यौपानेले आफूले बोलेको कुरा लिखित रुपमा रहेको र विदेशी नभनेर विदुषी सांसद भनेको जानकारी गराउनु भयो ।

तत्पश्चात माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि सदनमा भएको छलफलमा उठेका बुँदाहरु समेटी सचिवालयले तयार गर्ने प्रतिवेदन मन्त्रिपरिषद्, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाइने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ९५ को उपनियम (१) बमोजिम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" लाई अस्वीकार गर्ने सूचना प्राप्त नभएकोले माननीय कानून, न्याय संसदीय मामिला मन्त्रीको तर्फबाट माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक साँझ ६:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा सदनमा पटक पटक कुरा राख्दा पनि सरकारको ध्यानाकर्षण नभएकोले माननीय सांसद संजय कुमार गौतम १५ सुत्रिय माग राखेर गत ३ दिनदेखि जव्दी पुलमुनी आमरण अनशन बस्नु भएको, नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा सरकारले सदनमा जानकारी गराउनु पर्ने र उक्त प्रकरणमा सन्दिग्ध व्यक्तिहरुले भाग्ने मौका पाउन नहुने, त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय र रत्नराज्य क्याम्पसको लापरवाहीले गर्दा ५०० जना परिक्षार्थीको नतिजामा अनुपस्थित देखिएकोले सत्य तथ्य छानविन गरी दोषीलाई कारवाही गर्नु पर्ने, दैलेख जिल्ला आठविस नगरपालिकाको मुल्यबाडा सामुदायिक बनमा भएको आगलागीबाट मृत्यु भएको परिवारलाई राहत प्रदान गर्नुपर्ने साथै घाइतेहरुको निःशुल्क उपचार हुनु पर्ने, सिराहा जिल्लाको सुखिपुर नगरपालिकामा आगलागीमा परि एक घर जलेर नष्ट भएकोले पिडितलाई क्षतिपूर्ति दिनु पर्ने, विद्युतिय गाडी आयात गर्दा लाग्ने कर र उपभोक्ताले पाउने सहुलियत सम्बन्धमा स्पष्ट गरिनु पर्ने, नेपालको विद्यार्थी बुद्धिजिविहरु दक्ष भएर विदेश जानेक्रम रोक्न र उनीहरुको दक्षता नेपालमै प्रयोग गराउन शिक्षा क्षेत्रको बजेटबाट १ अरब बजेट छुट्याउनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री दिपक गिरी
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री माधव सापकोटा
४. मा० श्री दिक्पाल कुमार शाही
५. मा० श्री मनिष झा
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
८. मा० श्री अम्मर बहादुर थापा
९. मा० श्री दिपक बहादुर सिंह

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विर बहादुर बलायर
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० डा० शुनिल कुमार शर्मा
११. मा० श्री शोभा ज्ञावली
१२. मा० श्री सन्तोष चालिसे
१३. मा० श्री सन्तोष परियार
१४. मा० श्री सम्झना थपलिया
१५. मा० श्री सरस्वती वजिमय
१६. मा० श्री सरस्वती सुब्बा
१७. मा० श्री सराज अहमद फारुकी
१८. मा० श्री सरिता भुसाल
१९. मा० श्री सान्ती चौधरी
२०. मा० श्री सिता मिजार
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री सुमना श्रेष्ठ
२३. मा० श्री सुशीला श्रेष्ठ
२४. मा० श्री स्वर्णिम वाग्ले
२५. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२६. मा० श्री सूर्य प्रसाद ढकाल
२७. मा० श्री सोनु मुर्मु
२८. मा० श्री सोबिता गौतम
२९. मा० श्री हर्कमाया विश्वकर्मा
३०. मा० श्री हरि ढकाल
३१. मा० श्री हितराज पाण्डे
३२. मा० श्री हेमराज राई
३३. मा० श्री सिता कुमारी राना
३४. मा० श्री हृदयराम थानी
३५. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३६. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० डा० आरजु राणा
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री नवल किसोर साह सुडी

७. मा० श्री शेर बहादुर कुँवर
८. मा० श्री अब्दुल खान
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० श्री राम प्रकाश चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० डा० अमरेश कुमार सिंह
१३. मा० श्री योगेन्द्र मण्डल
१४. मा० श्री श्याम कुमार घिमिरे
१५. मा० श्री लिला नाथ श्रेष्ठ
१६. मा० श्री राजेन्द्र कुमार के.सी.
१७. मा० श्री ज्वाला कुमारी साह
१८. मा० श्री प्रतिमा गौतम
१९. मा० श्री राजेन्द्र बजगाई
२०. मा० श्री चित्र बहादुर के.सी.

तदुपरान्त माननीय श्री देवेन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने निम्न लिखित माननीय सदस्यहरुको नामावली सहितको प्रस्तावको माननीय श्री ईश्वरी देवी न्यौपाने र माननीय श्री योगेश कुमार भट्टराईले समर्थन गर्नुभयो ।

१. मा० श्री अनिता देवी
२. मा० श्री जीवन परियार
३. मा० श्री ध्रुव बहादुर प्रधान
४. मा० श्री नागिना यादव
५. मा० श्री पूर्णबहादुर घर्ती
६. मा० श्री महेश कुमार वर्तौला
७. मा० श्री मेटमणी चौधरी
८. मा० श्री रन्जु कुमारी झा
९. मा० श्री रमेश लेखक
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री लिलानाथ श्रेष्ठ
१२. मा० श्री विद्या भट्टराई
१३. मा० श्री सरिता प्रसाई
१४. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१५. मा० श्री सोबिता गौतम
१६. मा० श्री हितराज पाण्डे

त्यसपछि सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिल स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भयो ।

तदुपरान्त सम्माननीय सभामुखले गजेन्द्र बुढाथोकी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी केशव प्रसाद दुलाल समेत भएको ठगी तथा संगठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धानको क्रममा माननीय टोप बहादुर रायमाझीलाई मिति २०८०/१/३१ गते राती अन्दाजी ८:२५ बजेको समयमा जिल्ला काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नं. ४ बाट पक्राउ गरि जिल्ला प्रहरी परिसर, टेकुको हिरासतमा राखिएको व्यहोरा नेपालको संविधानको धारा १०३ को उपधारा (६) बमोजिम जिल्ला प्रहरी परिसर, टेकुको च.नं. १२२७३ मिति २०८०/२/१ को पत्रबाट सूचना प्राप्त भएको हुँदा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम २०८० जेठ ४ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्य पुरुषोत्तम बस्नेतको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुग गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित सदस्य, सामाजिक एवं साहित्य क्षेत्रमा सक्रिय रही ठूलो योगदान पुऱ्याउनु भएका शालिन, सरल र बौद्धिक व्यक्तिको रुपमा परिचित पुरुषोत्तम बस्नेतको ७८ वर्षको उमेरमा मिति २०८० साल वैशाख २९ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत पुरुषोत्तम बस्नेतको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ४ गते बिहिबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ४ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र जनमत पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम रहेकोले आ-आफ्नो आशन ग्रहण गरी नियमित कार्यमा सहयोग गर्न आग्रह गर्नुभएपछि उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि माननीय श्री रमेश लेखकले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २५२ बमोजिम नियम ५६ को उपनियम (५) मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर गर्दा एक दिनको बैठकमा बढीमा पन्ध्र जना सदस्यले मात्र प्रश्न सोध्न सक्ने व्यवस्था आजको बैठकको लागि मात्र लागू नहुने गरी प्रस्तुत गर्नु भएको नियम निलम्वन सम्बन्धी प्रस्तावको माननीय श्री महेश कुमार बर्तौला र माननीय श्री सन्तोष परियारले समर्थन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले उक्त नियम निलम्वन सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी निर्धारित कार्यक्रमको लागि सोही नियमावलीको नियम ५६ को उपनियम (१) बमोजिम बैठकको पहिलो एक घण्टाको समय निर्धारण गरेको र नियमावलीको नियम ५८ बमोजिम सम्माननीय प्रधानमन्त्रीसँग प्रश्न गर्न माननीय सदस्यहरुबाट प्रश्न प्राप्त भैसकेको जानकारी गराउँदै प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा स्पष्टिकरण सोध्ने व्यवस्था नरहेको समेत जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले जवाफ दिनुभयो ।

१. मा० श्री ईश्वरी देवी न्यौपाने
२. मा० श्री पदम गिरी
३. मा० श्री पूर्णबहादुर घर्ती
४. मा० श्री शिशिर खनाल
५. मा० श्री ज्ञानबहादुर शाही
६. मा० श्री दिपक कार्की
७. मा० श्री मेटमणि चौधरीको तर्फबाट
   मा० श्री शेरबहादुर कुवँर
८. मा० श्री अनिता देवी
९. मा० श्री सर्वेन्द्रनाथ शुक्ल
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० श्री योगेन्द्र मण्डल
१६. मा० श्री दिपक गिरी
१७. मा० श्री रघुजी पन्त
१८. मा० श्री दिलेन्द्र प्रसाद बडू
१९. मा० श्री विद्या भट्टराई
२०. मा० श्री रामहरि खतिवडा

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको "नेपाल सरकारको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९" पेश गर्नुभयो ।

तदुपारन्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिशमा नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन १६:००

बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/२/३

(डिल्ली राम शर्मा)
सचिव

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८० साल जेठ ५ गते शुक्रबार अपरान्ह ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे भित्र आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नु भयो साथै उक्त दिन र समयमा माननीय सदस्यहरुको लागि निर्धारण गरिएको पोशाकमा उपस्थित भईदिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ५ गते शुक्रबार बेलुका ६:०० बजे बस्नेगरी बैठक दिनको २:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ६:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयले गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३७ को उपनियम (२) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको लागि निम्नलिखित धन्यवादको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतीले पारित भयो ।

<u>धन्यवादको प्रस्ताव</u>

"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८० जेठ ५ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति महोदयले गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम (१) बमोजिम यही २०८० साल जेठ ७, ८, ९, १० र ११ गतेका दिनहरु तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त सम्बोधनमाथि दलीय प्रतिनिधित्वको आधारमा छलफल गर्न सम्बन्धित दलका पदाधिकारीहरुले वक्ता माननीय सदस्यहरुको नाम बैठक प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन र संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले सोको सूचना २०८० साल जेठ ६ गते शनिबार बिहान ११:०० बजेदेखि दिनको २:०० बजेभित्र प्रतिनिधि सभा कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, सिंहदरबारमा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको २०८० जेठ १ गतेको बैठकबाट संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम सर्वसम्मतिबाट पारित भएको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने नामावली सहितको प्रस्तावमाथि राष्ट्रिय सभाको २०८० जेठ ५ गते बसेको बैठकले सोही नियमावलीको नियम ४२ को उपनियम (४) बमोजिम उक्त समितिमा राष्ट्रिय सभाका माननीय सदस्य श्री अनिता देवकोटा, माननीय सदस्य श्री गंगा कुमारी बेलबासे र माननीय सदस्य श्री भैरव सुन्दर श्रेष्ठको मनोनयन सहित सर्वसम्मत रुपमा स्वीकृत गरेको जानकारी सो सभाबाट प्राप्त भएको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ७ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ६:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ७ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अनिता देवी
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अम्मर बहादुर थापा
६. मा० श्री अम्मर बहादुर रायमाझी
७. मा० डा० अमरेश कुमार सिंह
८. मा० श्री अमृत लाल राजवंशी
९. मा० श्री अर्जुन नरसिंह के.सी.
१०. मा० श्री अशोक कुमार चौधरी
११. मा० श्री अस्मा कुमारी चौधरी
१२. मा० श्री असिम शाह
१३. मा० श्री ईश्वर बहादुर रिजाल
१४. मा० श्री ईश्वरी घर्ती
१५. मा० श्री उर्मिला थेबे
१६. मा० श्री ऋषिकेश पोखरेल
१७. मा० श्री एकनाथ ढकाल
१८. मा० श्री कालुराम राई
१९. मा० श्री किरण कुमार साह
२०. मा० श्री कुसुमदेवी थापा
२१. मा० श्री कृष्ण कुमार श्रेष्ठ
२२. मा० श्री गगन कुमार थापा
२३. मा० श्री गणेश पराजुली
२४. मा० श्री गिता बस्नेत
२५. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
२६. मा० श्री गोमा लाभ (सापकोटा)
२७. मा० डा० चन्दा कार्की (भण्डारी)
२८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२९. मा० श्री चित्र बहादुर के.सी.
३०. मा० श्री ज्वाला कुमारी साह
३१. मा० श्री जुली कुमारी महतो (महासेठ)

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले "सम्माननीय राष्ट्रपति महोदयले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभामा विपक्षी दलको नेता माननीय श्री के.पी. शर्मा ओलीले आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको विभिन्न बुँदाहरुमा २० वटा संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संशोधनकर्ता माननीय सदस्यहरुले आफ्नो संशोधन पेश गर्दै आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री चित्र बहादुर के.सी.
४. मा० श्री सोबिता गौतम
५. मा० श्री गंगाराम चौधरी
६. मा० श्री एकनाथ ढकाल
७. मा० श्री बासुदेव घिमिरेको तर्फबाट
   मा० श्री बलराम अधिकारी
८. मा० श्री नारायण प्रसाद आचार्य
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० डा० चन्दा कार्की (भण्डारी)
११. मा० श्री जुली कुमारी महतो (महासेठ)
१२. मा० श्री भगवती चौधरी

१३. मा० श्री ज्वाला कुमारी साह
१४. मा० श्री प्रेम सुवाल
१५. मा० श्री दयाल बहादुर शाही
१६. मा० श्री दामोदर पौडेल बैरागी
१७. मा० श्री महेश कुमार बर्तौला
१८. मा० श्री सूर्य प्रसाद ढकाल
१९. मा० श्री सुमना श्रेष्ठ
२०. मा० श्री सूर्यबहादुर थापा क्षेत्री

यसैबीच माननीय श्री दयाल बहादुर शाहीले बोल्ने क्रममा माननीय श्री ईश्वरी देवी न्यौपानेले नियमापत्ति गर्नुहुँदै माननीय सदस्यले बोल्ने क्रममा व्यक्तिगत आरोप लाग्ने गरी असंसदीय भाषा प्रयोग गर्नुभएकोले रेकर्डबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले सो विषय तर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो । त्यसपछि पनि नेपाली काँग्रेस र ने.क.पा. (माओवादी केन्द्र) का माननीय सदस्यहरु आ-आफ्नो आशनमा उभिइरहनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले बोल्ने क्रममा असंसदीय शव्द परेको भए हेरेर रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

ततपश्चात आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि र सो उपर प्राप्त संशोधनमाथिको छलफलमा दलीय आधारमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री बद्रीप्रसाद पाण्डे
२. मा० श्री ऋषिकेश पोखरेल
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री शिव नेपाली
५. मा० श्री ध्रुब बहादुर प्रधान
६. मा० श्री प्रदिप यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अब्दुल खान
९. मा० श्री दिपक खड्का
१०. मा० श्री महेश बस्नेत
११. मा० श्री महेन्द्र बहादुर शाही
१२. मा० श्री मनिष झा
१३. मा० श्री दिपक बहादुर सिंह
१४. मा० श्री रन्जु कुमारी झा
१५. मा० श्री अम्मर बहादुर थापा

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउँनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ८ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ७:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ८ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री तारा लामा तामाङ
३. मा० श्री तेजु लाल चौधरी
४. मा० डा० तोसीमा कार्की
५. मा० श्री दामोदर पौडेल वैरागी
६. मा० श्री दिपक खड्का
७. मा० श्री दामोदर भण्डारी
८. मा० श्री दिपक गिरी
९. मा० श्री दिपक बहादुर सिंह
१०. मा० श्री देव प्रसाद तिमलसेना
११. मा० श्री देवेन्द्र पौडेल
१२. मा० श्री नागिना यादव
१३. मा० श्री ठाकुर प्रसाद गैरे
१४. मा० श्री दिलेन्द्र प्रसाद बडू
१५. मा० श्री निर्मला कोईराला
१६. मा० श्री निशा डागी
१७. मा० श्री नैनकला थापा
१८. मा० श्री पुष्प बहादुर शाह
१९. मा० श्री पूर्ण बहादुर घर्ती मगर
२०. मा० श्री प्रकाश मान सिंह
२१. मा० श्री प्रतिक्षा तिवारी
२२. मा० श्री प्रदिप पौडेल
२३. मा० श्री प्रदिप यादव
२४. मा० श्री प्रभु साह
२५. मा० श्री प्रेम बहादुर महर्जन
२६. मा० श्री प्रेम सुवाल
२७. मा० श्री बद्री प्रसाद पाण्डे
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
३०. मा० श्री बासु देव घिमिरे
३१. मा० श्री विनिता कठायत

त्यसपछि सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री माधव कुमार नेपाल
२. मा० श्री जीवन परियार
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री देवेन्द्र पौडेल
५. मा० श्री गणेश पराजुली
६. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
७. मा० श्री राज किशोर यादव
८. मा० श्री अनिता देवी
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री लालविर चौधरी
११. मा० श्री प्रभु साह
१२. मा० डा० अमरेश कुमार सिंह
१३. मा० श्री योगेन्द्र मण्डल
१४. मा० श्री विर बहादुर वलायर
१५. मा० श्री भीम प्रसाद आचार्य
१६. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१७. मा० श्री डोल प्रसाद अर्याल
१८. मा० श्री विना लामा
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री रघुजी पन्त
२१. मा० श्री माधव सापकोटा
२२. मा० श्री अशोक कुमार चौधरी
२३. मा० श्री राम हरि खतिवडा
२४. मा० श्री ईश्वर बहादुर रिजाल
२५. मा० श्री नारायणी शर्मा
२६. मा० डा० नारायण खड्का
२७. मा० श्री ठाकुर प्रसाद गैरे
२८. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२९. मा० श्री उदय शंशेर जवरा
३०. मा० श्री विद्या भट्टराई

३१. मा० श्री तेजुलाल चौधरी
३२. मा० श्री राज कुमार गुप्ता
३३. मा० श्री राजेन्द्र कुमार के.सी.
३४. मा० श्री हरि प्रसाद उप्रेती
३५. मा० श्री कान्तिका सेजुवाल
३६. मा० श्री अमृत लाल राजवंशी
३७. मा० श्री राजु थापा
३८. मा० श्री विजुला रायमाझी
३९. मा० श्री मैना कार्की
४०. मा० श्री राम शंकर यादव
४१. मा० श्री डिल्ली राज पन्त
४२. मा० श्री मन बहादुर गुरुङ्ग
४३. मा० श्री राजेन्द्र बजगाई
४४. मा० श्री अम्मर बहादुर रायमाझी
४५. मा० श्री प्रतिमा गौतम
४६. मा० श्री कुसुम देवी थापा

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउँनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ९ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ६:५० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री बुद्धिमान तामाङ्ग
२. मा० श्री भगवती चौधरी
३. मा० श्री भानुभक्त जोशी
४. मा० श्री भीम प्रसाद आचार्य
५. मा० श्री मन बहादुर गरुङ्ग
६. मा० श्री मनिष झा
७. मा० श्री महेन्द्र कुमार राय
८. मा० श्री महेश कुमार वर्तौला
९. मा० श्री महेश बस्नेत
१०. मा० श्री माधव सापकोटा
११. मा० श्री मानबीर राई
१२. मा० श्री मुक्ता कुमारी यादव
१३. मा० श्री मेनका कुमारी पोखेल
१४. मा० श्री मैना कार्की
१५. मा० श्री मंगल प्रसाद गुप्ता
१६. मा० श्री मंजु शर्मा अन्सारी
१७. मा० श्री योगेन्द्र मण्डल
१८. मा० श्री योगेश कुमार भट्टराई
१९. मा० श्री रघुजी पन्त
२०. मा० श्री रण कुमारी बलम्पाकी मगर
२१. मा० श्री रन्जु कुमारी झा
२२. मा० श्री रमा कोईराला पौडयाल
२३. मा० श्री राजु थापा
२४. मा० श्री राजेन्द्र कुमार राई
२५. मा० श्री राजेन्द्र बजगाई
२६. मा० श्री राम कुमार राई
२७. मा० श्री राम कृष्ण यादव
२८. मा० श्री रामनाथ अधिकारी
२९. मा० श्री राम शंकर यादव
३०. मा० श्री रामहरि खतिवडा
३१. मा० श्री रुक्मणी राना बराईली
३२. मा० श्री रुपा सो.सी. (चौधरी)
३३. मा० श्री रेखा यादव
३४. मा० श्री रोसन कार्की
३५. मा० श्री लक्ष्मी तिवारी
३६. मा० श्री लिला देवी बोखिम (लिम्बु)
३७. मा० श्री लिला नाथ श्रेष्ठ
३८. मा० श्री लेख नाथ दाहाल
३९. मा० श्री रणेन्द्र बराली

त्यसपछि सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
३. मा० श्री हितराज पाण्डे
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० श्री धवलशम्शेर जंगबहादुर राणा
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० श्री दिपक गिरी
११. मा० श्री पृथ्वी सुव्वा गुरुङ्ग
१२. मा० श्री गंगा कार्की
१३. मा० श्री विराजभक्त श्रेष्ठ
१४. मा० श्री अनिशा नेपाली
१५. मा० श्री रेखा यादव
१६. मा० श्री शेर बहादुर कुँवर
१७. मा० श्री हृदयराम थानी
१८. मा० श्री लिलानाथ श्रेष्ठ
१९. मा० श्री रणेन्द्र बराली
२०. मा० श्री हरि ढकाल
२१. मा० डा० आरजु राणा
२२. मा० श्री अच्युत प्रसाद मैनाली

२३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२४. मा० श्री रामकृष्ण यादव
२५. मा० श्री मानबीर राई
२६. मा० श्री विमला सुवेदी
२७. मा० श्री रामनाथ अधिकारी
२८. मा० श्री हेमराज राई
२९. मा० श्री मीना तामाङ
३०. मा० श्री मुक्ता कुमारी यादव
३१. मा० श्री दामोदर भण्डारी
३२. मा० श्री उर्मिला माझी
३३. मा० श्री नागिना यादव
३४. मा० तारा लामा तामाङ
३५. मा० श्री सन्तोष चालिसे
३६. मा० डा० कालुराम राई
३७. मा० डा० सुनिल कुमार शर्मा
३८. मा० श्री सूर्य कुमारी श्रेष्ठ
३९. मा० श्री सिता मिजार
४०. मा० श्री निर्मला कोईराला
४१. मा० श्री सपना राजभण्डारी
४२. मा० श्री अमृता देवी अग्रहरी
४३. मा० श्री शान्ती श्रेष्ठ
४४. मा० श्री उर्मिला थेवे
४५. मा० श्री रण कुमारी बलम्पाकी मगर
४६. मा० श्री सम्झना थपलिया
४७. मा० श्री रुकमणि राना बराईली
४८. मा० श्री सरिता भुसाल
४९. मा० श्री बासु देव घिमिरे
५०. मा० श्री प्रेम बहादुर महर्जन
५१. मा० श्री प्रतिक्षा तिवारी

यसैबिच मा० डा० सुनिल कुमार शर्माले बोलिसकेपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख र उपसभामुख कुनैपनि दलसँग आवद्ध नरहने व्यहोरा जानकारी गराउँनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउँनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि संघीय संसदको संयुक्त बैठक मिति २०८० जेठ १० गते बुधबार दिनको ४:०० बजे प्रतिनिधि सभा बैठक कक्षमा बस्ने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १० गते बुधबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ५:५० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ११ र १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १० गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले समय उपलब्ध गराउनु हुँदा माननीय श्री रवि लामिछानेले नक्कली भुटानी शरणार्थीहरुको प्रकरणमा भएको भ्रष्टाचारमा आरोपितहरुको संसदीय विशेष समिति बनाएर छानविन गर्नुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले राख्नुभएको विषयप्रति ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विमलेन्द्र निधि
५. मा० श्री विर बहादुर बलायर
६. मा० श्री विराज भक्त श्रेष्ठ
७. मा० श्री श्याम कुमार घिमिरे
८. मा० श्री शान्ती वि.क.
९. मा० श्री सान्ती श्रेष्ठ
१०. मा० श्री शिव नेपाली
११. मा० श्री शिशिर खनाल
१२. मा० डा० शुनिल कुमार शर्मा
१३. मा० श्री शेर बहादुर कुँवर
१४. मा० श्री शोभा ज्ञवाली
१५. मा० श्री सन्तोष परियार
१६. मा० श्री सम्झना थपलिया
१७. मा० श्री सरस्वती सुब्बा
१८. मा० श्री सराज अहमद फारुकी
१९. मा० श्री सरिता भुसाल
२०. मा० श्री स्वर्णिम वाग्ले
२१. मा० श्री सान्ती चौधरी
२२. मा० श्री सिता कुमारी राना
२३. मा० श्री सिता मिजार
२४. मा० श्री सुनिता बराल
२५. मा० श्री सुमना श्रेष्ठ
२६. मा० श्री सुशीला थिङ
२७. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२८. मा० श्री सूर्य प्रसाद ढकाल
२९. मा० श्री सोबिता गौतम
३०. मा० श्री संजय कुमार गौतम
३१. मा० श्री हर्कमाया विश्वकर्मा
३२. मा० श्री हरि ढकाल
३३. मा० श्री हरि प्रसाद उप्रेती
३४. मा० श्री हित बहादुर तामाङ
३५. मा० श्री हित राज पाण्डे
३६. मा० श्री हृदयराम थानी
३७. मा० श्री ज्ञान बहादुर शाही
३८. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

यसैक्रममा माननीय श्री सिता कुमारी रानाले बोलि सकेपछि माननीय श्री महेश कुमार वर्तौलाले सदनमा मन्त्रीको उपस्थिति नभएको भनी नियमापत्ति गर्नुभए लगत्तै माननीय मन्त्री बैठक कक्षमा उपस्थित हुनु भयो ।

ततपश्चात सम्माननीय सभामुखले माननीय श्री हरि ढकालले उठाउनु भएको विषयमा हिजोको बैठकमै सभामुख र उपसभामुख कुनैपनि दलसँग आवद्ध नभएको जानकारी गराइसकेको साथै यदि त्यस्तो रहेछ भने रेकर्ड सुनेर "उहाँको पार्टी कै" भन्ने शब्दलाई हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री गोकर्ण विष्ट
३. मा० श्री पूर्ण बहादुर घर्ती मगर
४. मा० श्री रवि लामिछाने

५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री उपेन्द्र यादव
७. मा० श्री प्रेम बहादुर आले
८. मा० श्री प्रकाश मान सिंह
९. मा० श्री रघुविर महाशेठ
१०. मा० डा० चन्द्रकान्त भण्डारी
११. मा० श्री राम कुमार राई
१२. मा० श्री वसन्त कुमार नेम्वाङ
१३. मा० श्री सूर्यमान तामाङ (दोङ)
१४. मा० श्री शंकर भण्डारी
१५. मा० श्री मंगल प्रसाद गुप्ता
१६. मा० श्री हित बहादुर तामाङ
१७. मा० श्री ईश्वरी देवी न्यौपाने
१८. मा० श्री सुनिता बराल
१९. मा० श्री लेख नाथ दाहाल
२०. मा० श्री मोहन आचार्य
२१. मा० श्री मेनका कुमारी पोखरेल

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आजै बस्ने प्रतिनिधि सभाको अर्को बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०२/०९ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री वीरेन्द्रप्रसाद महतो	मन्त्री	वन तथा वातावरण मन्त्रालय
२.	श्री प्रमिला कुमारी	राज्यमन्त्री	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/०२/१०

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै बेलुका ५:०० बजे बस्नेगरी बैठक दिनको ३:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ५:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री रुपा सो.सी. (चौधरी)
२. मा० श्री संजय कुमार गौतम
३. मा० श्री दिपा शर्मा
४. मा० श्री अजय कुमार चौरसिया
५. मा० श्री चन्द्र बहादुर वि.क.
६. मा० श्री सुशिला थिङ
७. मा० श्री प्रभु हजारा दुसाध
८. मा० श्री सिता कुमारी राना
९. मा० श्री किरण कुमार साह
१०. मा० श्री रुपा वि.क.
११. मा० श्री देवि प्रकाश भट्टचन
१२. मा० श्री पुष्पबहादुर शाह
१३. मा० श्री ईश्वरी घर्ती
१४. मा० श्री ऐन बहादुर शाही ठकुरी
१५. मा० श्री हर्कमाया वि.क.
१६. मा० श्री कल्पना चौधरी
१७. मा० श्री सरस्वती सुब्बा
१८. मा० श्री खम बहादुर गर्बुजा
१९. मा० श्री दिनेश कुमार यादव
२०. मा० श्री लिला देवी बोखिम (लिम्बु)
२१. मा० श्री देवप्रसाद तिमलसेना
२२. मा० श्री लाल प्रसाद साँवा लिम्बु

यसैबीच माननीय श्री अजय कुमार चौरसियाले बोल्ने क्रममा विदेशी नागरिकता त्यागेको निस्सा पेश नगरी नेपाली नागरिकता लिएको भन्नुभएपछि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु नियमापत्ति गर्दै आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री रवि लामिछानेलाई समय दिनुहुँदा उहाँले वक्ता माननीय सदस्यले मिडियामा आएका कुराको तथ्य नबुझीकन आफ्नो भनाई राख्न नहुने र अदालतमा विचाराधिन

विषयका सम्बन्धमा समेत सदनमा कुरा उठाउन नपाइने भन्नुभएपछि सम्माननीय सभामुखले वक्ता माननीय सदस्यलाई ध्यानाकर्षण गराउँदै छलफलमा भाग लिन अनुमति दिनुभयो ।

त्यसपछि माननीय श्री अजय कुमार चौरसियाले पुनः छलफलमा भाग लिने क्रममा नागरिकता मुद्दाका सम्बन्धमा कतिपय नागरिकहरु थुनामा बसेको तर नागरिकता त्यागीसकेकोलाई पुरानै नागरिकता नम्वर र जारी मिति दिएको विषयका सम्बन्धमा सुसुचित हुने आफ्नो अधिकार सुरक्षित रहेको भन्नुभएपछि पुनः राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर नियमापत्ति गर्नुभएपछि नेपाली काँग्रेसका माननीय सदस्यहरु पनि आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले वक्ता माननीय सदस्यले बोलेको विषयप्रति ध्यानाकर्षण गराइसकिएको भन्नुहुँदा पनि माननीय सदस्यहरुले आशन ग्रहण नगरेपछि सम्माननीय सभामुखले आदलतमा विचाराधिन विषय सदनमा नउठाउन हुन पुनः माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु भएपछि मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम जारी नै रहने व्यहोरा जानकारी गराउनु हुँदै सम्माननीय राष्ट्रपतिले गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि जेठ ११ गतेसम्मका दिनहरु तोकिएकोमा विशेष कारणवस जेठ ११ गतेको दिन प्रतिनिधि सभाको बैठक नवस्ने भएकोले उक्त छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम (१) बमोजिम २०८० साल जेठ १२ गतेको दिन समेत तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १२ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ७:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १२ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले समय उपलव्ध गराउनु हुँदा माननीय श्री पदम गिरीले जेठ १० गते सत्ता पक्षका एकजना माननीय सदस्यले प्रमुख प्रतिपक्षी दलका नेतालाई उल्लेख गर्दै उहाँको नेतृत्वको सरकारमा विभिन्न भ्रष्टाचारका काण्डहरु भएका, पशुपतिनाथको जलहरी लाउँदा सुन भनी पित्तल लगाएर भ्रष्टाचार गरेको भन्ने जस्ता गम्भिर आरोपहरु बिना आधार तथा प्रमाण लगाइएको सम्बन्धमा सरकारले यथार्थ जानकारी सदनलाई दिनुपर्ने र सदनमा सो विषयको सत्य तथ्यको जानकारी नदिएसम्म यो बैठकको कारवाही अगाडी बढ्न सक्दैन भन्नु भयो । सो समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिइ रहनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यले आफ्नो भनाई राख्नुभई सकेको छ, उक्त विषय संसदीय प्रकृया बमोजिम अध्ययन गरी टुङ्गिदै जानेछ । आजको बैठकको कार्यसूचीमा नीति तथा कार्यक्रममाथीको अन्तिम छलफल र प्रधानमन्त्रीको उत्तर दिने कार्यक्रम भएकोले आ-आफ्नो आशन ग्रहण गरी कार्यक्रम अगाडी बढाउन सहयोग गर्न हुन अनुरोध गर्नु हुँदा पनि उहाँहरु उभिई नै रहनु भएपछि र बोल्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री सुवासचन्द्र नेम्वाङलाई समय दिनु हुँदा उहाँले सदन चल्नु पर्छ भन्ने कुरामा प्रमुख प्रतिपक्ष पनि सहमत रहेको तर प्रमुख प्रतिपक्षी दलको नेतालाई पशुपतिनाथमा सुनको जलहरीको सट्टा पित्तलको लगाइएको भन्ने गम्भीर आरोप लगाएपछि उक्त आरोपको भारी बोकेर प्रमुख प्रतिपक्ष सदनको प्रकृयामा भाग लिन सक्दैन, त्यसैले यस विषयमा टुङ्गोमा पुगेर मात्रै सदनको कारवाही अगाडी बढाउनु पर्दछ भन्नु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयको सत्य तथ्य छानविन गर्नको लागि समेत निश्चित प्रकृया हुने जानकारी गराउँनु हुँदै आजको कार्यसूचिको कार्यक्रम अगाडी बढाउन सहयोग गर्न माननीय सदस्यहरुलाई पटक पटक अनुरोध गर्नु हुँदा पनि उहाँहरु उभिई नै रहनु भएपछि सम्माननीय सभामुखले माननीय श्री हितराज पाण्डेलाई बोल्न समय दिनु हुँदा उहाँले संसदलाई व्यवस्थित गर्नुपर्ने र माननीय सदस्यहरुले आफ्ना कुरा राख्न पाउनु पर्ने र छलफल हुनुपर्ने लगाएतका विषयमा आफ्नो भनाई राख्दै गर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आशन अगाडीको वेलमा आई विभिन्न नाराहरु लगाउन शुरु गर्नु भयो ।

सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहणको लागि पटक पटक अनुरोध गर्नुहुँदा पनि माननीय सदस्यहरुले वेलमा नारा लगाउन नछोड्नु भएपछि सम्माननीय सभामुखले बैठक २० मिनेटपछि बस्ने गरी स्थगित गर्नु भयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आजै २० मिनेटपछि बस्नेगरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको २० मिनेटपछि बस्ने गरी स्थगित भएको बैठक सूचनापत्र-४ प्रकाशित गरी दिनको ३:०० बजे बस्ने गरी निर्धारण भएकोमा उक्त समयमा पनि पुनः बैठक बस्न नसकेपछि बेलुका ६:०० बजे गरी निर्धारण भएकोमा सो बैठक पनि निर्धारित समयमा बस्न नसकेपछि पुनः सूचनापत्र-४ प्रकाशन गरी अर्को बैठक २०८० साल जेठ १३ गते दिनको ४:०० बजे बस्ने गरी स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १३ गते शनिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले हिजोदेखि नै प्रमुख प्रतिपक्ष दलले आफ्ना कुराहरु राखेर आइरहेको छ र सो विषयमा आज सम्माननीय प्रधानमन्त्रीले जवाफ दिने जानकारी गराउनु हुँदै माननीय सदस्यहरुले आफ्नो आशन ग्रहण गरेर आजको कारवाही अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्दै सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई सो विषयमा स्पष्ट पार्न समय दिनु भएपछि माननीय सदस्हरुले आ-आफ्नो आशन ग्रहण गर्नु भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले "पशुपतिनाथको जलहरी लगायतका विषयमा काम गर्ने क्षेत्राधिकार पशुपति विकास कोषको रहेको, जलहरीका केही विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि छानविन भइरहेको र जलहरी सम्बन्धी विषयमा प्रमुख प्रतिपक्ष दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको र यस्ता विषयहरु संसदको रेकर्डबाट हटाउने परम्परा पनि रहेको छ" भन्नु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले मिति २०८० जेठ १० गते आर्थिक वर्ष २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथीको छलफलमा भागलिने क्रममा मा० सदस्य श्री लेखनाथ दाहालले प्रयोग गर्नु भएको "स्वास्थ्य सामाग्रीको दुई अरबको भ्रष्टाचार, पशुपतिनाथको जलहरी लगाउँदा सुन भनेर पित्तल लगाएर गरेका भ्रष्टाचारहरु" भन्ने शब्दहरु संसदको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नु भयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री विश्वप्रकाश शर्मा
२. मा० श्री सराज अहमद फारुकी
३. मा० श्री सन्तोष परियार
४. मा० श्री बुद्धिमान तामाङ
५. मा० श्री मन्जु शर्मा अन्सारी
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री गंगा प्रसाद यादव
८. मा० श्री रमेश लेखक
९. मा० श्री शोभा ज्ञवाली
१०. मा० श्री सान्ती चौधरी

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा स्पष्ट पार्नु भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री महेश कुमार वर्तौला
६. मा० श्री ज्वाला कुमारी साह
७. मा० श्री सुमना श्रेष्ठ
८. मा० श्री विराज भक्त श्रेष्ठ
९. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१०. मा० श्री रोसन कार्की
११. मा० श्री भगवती चौधरी
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री गोकर्ण विष्ट
१४. मा० श्री सुनिता बराल
१५. मा० श्री जुली कुमारी महतो (महासेठ)
१६. मा० श्री वासुदेव घिमिरे
१७. मा० श्री प्रेम बहादुर महर्जन
१८. मा० श्री सूर्य प्रसाद ढकाल
१९. मा० श्री मनिष झा
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री दामोदर भण्डारी
२२. मा० श्री लालविर चौधरी
२३. मा० श्री योगेन्द्र मण्डल
२४. मा० श्री भिम प्रसाद आचार्य
२५. मा० श्री सोविता गौतम
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री दिपक बहादुर सिंह
२८. मा० श्री ठाकुर प्रसाद गैरे
२९. मा० श्री लिलानाथ श्रेष्ठ
३०. मा० श्री ईश्वरी घर्ती

३१. मा० श्री मानबीर राई
३२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३३. मा० श्री शिव नेपाली
३४. मा० श्री गणेश पराजुली
३५. मा० श्री अमृतलाल राजवंशी
३६. मा० श्री हर्कमाया वि.क.
३७. मा० श्री विना लामा
३८. मा० श्री प्रदिप यादव
३९. मा० श्री गिता बस्नेत
४०. मा० श्री अनिशा नेपाली
४१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
४२. मा० श्री अशोक कुमार चौधरी
४३. मा० श्री तारा लामा तामाङ
४४. मा० श्री रेखा यादव
४५. मा० श्री दिलेन्द्र प्रसाद बडू
४६. मा० श्री अम्मर बहादुर थापा
४७. मा० डा० अमरेश कुमार सिंह
४८. मा० श्री दयाल बहादुर शाही
४९. मा० श्री मंजु शर्मा अन्सारी
५०. मा० श्री रन्जु कुमारी झा
५१. मा० श्री सराज अहमद फारुकी
५२. मा० श्री अच्युत प्रसाद मैनाली
५३. मा० श्री दिपा शर्मा
५४. मा० श्री विद्या भट्टराई
५५. मा० श्री प्रेम बहादुर आले
५६. मा० श्री राज किशोर यादव
५७. मा० श्री अर्जुन नरसिंह के.सी.

यसैबीच माननीय श्री गिता बस्नेतले आफ्नो स्पष्टिकरणको जवाफ नआएको भन्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले स्पष्ट पारिसक्नु भएकोले आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित माननीय सदस्यहरुले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि राख्नुभएको आ-आफ्नो संशोधन फिर्ता लिनुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री दिलेन्द्र प्रसाद बडु
३. मा० श्री गंगाराम चौधरी
४. मा० श्री रामप्रकाश चौधरी

त्यसैगरी निम्नलिखित माननीय सदस्यहरुले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि राख्नुभएको आफ्नो संशोधन फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

१. मा० श्री चित्र बहादुर के.सी.
२. मा० डा० चन्दा कार्की भण्डारी
३. मा० श्री एकनाथ ढकाल
४. मा० श्री बासुदेव घिमिरे
५. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
६. मा० श्री नारायण प्रसाद आचार्य
७. मा० श्री सोबिता गौतम
८. मा० श्री जुली कुमारी महतो (महासेठ)
९. मा० श्री भगवती चौधरी
१०. मा० श्री ज्वाला कुमारी साह
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री दयाल बहादुर शाही
१३. मा० श्री दामोदर पौडेल (बैरागी)
१४. मा० श्री महेश कुमार बर्तौला
१५. मा० श्री सूर्यप्रसाद ढकाल
१६. मा० श्री सुमना श्रेष्ठ

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

यसैबिच सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री ज्ञान बहादुर शाहीले ध्वनि मतबाट प्रष्ट नभएकोले लिखित मतदान गर्नुपर्ने भन्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०८० को व्यवस्था बमोजिम कम्तिमा अट्ठाइस जना मा० सदस्यहरु आफ्नो आशन अगाडि उभिएर लिखित मतदानको लागि माग गर्नुपर्ने भएकोले सोही प्रक्रिया बमोजिम आउनुपर्ने अन्यथा ध्वनि मतबाट नै प्रक्रिया अगाडि बढ्ने जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १४ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक राती ९:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १४ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय श्री प्रभु साह र माननीय श्री चन्द्र बहादुर विश्वकर्माले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चात्को आकस्मिक समयमा रौतहट जिल्लामा पछिल्लो हप्ता भएका हत्या आतङ्कले त्रासको स्थिती उत्पन्न भएकोले अपराधीलाई कानूनको दायरमा ल्याउनु पर्ने, जेठ ११ गते रुकुम पश्चिममा भएका जीप दुर्घटनामा पाँचजनाको मृत्यु भएको र दशजना घाइते भएकोले सरकारले मृतक परिवारलाई राहत उपलव्ध गराउनुको साथै घाइतेहरुको निःशूल्क उपचार हुनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतलाई "आर्थिक सर्वेक्षण २०७९/८०" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८०" पेश गर्न समय दिनुहुँदा केहि माननीय सदस्यहरुले आ-आफ्नो आशन अगाडी उभिएर बोल्न समय माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्रीलाई समय दिइसकिएकोले निर्धारित कार्यसूचीको कार्यक्रमलाई अगाडि बढाउन आ-आफ्नो आशन ग्रहण गरी सहयोग गर्न अनुरोध गर्नु भएपछि उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "आर्थिक सर्वेक्षण २०७९/८०" र "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८०" पेश गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका निम्नलिखित माननीय सदस्यहरु रहने गरी मनोनयन गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाको बहुमतबाट स्वीकृत भयो ।

१. मा० श्री ईश्वरी घर्ती
२. मा० श्री ईश्वरी देवी न्यौपाने
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री जीवन परियार
५. मा० श्री डोल प्रसाद अर्याल
६. मा० श्री पदम गिरी
७. मा० श्री पशुपति शमशेर ज.ब.रा.
८. मा० श्री प्रकाश अधिकारी
९. मा० श्री महेश कुमार वर्तौला
१०. मा० श्री रमेश लेखक
११. मा० श्री लिलानाथ श्रेष्ठ
१२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १५ गते सोमबार बेलुका ६:०० बजे बस्नेगरी बैठक दिनको २:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ७:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाको सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित हुनु भएकी माननीय श्री बिन्दबासिनी कांसकारलाई सभा एवं व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतलाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४१ को उपनियम (२) बमोजिम आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानको प्रति (बजेट वक्तव्य) टेबुल गर्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न २०८० साल जेठ २१, २२, २३, २४ गतेका दिनहरु र मा० अर्थमन्त्रीले जवाफ दिनको लागि जेठ २५ गतेको दिन तोकेको व्यहोरा जानकारी गराउनुहुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता माननीय सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उपनियम (१) बमोजिम "आर्थिक विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा २०८० साल जेठ १७ देखि २० गतेसम्म मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जान लागेको र नेपालको तर्फबाट सम्बन्ध र सहकार्यको लागि उठाउनु पर्ने विषयमा छलफल, सम्झौता र समझदारी पत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेको, सोही बमोजिम प्रतिनिधि मण्डल छनौट गरिएको, नेपालको राष्ट्रिय हित र छिमेकी मित्रराष्ट्रको मित्रवत सम्बन्धलाई केन्द्रमा राखी भ्रमणको तयारी भइरहेको भन्ने सम्बन्धमा सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) को उक्त भ्रमण सम्बन्धमा माननीय श्री प्रेम सुवालले आफ्नो आशन अगाडी उठेर स्पष्टिकरण माग गर्न चाहनु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले आफ्नो भ्रमण सम्बन्धमा सदनलाई जानकारी दिनु भएकोले यस्तोमा स्पष्टिकरण नहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २१ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक राती ८:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २१ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ प्रतिपक्ष दलका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री पदम गिरीलाई समय उपलब्ध गराउनु हुँदा संवैधानिक प्रक्रियाबाट संसदमा नयाँ नागरिक विधेयक दर्ता हुनु पर्ने र एकहप्ता भित्र उक्त विधेयक पारित गरी अन्यामा परेका नागरिकलाई नागरिकता दिलाउन नेकपा एमाले तयार रहेको, भारत भ्रमणको क्रममा भूपवेष्ठित राष्ट्रले समुन्द्रसम्म निकाश पाउने अधिकार हुँदाहुँदै उक्त निकाश पाएमा लिम्पियाधुरा कालापानीसमेत भारतलाई दिनसक्ने भन्ने जस्ता कुरा आएकोमा सम्माननीय प्रधानमन्त्रीले स्पष्टिकरण दिनु पर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नु भयो । त्यसपछि सम्माननीय सभामुखले प्रमुख प्रतिपक्षका प्रमुख सचेतकले आफ्नो कुरा राखिसक्नु भएकोले यहाँहरुको कुरा प्रति सरकारको ध्यानाकर्षण भएको हुनु पर्छ भन्नु हुँदै आजको कार्यसूची अनुसार बजेटमाथी छलफल गर्नुपर्ने बाध्यकारी परिस्थितीमा बैठक सञ्चालनमा सहयोग गर्न अनुरोध गर्नुहुँदा पनि आ-आफ्नो स्थानमा उभिई रहनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सन्तोष परियारलाई समय दिनु हुँदा नागरिकता समस्याले मधेशका धेरै जनता पिडित भएको तर अहिले जुन प्रक्रियाबाट नागरिकता विधेयक प्रमाणीकरण गरियो त्यो परिस्थितीमा अन्य उदेश्यका लागि ल्याएको होकी भन्ने परेको छ लगायतका विषयमा आफ्नो भनाई राख्नु भयो । त्यसपछि पुनः सम्माननीय सभामुखले आशन ग्रहण गरी बाताारण सहज बनाउन र बैठकको कार्यसूचि अगाडी बढाउन सहयोग गर्न आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिई रहनु भएपछि सम्माननीय सभामुखले माननीय श्री राजेन्द्र प्रसाद लिङदेनलाई समय दिनु हुँदा नेपाली नागरिकता भएको बावु आमाको छोरा छोरीले नागरिकता पाउनु पर्छ तर अहिले जुन प्रक्रिया र समयमा नागरिकता विधेयक प्रमाणीकरण गरियो त्यसको भत्सर्ना गर्दछौं, राष्ट्रपतिलाई सत्ता स्वार्थको लागि प्रयोग भएको, मन्त्रिपरिषद्को सिफारिसमा दोषीलाई आम माफी दिने कार्यभएको, भारतको नव निर्मित संसद भवनमा नेपालको क्षेत्र समावेश गरी भारतको नक्सा राखेको विषय स्पष्ट नभएसम्म सदन चल्न सक्दैन भन्नु भएपछि सम्माननीय सभामुखले विषयहरु आइसकेको उपयुक्त समयमा सम्माननीय प्रधानमन्त्रीले जवाफ दिनु नै हुनेछ अहिलेलाई नियमित विषयतर्फ जाउँ भनी पटक पटक आग्रह गर्नुहुँदा पनि प्रतिपक्ष दलका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिइ नारासमेत लगाउन थाल्नु भएपछि सम्माननीय सभामुखले १ घण्टापछि बस्ने गरि बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आजै १ घण्टापछि बस्नेगरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १ घण्टापछि बस्ने गरी स्थगित भएको बैठक सूचनापत्र-४ प्रकाशित गरी अर्को बैठक २०८० साल जेठ २२ गते बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २२ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा विहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री योगेश कुमार भट्टराईलाई समय दिनु हुँदा उहाँले खास नेपालीले नागरिकता पाउन् र गैर नेपालीले नागरिकता नपाउन् भन्ने विषयमा नेपाल कम्युनिष्ट पार्टी एमाले गम्भीर छ । नागरिकता जस्तो संवेदनशिल विषयमा धेरै खेलवाड नहोस र विधेयक प्रमाणीकरण गर्न राष्ट्रपतिलाई सिफारिस गर्ने अधिकार सम्माननीय प्रधानमन्त्रीलाई नरहेको, सन् २०१८ देखि हुन नसकेको सार्क सम्मेलनको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणमा कुनै छलफल नगरेको लागायतका विषयमा भनाई राख्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ बमोजिम सार्वजनिक महत्वको विषयमा वक्तव्य दिन समय दिनुहुँदा माननीय श्री प्रेम सुवालले समय माग गर्नु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको वक्तव्य पछि स्पष्टीकरण सोध्ने व्यवस्था छ भन्नु हुँदै आशन ग्रहण गर्न अनुरोध गर्नु भएपछि माननीय श्री प्रेम सुवालले आफ्नो आशन ग्रहण गर्नु भयो र सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले २०८० जेठ १७ देखि २० गतेसम्मको भारतको मैत्रीपूर्ण औपचारिक भ्रमणको क्रममा नेपाल भारतबीच भएको विभिन्न सम्झौता, देशको कुनै भू-भाग दिएर नेपाललाई समुन्द्रसम्मको निकास लिने सम्बन्धमा कुनै वक्तव्य नदिएको, नागरिकता विधेयक प्रमाणीकरण सम्बन्धी सभामा उठेका प्रश्न लगायतका विषयमा सदनमा जानकारी दिनु भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) को उक्त वक्तव्यका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो ।

१. मा० श्री पदम गिरी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रघुजी पन्त
४. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
५. मा० श्री रवि लामिछाने
६. मा० श्री ज्ञान बहादुर शाही
७. मा० श्री दामोदर पौडेल (बैरागी)
८. मा० श्री रण कुमारी बलम्पाकी मगर
९. मा० श्री ठाकुर प्रसाद गैरे
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री हरि ढकाल
१२. मा० श्री रघुवीर महासेठ
१३. मा० श्री असिम शाह
१४. मा० श्री शिशिर खनाल
१५. मा० श्री मनिष झा
१६. मा० श्री भगवती चौधरी
१७. मा० श्री गणेश पराजुली
१८. मा० श्री ज्वाला कुमारी साह
१९. मा० श्री जुली कुमारी महतो (महासेठ)
२०. मा० श्री इश्वरी घर्ती
२१. मा० श्री सुनिता बराल
२२. मा० श्री लिलानाथ श्रेष्ठ
२३. मा० डा० तोसिमा कार्की
२४. मा० श्री गोकर्ण विष्ट
२५. मा० श्री एकनाथ ढकाल
२६. मा० डा० स्वर्णीम वाग्ले
२७. मा० श्री लक्ष्मी तिवारी
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री बासुदेव घिमिरे
३०. मा० श्री सूर्य प्रसाद ढकाल
३१. मा० श्री नारायण प्रसाद आचार्य
३२. मा० श्री राजेन्द्र कुमार राई
३३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३४. मा० डा० अमरेश कुमार सिंह
३५. मा० श्री अमृता देवी अग्रहरी
३६. मा० श्री अमृत लाल राजवंशी
३७. मा० श्री चित्र बहादुर के.सी.
३८. मा० श्री ऋषिकेश पोखरेल
३९. मा० श्री राजेन्द्र कुमार के.सी.
४०. मा० श्री हरि प्रसाद उप्रेती
४१. मा० श्री बुद्धिमान तामाङ
४२. मा० श्री राम शंकर यादव
४३. मा० श्री सरिता भुसाल
४४. मा० श्री विजुला रायमाझी
४५. मा० श्री मानबीर राई
४६. मा० श्री अच्युत प्रसाद मैनाली
४७. मा० श्री दिपक बहादुर सिंह
४८. मा० श्री सम्झना थपलिया
४९. मा० श्री महेश कुमार वर्तौला
५०. मा० श्री राम कृष्ण यादव

५१. मा० श्री प्रतिक्षा तिवारी
५२. मा० श्री शान्ती श्रेष्ठ
५३. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
५४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५५. मा० श्री योगेन्द्र मण्डल
५६. मा० श्री प्रेम बहादुर महर्जन
५७. मा० श्री ईश्वर बहादुर रिजाल
५८. मा० श्री रोसन कार्की
५९. मा० श्री भिम प्रसाद आचार्य
६०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
६१. मा० श्री अनिशा नेपाली
६२. मा० श्री हेमराज राई
६३. मा० श्री सुमना श्रेष्ठ
६४. मा० श्री रन्जु कुमारी झा
६५. मा० श्री श्याम कुमार घिमिरे
६६. मा० श्री बिनिता कठायत
६७. मा० श्री निशा डागी
६८. मा० श्री शिव नेपाली
६९. मा० श्री विराज भक्त श्रेष्ठ
७०. मा० श्री योगश कुमार भट्टराई
७१. मा० श्री अम्मर बहादुर थापा
७२. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
७३. मा० श्री कृष्ण कुमार श्रेष्ठ

यसैबीच माननीय श्री शिशिर खनालले बोल्ने क्रममा प्रयोग गर्नु भएको "भैंसी चढेर आएको" भन्ने शब्द रेकर्डबाट हटाउनुपर्ने भनी माननीय श्री हितराज पाण्डेले नियमापत्ति गर्नुभएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीलाई समय दिनुहुँदा उहाँले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को (झ) को व्यवस्था अनुसारको नियम पालना गरियोस् भन्ने लगायतका आफ्नो भनाई राख्दै गर्दा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केही माननीय सदस्यहरु आफ्नो आशन अगाडी उभिएर नियमापत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले प्रश्न सोध्ने माननीय सदस्यहरुलाई मर्यादा भित्र रहेर प्रश्न सोध्न अनुरोध गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को (झ) को व्यवस्था प्रति ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "भैंसी चढेर आएको" भन्ने शव्दलाई बैठकको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुहुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्त र माननीय श्री रवि लामिछानेलाई क्रमशः समय दिनुहुँदा "भैंसी चढेर" भन्ने शव्द सम्माननीय प्रधानमन्त्रीको वक्तव्यमा नै आएकोले त्यसैलाई दृष्टान्त स्वरुप अर्को पक्षले बोलेको भनेर हटाइने हो भने सम्माननीय प्रधानमन्त्रीले प्रयोग गर्नु भएको "भैंसी चढेर" भन्ने शव्द पनि रेकर्डबाट हटाउनु पर्छ भन्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "भैंसी चढेर आएको" भन्ने शब्द जसले बोलेको भएपनि रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिएको जानकारी दिनुभएपछि प्रतिपक्षतर्फका माननीय सदस्यहरु आफ्नो आशन अगाडी उभिइ नै रहनु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) भारत भ्रमणबाट नेपाल आउँदा "भैंसी चढेर आएको" भन्ने शब्द संसदको रेकर्डमा रहनु उचित नहुने भएकोले त्यस्तो शब्द हटाउन निर्देशन दिएको जानकारी दिनुभएपछि माननीय सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले उक्त वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा जवाफ दिने क्रममा माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीले नेपालको संविधानको धारा १११ को उपधारा (९) को व्यवस्थाको प्रतिकूल आफ्नो जवाफ दिनुभएको भन्दै आपत्ति जनाउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले स्पष्टीकरण दिने क्रममा नियमावलीको कुनै नियम प्रति आपत्ति भए मात्र माननीय सदस्यहरुले प्रश्न उठाउन अनुरोध गर्नुभएपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पुनः स्पष्टीकरणको जवाफ दिने क्रममा प्रतिपक्ष तर्फका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर होहल्ला गर्न थाल्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई आशन ग्रहण गरी सम्माननीय प्रधानमन्त्रीलाई आफ्नो स्पष्टीकरण राख्न दिनुहुन आग्रह गर्नुहुँदा पनि होहल्ला नरोकिएपछि सम्माननीय सभामुखले माननीय श्री रघुजी पन्तलाई समय दिनु भएपछि उहाँले नागरिकता विधेयकको विषयमा सम्मानीत अदालतले अन्तरिम आदेश गरिसकेकोले सो विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनमा व्याख्या गर्न हुदैन भन्नुभयो ।

त्यसपछि माननीय श्री विश्वप्रकाश शर्माले कोही माननीय सदस्यले बोल्दा अन्य माननीय सदस्यहरुले अवरोध गर्ने विषयलाई राम्रो भन्न नसकिने र देशको प्रधानमन्त्री रोष्ट्रमा उभिएर बोल्दै गर्दा धैर्यतापूर्वक सुन्नु पर्ने कुरा आत्मसाथ गर्नुका साथै अन्य माननीय सदस्यहरुले अवरोध गर्ने कार्य ठीक नभएको भन्नुहुँदै संविधानले कुनैपनि विधेयक संसदमा रहँदा मात्र के हुने भन्ने व्याख्या गरेको तर संघीय संसदबाट दुई पटक पारित गरी सम्माननीय राष्ट्रपति समक्ष गएको विधेयकको सम्बन्धमा केही नभनेको लगायतका विषय राख्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ बमोजिम सभाको बैठक सञ्चालन हुने, भावनात्मक उत्तेजनामा तर्क वितर्क गरेर समस्याको समाधान नहुने भन्नुहुँदै सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई नागरिकता विधेयकको सन्दर्भमा न्यायालयले अल्पकालिन अन्तरिम आदेश समेत दिइसकेको परिस्थितिलाई

ध्यानमा राख्दै आफ्नो स्पष्टीकरण जारी राख्न अनुमति दिनुहुँदा माननीय डा० अमरेश कुमार सिंहले बोल्न समय माग गर्नुभएपछि सम्माननीय सभामुखले समय दिनुहुँदा उहाँले संविधानको धारा ११३ को व्यवस्थातर्फ ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ बमोजिम सार्वजनिक महत्वको विषयमा सदनमा आफ्नो वक्तव्यमाथिको स्पष्टीकरणको जवाफ दिने कार्यलाई निरन्तरता दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभामा विपक्षी दलका नेता माननीय श्री के.पी. शर्मा ओलीले प्रधानमन्त्रीको भारत भ्रमण, नागरिकता विधेयक प्रमाणीकरण लगायतका विषयहरुमा आफ्नो भनाई राख्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू सम्वत् २०८० साल जेठ १७ गते बुधबार मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नु भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नु हुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/०२/१७

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले संक्षिप्त वक्तव्य सहित "आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सैद्धान्तिक छलफल मात्र हुने र विस्तृत मन्त्रालयगत कार्यक्रम र योजनाका बारेमा पछि छलफल हुने व्यहोरा जानकारी गराउनु भयो । त्यसपछि उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो :-

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री डोल प्रसाद अर्याल
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संविधान सभा सदस्य तथा पूर्व सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो:-

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक, वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)बाट समानुपातिक सदस्यमा निर्वाचित सदस्य श्याम सुन्दर टिवडेवालको हेम्स अस्पताल, धुम्बाराहीमा उपचारको क्रममा मिति २०७९ साल चैत २२ गते बुधबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालमा प्रतिनिधि सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभा निर्वाचन र वि.सं. २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, पूर्व महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्री, शालिन र सरल नेतृको रुपमा परिचित मीना पाण्डेको ७२ वर्षको उमेरमा मिति २०८० साल जेठ १६ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत श्याम सुन्दर टिवडेवाल र मीना पाण्डेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २३ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ६:३५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
प्रतिनिधि सभाको सचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा विचौलिया राखेर करको दर हेरफेर गरेको कुरा बाहिर आएको, बजेट प्रस्तुत हुनुभन्दा अगाडी ठुलो संख्यामा विद्युतीय सवारी साधन भित्रिनु शंकास्पद भएको, मध्यम वर्गीय व्यक्तिले चढ्ने विद्युतीय सवारी साधनमा भन्सार र अन्तशुल्क बढाएको, अर्थ मन्त्रालयमा अहिलेसम्म हार्मोनाइज कोड टाइप गर्नसक्ने सिमित जनशक्ति रहेको तर्क हास्यास्पद रहेको, बजेट अगाडी विद्युतीय सवारी साधनको भन्सार दर चुहावट हुँदा राज्यलाई करिब ९० करोड बढी राजश्व घाटा भएको, आर्थिक विधेयक बनाउने गोप्य कार्यमा अघिल्लो सरकारकै पालादेखि करारमा नियुक्त पूर्व कर्मचारीलाई निरन्तरता दिएर संलग्न गराइनुको सम्बन्धमा सरकारले जवाफ दिनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री पदम गिरी
२. मा० श्री स्वर्णिम वाग्ले
३. मा० श्री ज्ञान बहादुर शाही
४. मा० श्री रामहरि खतिवडा
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री प्रेम सुवाल

त्यसपछि माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले माननीय सदस्यहरुले बैठकमा उठाउनु भएको विषयका सम्बन्धमा जावाफ दिनु भयो ।

तत्पश्चात् आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. प्रतिनिधि सभामा विपक्षी दलको नेता मा० श्री के.पी. शर्मा ओली
२. मा० श्री विमलेन्द्र निधि
३. मा० श्री योगेश कुमार भट्टराई
४. मा० श्री माधव प्रसाद सापकोटा
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री बुद्धिमान तामाङ
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अब्दुल खांन
९. मा० श्री राम प्रकाश चौधरी

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २४ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ६:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - २०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१५ बजे प्रारम्भ भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अनिशा नेपाली
३. मा० श्री अम्मर बहादुर थापा
४. मा० श्री अम्मर बहादुर रायमाझी
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री अमृता देवी अग्रहरी
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अशोक कुमार चौधरी
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री असिम शाह
११. मा० श्री इश्वर बहादुर रिजाल
१२. मा० श्री ईश्वरी घर्ती
१३. मा० श्री उमरावती देवी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री गगन कुमार थापा
१६. मा० श्री गणेश पराजुली
१७. मा० श्री गिता बस्नेत
१८. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
१९. माा० श्री गंगा प्रसाद यादव
२०. मा० डा० चन्दा कार्की भण्डारी
२१. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२२. मा० श्री चित्र बहादुर के.सी.
२३. मा० श्री जावेदा खातुन जागा
२४. मा० श्री जुली कुमारी महतो (महासेठ)
२५. मा० श्री ज्वाला कुमारी साह

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम महिला तथा सामाजिक मामिला समितिको सदस्यमा माननीय श्री बिन्दवासिनी कांसाकारको नाम मनोनयन गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात् आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० श्री दिलेन्द्र प्रसाद बडू
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री लेखनाथ दाहाल
४. मा० श्री मनिष झा
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री उपेन्द्र यादव
७. मा० श्री शेर बहादुर कुवँर
८. मा० श्री अनिता देवी
९. मा० श्री चित्र बहादुर के.सी.
१०. मा० डा० अमरेश कुमार सिंह
११. मा० श्री योगेन्द्र मण्डल
१२. मा० श्री विरबहादुर वलायर
१३. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
१४. मा० श्री ज्ञानु वस्नेत सुवेदी
१५. मा० श्री सुमना श्रेष्ठ
१६. मा० श्री विना जैसवाल
१७. मा० श्री अम्मर बहादुर थापा
१८. मा० श्री उदय शंशेर जवरा
१९. मा० श्री लिला नाथ श्रेष्ठ
२०. मा० श्री रणेन्द्र बराली
२१. मा० श्री असिम साह
२२. मा० श्री ध्रुव बहादुर प्रधान
२३. मा० श्री राजेन्द्र कुमार के.सी.
२४. मा० श्री ज्वाला कुमारी साह
२५. मा० श्री विमला सुवेदी
२६. मा० श्री चन्दा कार्की (भण्डारी)
२७. मा० श्री दिपक खड्का
२८. मा० श्री बलराम अधिकारी
२९. मा० श्री उर्मिला माझी
३०. मा० श्री राजेन्द्र बजगाई
३१. मा० श्री भगवती चौधरी
३२. मा० श्री मिना तामाङ
३३. मा० श्री शान्ति वि.क.
३४. मा० श्री ऋषिकेश पोखरेल
३५. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
३६. मा० श्री जावेदा खातुन जागा

३७. मा० श्री सुनिता वराल
३८. मा० श्री कुशुम देवी थापा
३९. मा० श्री महेश बस्नेत
४०. मा० श्री सपना राजभण्डारी
४१. मा० श्री वासुदेव घिमिरे
४२. मा० श्री रुक्मणी राना बराइली
४३. मा० श्री दामोदर पौडेल वैरागी
४४. मा० श्री अमृतलाल राजवंशी

यसैविच माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले माननीय श्री लेखनाथ दाहालले बोल्ने क्रममा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (ख) को प्रतिकुल सभामुखको आचरणको आलोचना गर्नुभएको भनी नियमापत्ति गर्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (ख) को व्यवस्था प्रति सम्पूर्ण माननीय सदस्यहरुलाई ध्यानकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु हुँदै आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल बाँकी नै रहेकोले उक्त छलफल र माननीय अर्थ मन्त्रीबाट जवाफ दिने कार्यको लागि समेत जेठ २५ र २६ गतेका दिनहरु थप गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २५ गते बिहीबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - २१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २५ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री तारा लामा तामाङ
३. मा० श्री तेजु लाल चौधरी
४. मा० श्री दामोदर पौडेल (वैरागी)
५. मा० श्री दमोदर भण्डारी
६. मा० श्री दिपक खड्का
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिपा शर्मा
९. मा० श्री दिलेन्द्र प्रसाद बडू
१०. मा० श्री दुर्गा राई
११. मा० श्री देव प्रसाद तिमलसेना
१२. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१३. मा० श्री ध्रुब बहादुर प्रधान
१४. मा० श्री नारायण प्रसाद आचार्य
१५. मा० श्री नारायणी शर्मा
१६. मा० श्री निर्मला कोईराला
१७. मा० श्री निशा डागी
१८. मा० श्री प्रतिक्षा तिवारी
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री प्रभु साह
२१. मा० श्री प्रभु हजार दुसाध
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री प्रेम सुवाल
२४. मा० श्री बलराम अधिकारी
२५. मा० श्री बसन्त कुमार नेम्वाङ
२६. मा० श्री विना देवी
२७. मा० श्री विनिता कठायत
२८. मा० श्री दयाल बहादुर शाही

तत्पश्चात् आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० श्री विनोद कुमार चौधरी
२. मा० श्री पृथ्वी सुब्बा गुरुङ
३. मा० श्री पूर्ण बहादुर घर्ती मगर
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री रेखा यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० श्री श्याम कुमार घिमिरे
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री सूर्यमान तामाङ (दोङ)
१३. मा० श्री शुसिला श्रेष्ठ
१४. मा० श्री संजय कुमार गौतम
१५. मा० श्री ईश्वर बहादुर रिजाल
१६. मा० श्री नारायणी शर्मा
१७. मा० श्री रामकृष्ण यादव
१८. मा० श्री अच्युत प्रसाद मैनाली
१९. मा० श्री दुर्गा राई
२०. मा० श्री राजु थापा
२१. मा० श्री जुली कुमारी महतो (महासेठ)
२२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२३. मा० श्री नागिना यादव
२४. मा० श्री विद्या भट्टराई
२५. मा० श्री डिल्लिराज पन्त
२६. मा० श्री अमृता देवी अग्रहरी
२७. मा० श्री सिता कुमारी राना
२८. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
२९. मा० श्री मैना कार्की
३०. मा० श्री एकनाथ ढकाल
३१. मा० श्री सिता मिजार
३२. मा० श्री प्रभु हजारा दुसाध
३३. मा० श्री मन बहादुर गुरुङ्ग
३४. मा० डा० शुनिल कुमार शर्मा
३५. मा० श्री नारायण प्रसाद आचार्य
३६. मा० श्री राम कुमार राई
३७. मा० श्री हरि ढकाल
३८. मा० श्री ऐन बहादुर शाही ठकुरी
३९. मा० श्री सूर्य प्रसाद ढकाल
४०. मा० श्री लिला देवी वोखिम (लिम्बु)

४१. मा० श्री मानबीर राई
४२. मा० श्री अम्मर बहादुर रायमाझी
४३. मा० श्री प्रतिक्षा तिवारी

यसैबीच माननीय श्री दिपा शर्माले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (घ) को प्रतिकुल माननीय श्री विनोद कुमार चौधरीले छलफलमा बोल्ने क्रममा महिलालाई होच्याउने गरी "जब पऱ्यो राती तब बुढी ताती" भनी प्रयोग गर्नुभएको शब्दहरु सभाको रेकर्डबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले माननीय सदस्यले प्रयोग गर्नुभएको शब्दहरु लैङ्गिक मैत्री नभएकोले सभाको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

यसैबीच मा० श्री राजु थापाले बोलिसकेपछि नेकपा (एमाले)का सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानामा उभिनु भइ विरोध जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय श्री पदम गिरीलाई समय दिनुहुँदा उहाँले केही दिनदेखि कोशी प्रदेशमा प्रदेश नामाङ्कनको विषयमा ने.क.पा. (एमाले) का नेता, केन्द्रिय सदस्य लगायतमाथि श्रृंखलावद्ध आक्रमणका घटना भइरहेको र आजै पनि कोशी प्रदेश सभाको उपनेता राम बहादुर राना र उपसभामुख सिर्जना दनुवारमाथी आक्रमण भएको छ भन्नुहुँदै उक्त घटनाका सम्बन्धमा सरकारले आगामी सदनको बैठकमा जवाफ नदिएसम्म बैठक सञ्चालनमा सहयोग गर्न नसकिने जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

यसैबीच माननीय श्री डिल्लिराज पन्तले बोल्ने क्रममा "नहुने मामा भन्दा कानो मामा निको" भनी अशक्तलाई आघात पुग्ने खालको शब्दहरु प्रयोग गर्नुभएको भनी माननीय श्री हरि ढकालले नियमापत्ति गर्नुभएपछि वक्ता माननीय सदस्यले सोप्रति क्षमा माग्नुभयो । साथै सम्माननीय सभामुखले अशक्त व्यक्तिहरुलाई आघात पुग्न सक्ने र सार्वजनिक शिष्टाचारको अनुकूल नभएकोले उल्लिखित शब्दहरु सभाको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २६ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सदनमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भई विरोध जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय श्री योगेश कुमार भट्टराईलाई समय दिनुहुँदा उहाँले कोशी प्रदेशमा प्रदेश नामाकरणको विरुद्धको आन्दोलनको क्रममा एकजना प्रदर्शनकारीको मृत्यु प्रहरीको लाठी वा गोली लागेर नभई प्रदशर्नकारीकै तर्फबाट प्रहरीलाई प्रहार भएको लाठी लागेर भएको भन्ने सञ्चार माध्यममा आएको छ त्यसको छानवीन गर्नु पर्ने र कोशी प्रदेश सभाका नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको उपनेता राम बहादुर राना र उपसभामुख सिर्जना दनुवारमाथी ईलाममा भएको आक्रमण सम्बन्धमा सरकारले जवाफ दिनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्दै सो सम्बन्धमा गृह मन्त्रीले सदनमा स्पष्ट पार्नु पर्दछ भन्नु भयो ।

त्यसपछि माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले सदनमा उठेका विषयहरुका सम्बन्धमा जवाफ दिनुहुँदै कोशी प्रदेशमा घटित घटनाका सम्बन्धमा सरकार गम्भीर रहेको र आन्दोलनका क्रममा हुने गरेको हिंसात्मक कार्यलाई रोक्नुका साथै त्यस्ता कार्यमा संलग्न जो कोहीलाई कारवाहीको दायरमा ल्याउन सरकार प्रतिवद्ध रहेको कुरा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री भिम प्रसाद आचार्य
४. मा० श्री मन बहादुर गुरुङ्ग
५. मा० श्री मनिष झा
६. मा० श्री महेन्द्र बहादुर शाही
७. मा० श्री महेश कुमार वर्तौला
८. मा० श्री महेश बस्नेत
९. मा० श्री माधव सापकोटा
१०. मा० श्री मिना यादव
११. मा० श्री मिना तामाङ
१२. मा० श्री मानबीर राई
१३. मा० श्री मेनका कुमारी पोखरेल
१४. मा० श्री मंगल प्रसाद गुप्ता
१५. मा० श्री मंजु शर्मा अन्सारी
१६. मा० श्री रघुजी पन्त
१७. मा० श्री रण कुमारी बलम्पाकी मगर
१८. मा० श्री रणेन्द्र बराली
१९. मा० श्री रन्जु कुमारी झा
२०. मा० श्री रमा कोईराला पौड्याल
२१. मा० श्री राजु थापा
२२. मा० श्री राजेन्द्र कुमार के.सी.
२३. मा० श्री राजेन्द्र कुमार राई
२४. मा० श्री राम कुमार राई
२५. मा० श्री राम नाथ अधिकारी
२६. मा० श्री राम शंकर यादव
२७. मा० श्री रामहरि खतिवडा
२८. मा० श्री रुपा सो.सी. चौधरी
२९. मा० श्री रेखा यादव
३०. मा० श्री लक्ष्मी तिवारी
३१. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३२. मा० श्री लिलानाथ श्रेष्ठ
३३. मा० श्री लेखनाथ दाहाल
३४. मा० श्री राजेन्द्र बजगाई

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्र राज आचार्यले "महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री गोकर्ण विष्ट
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री रन्जु कुमारी झा
५. मा० श्री कृष्ण कुमार श्रेष्ठ
६. मा० श्री गंगा राम चौधरी

७. मा० श्री अजय कुमार चौरसिया
८. मा० श्री छविलाल विश्वकर्मा
९. मा० श्री रुपा सो.सी. (चौधरी)

यसैबीच माननीय श्री जनार्दन शर्माले बोल्न क्रममा माननीय श्री प्रेम सुवालले प्रतिनिधि सभा नियमावली, २०७९ व्यवस्था बमोजिम मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल भइरहेको तर सम्बन्धित मन्त्री बैठकमा उपस्थित नरहनु भएको भनी नियमामत्ति गर्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री राष्ट्रिय सभाको बैठकमा रहनु भएकोले आउनु हुने जानकारी गराउनु भयो ।

यसैगरी माननीय डा० स्वर्णिम वाग्लेले बोल्न प्रारम्भ गर्नु अघि माननीय श्री सुमना श्रेष्ठले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम (६) उपनियम (५) बमोजिम मन्त्रालयसँग सम्बन्धित छलफल हुँदा सम्बन्धित मन्त्री अनिवार्य उपस्थित हुनु पर्नेमा माननीय अर्थमन्त्री बैठकमा अनुपस्थित हुनु भएको भन्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री राष्ट्रिय सभामा हुनु भएकोले आउनु हुन्छ भन्नुहुँदा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्हरु आ-आफ्नो आशन अगाडी उभिनु भएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेट पछि बस्ने गरी दिनको २:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेट पछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयोः-

१. मा० डा० स्वर्णिम वाग्ले
२. मा० श्री मन्जु शर्मा अन्सारी
३. मा० श्री शंकर भण्डारी
४. मा० श्री भीमप्रसाद आचार्य
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
७. मा० श्री रामहरि खतिवडा
८. मा० श्री राजेन्द्र कुमार राई
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री दामोदर भण्डारी
११. मा० श्री पूर्णबहादुर तामाङ
१२. मा० श्री देवी प्रसाद भट्टचन
१३. मा० श्री हृदयराम थानी
१४. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री सराज अहमद फारुकी
१७. मा० श्री सुशिला थिङ
१८. मा० श्री सरिता भुषाल
१९. मा० श्री हर्कमाया वि.क.
२०. मा० श्री प्रेमबहादुर महर्जन
२१. मा० श्री महेश कुमार वर्तौला

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु हुँदै आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल बाँकी नै रहेकोले उक्त छलफल र माननीय अर्थ मन्त्रीबाट जवाफ दिने कार्यको लागि समेत जेठ २८ गतेको दिन थप गरेको व्यहोरा जानकारी गाराउनु भयो ।

तदपरान्त सम्माननीय सभामुखले संविधान सभा सदस्य एवं पूर्व राष्ट्रिय सभा सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट वि.सं. २०४८ सालमा तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभामा मन्त्रिपरिषद्बाट मनोनित सदस्य महेश चौधरीको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा उपचारको क्रममा २०८० साल जेठ २४ गते बुधबार ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत महेश चौधरीको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २८ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २८ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:५० बजे प्रारम्भ भयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो:-

१. मा० श्री दिपक गिरी
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री महेन्द्र बहादुर शाही
४. मा० श्री शिशिर खनाल
५. मा० श्री रोसन कार्की
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री प्रभु साह
८. मा० श्री अञ्जनी श्रेष्ठ
९. मा० श्री पदम गिरी
१०. मा० श्री गंगा कार्की
११. माा० श्री गिता बस्नेत
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री तारा लामा तामाङ
१४. मा० श्री सन्तोष चालिसे
१५. मा० श्री गगन कुमार थापा
१६. मा० श्री दिनेश कुमार यादव
१७. मा० श्री रुपा वि.क.
१८. मा० श्री कान्तिका सेजुवाल

त्यसपछि माननीय श्री ज्ञान बहादुर शाहीले नियमापत्ति गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री विरुद्ध सर्वोच्च अदालतमा युद्ध अपराधमा मुद्दा दर्ता भई जेठ ३० गते अदालतमा उपस्थित हुन समेत भनीसकेकोले प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिई मार्ग प्रशस्त गर्नुपर्ने भन्नुभएपछि माननीय श्री माधव सापकोटाले नियमापत्ति गर्नुहँदै प्रतिनिधि सभा नियमावली, २०७९ को कुन नियम अन्तर्गत माननीय श्री ज्ञान बहादुर शाहीले सो कुरा राख्नु भएको हो स्पष्ट पार्नुपर्ने र देशको प्रधानमन्त्रीलाई उहाँले एकोहोरो रुपमा गैर राजनीतिक तरिकाले हुर्मत लिने कार्य गर्नुभएको भन्नुहँदै माननीय सदस्यको भनाई रेकर्डबाट हटाईयोस् भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय सदस्यहरुले राख्नुभएको विषयतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाएको व्यहोरा जानकारी गराउनु हुँदै आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको माननीय अर्थ मन्त्रीबाट जवाफ दिने कार्य बाँकी नै रहेकोले उक्त कार्यको लागि जेठ २९ गतेको दिन थप गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २९ गते सोमबार दिनको १:०० बजे बस्ने गरी दिनको ३:२५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २४ र २५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २९ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुभयो ।

त्यसपछि उक्त उत्तरको सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टिकरणको सम्बन्धमा माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले स्पष्ट पार्नु भयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री शिशिर खनाल
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री प्रभु साह
८. मा० श्री जनार्दन शर्मा
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री भानुभक्त जोशी
११. मा० श्री डोल प्रसाद अर्याल
१२. मा० श्री दिपक गिरी
१३. मा० श्री अच्युत प्रसाद मैनाली
१४. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
१५. मा० श्री बासुदेव घिमिरे
१६. मा० श्री भगवती चौधरी
१७. मा० श्री जुली कुमारी महतो (महासेठ)
१८. मा० श्री माधव सापकोटा
१९. मा० श्री गोकर्ण विष्ट
२०. मा० श्री दामोदर पौडेल वैरागी
२१. मा० श्री महेश कुमार वर्तौला
२२. मा० श्री गोकुलप्रसाद वांस्कोटा
२३. मा० श्री दामोदर भण्डारी
२४. मा० श्री विद्या भट्टराई
२५. मा० श्री सरिता भुसाल
२६. मा० श्री ऋषिकेश पोखरेल
२७. मा० श्री प्रभु हजरा दुषाध
२८. मा० डा० चन्दा कार्की (भण्डारी)
२९. मा० श्री सुर्यप्रसाद ढकाल
३०. मा० श्री दिपा शर्मा
३१. मा० श्री सराज अहमद फारुखी
३२. मा० श्री चित्रबहादुर के.सी.
३३. मा० डा० स्वर्णिम वाग्ले
३४. मा० श्री बुद्धिमान तामाङ
३५. मा० श्री रणेन्द्र वराली
३६. मा० श्री शेरबहादुर कुंवर
३७. मा० श्री अम्मर बहादुर थापा
३८. मा० श्री रञ्जुकुमारी झा
३९. मा० श्री नारायण प्रसाद आचार्य
४०. मा० श्री बलराम अधिकारी
४१. मा० श्री प्रेमबहादुर महर्जन
४२. मा० श्री प्रकाश अधिकारी
४३. मा० श्री अम्मरबहादुर रायमाझी
४४. मा० श्री महेश बस्नेत
४५. मा० श्री मानबीर राई
४६. मा० श्री लिलानाथ श्रेष्ठ
४७. मा० श्री अमृतलाल राजवंशी
४८. मा० श्री मंगलप्रसाद गुप्ता
४९. मा० श्री रामहरि खतिवडा
५०. मा० श्री भीमप्रसाद आचार्य
५१. मा० श्री महेन्द्रबहादुर शाही
५२. मा० श्री पद्म गिरी
५३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
५४. मा० श्री रामकुमार राई
५५. मा० श्री अर्जुन नरसिंह के.सी.
५६. मा० श्री श्याम कुमार घिमिरे
५७. मा० श्री बिजुला रायमाझी
५८. मा० श्री प्रतिक्षा तिवारी
५९. मा० श्री सम्झना थपलिया
६०. मा० श्री रामशंकर यादव
६१. मा० श्री हरि प्रसाद उप्रेती
६२. मा० श्री तारा लामा तामाङ
६३. मा० श्री अमृतादेवी अग्रहरी
६४. मा० श्री रेखा यादव
६५. मा० श्री मन्जु शर्मा अन्सारी
६६. मा० श्री गिता बस्नेत

६७. मा० श्री शिव नेपाली
६८. मा० श्री विराजभक्त श्रेष्ठ
६९. मा० श्री नागिना यादव
७०. मा० श्री लेखनाथ दाहाल
७१. मा० श्री ऐनबहादुर शाही ठकुरी
७२. मा० श्री मैना कार्की

तत्पश्चात् माननीय श्री रघुजी पन्तले भारतस्थित नेपाली राजदुतले धर्म निरपेक्षता, बी.आर. आई. लगायत सम्बन्धमा कुटनीतिक मर्यादा विपरित विवादास्पद अन्तर्वार्ता दिएको सम्बन्धमा सभाको अर्को बैठकमा परराष्ट्र मन्त्रीले स्पष्ट पार्नुपर्छ भन्नुभएपछि माननीय श्री हितराज पाण्डेले माननीय सदस्यले कुन नियम अन्तर्गत के उल्लंघन भएको हो सोको स्पष्ट पार्नुपर्छ भन्दै जुनसुकै समयमा नियमापत्ति भन्दै विषयहरु राख्नु उपयुक्त नहुने भन्नुभएपछि सम्माननीय सभामुखले माननीय सदस्य आफ्नो स्थान अगाडि उठिसकेपछि के विषयमा नियमापत्ति हो भनेर सोधिएको हो तर वक्ता माननीय सदस्यले आफ्नो भनाई सोझै प्रस्तुत गर्नुभएको जानकारी गराउँदै माननीय सदस्यहरुले आफ्नो भनाई राख्दा समय लिएर राख्नुहुन विशेष ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात् "विनियोजन विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले "विनियोजन विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात् विधेयक प्रस्तुतकर्ता माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी बेलुका ५:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ५:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयोः-

१. मा० श्री गोकर्ण विष्ट
२. मा० श्री सन्तोष परियार
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री रन्जु कुमारी झा
६. मा० श्री विश्व प्रकाश शर्मा
७. मा० श्री अनिता दवी

तत्पश्चात् माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले उक्त छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि यही २०८० साल जेठ ३२ देखि असार १२ गतेसम्मका दिनहरु तोकेका व्यहोरा जानकारी गराउनु हुदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा विभिन्न मन्त्रालय एवं सचिवालय र सो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु अन्तर्गतको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको नाम सम्बन्धित संसदीय दलका पदाधिकारी मार्फत सम्बन्धित मन्त्रालयको विनियोजन शिर्षकहरुमाथि छलफल हुने दिन बैठक बस्नु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ वानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४८ बमोजिम खर्च कटौतीको प्रस्तावको सूचना दिन चाहनुहुने माननीय सदस्यहरुले ४८ घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय, सिंहदरबारमा दिनसक्नुहुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ ३२ गते बिहिबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:४० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ३२ गते विहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले भारतको लागि नेपाली राजदुत शंकर शर्माले सञ्चार माध्यममा अन्तरवार्ताको क्रममा दिनु भएको अभिव्यक्तिले नेपालको धर्म निरपेक्षताको नीतिमाथी प्रश्न खडा भएको, पशुपतिनाथ मन्दिरबाट दानपेटिका लागायत केहि मुर्ति तथा बहुमूल्य सम्पदा चोरिएको, राज्यले अनागरिक बनाएको भन्दै माइतीघर मण्डलामा आन्दोलनरत एक व्यक्तिले आत्मदाहको प्रयास गरेको साथै त्यस्तो प्रयास अझ बढ्न सक्ने भएकोले नागरिकता विहिन जनताहरुको सवालमा सरकार र न्यायालय सचेत हुनुपर्ने, सर्लाहीको इलाका प्रहरी कार्यालयमा कार्यरत डि.एस.पि.ले एउटा खसी नदिएको रिसमा एकजना पशुपालक किसानको ४२ वटा खसी अनियमति रुपमा पैठारी गरेको आरोप लगाउँदै भन्सारमा बुझाइदिएको लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रघुजी पन्त
२. मा० श्री प्रेमबहादुर आले
३. मा० श्री रेखा यादव
४. मा० डा० अमरेश कुमार सिंह
५. मा० श्री अब्दुल खान

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री श्याम कुमार घिमिरे
७. मा० श्री शान्ती वि.क.
८. मा० श्री शिव नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० श्री शेर बहादुर कुँवर
११. मा० श्री शोभा ज्ञवाली
१२. मा० श्री सन्तोष परियार
१३. मा० श्री सरस्वती सुब्बा
१४. मा० श्री सराज अहमद फारुकी
१५. मा० श्री सरिता भुसाल
१६. मा० श्री सान्ती चौधरी
१७. मा० श्री सिता मिजार
१८. मा० श्री सुमना श्रेष्ठ
१९. मा० श्री सुशीला श्रेष्ठ
२०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२१. मा० श्री सूर्य प्रसाद ढकाल
२२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२३. मा० श्री सूर्य मान तामाङ (दोङ)
२४. मा० श्री सोनु मुर्मु
२५. मा० श्री सोबिता गौतम
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री हित बहादुर तामाङ
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हृदयराम थानी
३०. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३१. मा० श्री वीना जैसवाल
३२. मा० डा० स्वर्णिम वाग्ले

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत आज शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समेत निर्धारण भएकोमा उक्त मन्त्रालयबाट वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तक प्राप्त नभएकोले आजको कार्यसूचीबाट शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम हटाई २०८० साल असार ५ गतेको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफलमा वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत छलफलमा उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनु भयो ।

१. मा० श्री नारायण प्रसाद आचार्य
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री भगवती चौधरी
४. मा० श्री सूर्य प्रसाद ढकाल

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री ऋषिकेश पोखरेल
३. मा० श्री हितराज पाण्डे
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री रोसन कार्की
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अनिता देवी
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री महेश बस्नेत
१४. मा० श्री माधव सापकोटा
१५. मा० श्री मनिष झा
१६. मा० श्री शेर बहादुर कुँवर
१७. मा० श्री श्री हृदयराम थानी
१८. मा० श्री मानविर राई
१९. मा० श्री गंगा कार्की
२०. मा० श्री बिन्दबासिनि कांसकार
२१. मा० श्री जावेदा खातुन जागा
२२. मा० श्री शोभा ज्ञवाली
२३. मा० श्री रुपा सो.शी. (चौधरी)
२४. मा० श्री नागिना यादव
२५. मा० श्री अमृत लाल राजवंशी
२६. मा० श्री कालुराम राई
२७. मा० श्री विजुला रायमाझी
२८. मा० श्री सराज अहमद फारुकी
२९. मा० श्री निर्मला कोईराला
३०. मा० श्री प्रतिक्षा तिवारी
३१. मा० श्री मेनका कुमारी पोखरेल

यसैबीच माननीय श्री रोसन कार्कीले छलफलमा भाग लिने क्रममा युवा तथा खेलकुद मन्त्री बैठकमा नदेखिएको भन्नुभएपछि सम्माननीय सभामुखले युवा तथा खेलकुद मन्त्री देश बाहिर रहनुभएकोले उहाँको कार्यभार सम्हाल्नु भएका मन्त्रीलाई उपस्थित गराइने र सम्बन्धित मन्त्रालयबाट सचिव सहितको टोली टिपोटको लागि आउनु भएको जानकारी गराउनु भयो । त्यसपछि मा० श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै मन्त्रीको उपस्थिति विना मन्त्रालयको कार्यक्रममाथि छलफल हुन नसक्ने भएकोले युवा तथा खेलकुद मन्त्रालयको कार्यक्रम आजको सूचीबाट हटाईयोस् भन्नुभएपछि सम्माननीय सभामुखले युवा तथा खेलकुद मन्त्रीको उपस्थिति सम्बन्धमा प्रश्न उठेकोले कार्यसूचीमा रहेको युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विषयलाई सूचीबाट हटाई बाँकी दुईवटा मन्त्रालयका सम्बन्धमा मात्र छलफल हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै विनियोजन विधेयक, २०८० अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार १ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै आजको बैठकमा मा० युवा तथा खेलकुद मन्त्री अनुपस्थित रहनु भएकोले दैनिक कार्यसूचीबाट हटाईएको र युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम २०८० साल असार ६ गतेको लागि निर्धारण गरेको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:०० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अनिता देवी
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अब्दुल खान
६. मा० श्री अम्मर बहादुर थापा
७. मा० श्री अम्मर बहादुर रायमाझी
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री अमृता देवी अग्रहरी
१०. मा० श्री अर्जुन नरसिंह के.सी.
११. मा० श्री अरुण कुमार चौधरी
१२. मा० श्री अशोक कुमार चौधरी
१३. मा० श्री अस्मा कुमारी चौधरी
१४. मा० श्री असिम शाह
१५. मा० श्री इश्वर बहादुर रिजाल
१६. मा० श्री ईश्वरी घर्ती
१७. मा० श्री ईश्वरी देवी न्यौपाने
१८. मा० श्री उर्मिला थेवे
१९. मा० श्री एकनाथ ढकाल
२०. मा० श्री किरण कुमार साह
२१. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
२२. मा० श्री गणेश पराजुली
२३. मा० श्री गोमा लाभ (सापकोटा)
२४. मा० श्री चन्दा कार्की (भण्डारी)
२५. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२६. मा० श्री चित्र बहादुर के.सी.
२७. मा० श्री ज्वाला कुमारी साह
२८. मा० श्री जावेदा खातुन जागा

त्यसपछि विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री दामोदर भण्डारी
२. मा० श्री बलराम अधिकारी
३. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
४. मा० श्री प्रेम सुवाल

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री रेखा यादव
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० डा० चन्द्र कान्त राउत
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री अरुण कुमार चौधरी
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री अर्जुन नरसिंह के.सी.
१४. मा० श्री बासुदेव घिमिरे
१५. मा० श्री महेन्द्र बहादुर शाही
१६. मा० श्री शिव नेपाली
१७. मा० श्री विना लामा
१८. मा० श्री मन्जु शर्मा अन्सारी
१९. मा० श्री उदय शंशेर ज.ब.रा.
२०. मा० श्री सरस्वती सुब्बा

२१. मा० श्री राम कुमार राई
२२. मा० श्री सोबिता गौतम
२३. मा० श्री अजय कुमार चौरसिया
२४. मा० श्री तारा लामा तामाङ
२५. मा० श्री लेख नाथ दाहाल
२६. मा० श्री अशोक कुमार चौधरी
२७. मा० श्री सञ्जय कुमार गौतम
२८. मा० श्री लाल प्रसाद साँवा लिम्बू
२९. मा० श्री रणेन्द्र बराली
३०. मा० श्री राजेन्द्र बजगाई
३१. मा० श्री किरण कुमार शाह
३२. मा० श्री हृदयराम थानी
३३. मा० श्री अस्मा कुमारी चौधरी
३४. मा० श्री मैना कार्की
३५. मा० श्री सान्ती चौधरी
३६. मा० श्री कुसुम देवी थापा
३७. मा० श्री अम्मर बहादुर रायमाझी
३८. मा० श्री देव प्रसाद तिमलसेना
३९. मा० श्री महेश कुमार वर्तौला

यसैक्रममा माननीय श्री गणेश पराजुली बोल्न लाग्नु हुँदा माननीय श्री दिपा शर्माले शिक्षा मन्त्रालयको स्वीकृतीबाट भृकुटी मण्डपमा आयोजित शैक्षिक मेलालाई काठमाडौं महानगरपालिकाले हटाएको सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले सदनमा जवाफ दिनुपर्ने भन्नुभएपछि माननीय श्री संजय कुमार गौतमले वक्ता माननीय सदस्यले कुन विषयमा नियमापत्ति गर्नु भएको हो, संसदको कुन नियमावली र प्रक्रियाबाट यो विषय आएको हो जानकारी पाउनु पर्छ भन्नु भयो ।

त्यसपछि माननीय श्री महेश कुमार वर्तौलाले काठमाडौ महानगरपालिकाले कार्यक्रम रोकेर हजारौं विद्यार्थी अलपत्र पारेको सम्बन्धमा माननीय सदस्यलाई भर्खर सदन चलिरहेकै अवस्थामा जानकारी प्राप्त भएकोले सरकारको ध्यानाकर्षण गराएको हो भन्नुभएपछि सम्माननीय सभामुखले यस विषयमा सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो । यसैगरी माननीय श्री रन्जु कुमारी झाले पूर्व वक्ता माननीय सदस्यले उठाउनु भएकै विषयमा आफुलाई आकस्मिक समय नदिइएको तर छलफलको बिचमा यसरी बोल्न कुन नियम अनुसार दिइयो भन्नुभयो । साथै माननीय श्री हृदयराम थानीले सदनमा माननीय सदस्यहरुले बोल्दा उपयुक्त समयमा सम्माननीय सभामुख मार्फत् समय लिएरमात्र बोल्नुपर्ने कुरामा चनाखो हुनुपर्छ भन्नुभयो साथै माननीय श्री मनिष झाले हिजो स्थानिय निकायको नियमावली अनुसार नै रोकिएको मेलाको विषय उठाएर विनियोजन विधेयकमाथीको छलफलमा भाग लिन रोष्ट्रममा पुग्नुभएका माननीय सदस्यलाई रोक्नु अमर्यादित रहेको र यसमा आपत्ति छ भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सभाको बैठक व्यवस्थापन हामी सबैको जिम्मेवारीको विषय हो भन्नुहुँदै नियमापत्तिमा आकर्षित नहुने विषय राख्न आकस्मिक, शून्य र विशेष समयको व्यवस्था रहेको कुरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र विनियोजन विधेयक, २०८० अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार ३ गतेको बैठकमा हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ३ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:०५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले संखुवासभा, तेह्रथुम, ताप्लेजुङ र पाँचथर लगायत पूर्वी पहाडमा अविरल वर्षाका कारण आएको बाढीले ठूलो धनजनको क्षती भएको, हाइड्रो पावरका २५ जनाभन्दा बढी मजदुरहरु वेपत्ता भएकोले माननीय गृहमन्त्रीले उक्त विपद्को अवस्थाको सदनमा जानकारी गराउनु पर्ने, नागरिकता नपाएको कारणले आत्महत्या गर्नेक्रम बढेकोले सरकारले यस तर्फ ध्यान दिनु पर्ने, फास्ट ट्रयाकबाट राहदानी बनाउने प्रणाली विकास गर्नुपर्ने, किसानहरुले आफुले उत्पादन गरेका तरकारीको लागत अनुसारको बजार मूल्य नपाएर सडकमा तरकारी फालेर आन्दोलन गर्न बाध्य भएकोले सरकारले बजारको सुनिश्चितताको दायित्व लिनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री दिपक खड्का
२. मा० श्री योगश कुमार भट्टराई
३. मा० श्री राम कुमार राई
४. मा० श्री अशोककुमार चौधरी
५. मा० श्री अब्दुल खान
६. मा० श्री अम्मरबहादुर थापा
७. मा० श्री महेशकुमार वर्तौला

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० डा० तोसीमा कार्की
५. मा० श्री दयाल बहादुर शाही
६. मा० श्री दामोदर पौडेल बैरागी
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दुर्गा राई
१०. मा० श्री दिपा शर्मा
११. मा० श्री धन बहादुर बुढा
१२. मा० श्री ध्रुब बहादुर प्रधान
१३. मा० श्री नवल किसोर साह सुडी
१४. मा० श्री नारायण प्रसाद आचार्य
१५. मा० श्री नागिना यादव
१६. मा० श्री नारायणी शर्मा
१७. मा० श्री निशा डांगी
१८. मा० श्री पुष्पबहादुर शाह
१९. मा० श्री पूर्णबहादुर घर्ती मगर
२०. मा० श्री प्रतिमा गौतम
२१. मा० श्री प्रतिक्षा तिवारी
२२. मा० श्री प्रदिप पौडेल
२३. मा० श्री प्रभु शाह
२४. मा० श्री प्रभु हजारा दुषाध
२५. मा० श्री प्रेमबहादुर महर्जन
२६. मा० श्री बासुदेव घिमिरे
२७. मा० श्री बिन्दवासिनी कांसकार
२८. मा० श्री विनिता कठायत

तत्पश्चात् माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल प्रारभ्म हुनासाथ माननीय श्री महेश कुमार वर्तौलाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तकमा प्रदेश सभाले नामाकरण गरिसकेको नाम उल्लेख नगरी प्रदेश नम्बर लेखिएर आएकोले उक्त पुस्तकमा प्रदेशको वास्तविक नाम उल्लेख भएर आएपछि मात्रै सो मन्त्रालयको विनियोजन शीर्षकहरुमाथिको छलफल हुनेगरी आजको कार्यसूचीबाट हटाउन माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीलाई यस विषयमा स्पष्ट पार्न समय दिनुहुँदा उहाँले उक्त पुस्तकमा प्रदेशको नाम उल्लेख गरी सच्याएर माननीय सदस्यहरुलाई पुनः वितरण गरिने गर्ने जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले कार्यक्रम अगाडी बढाउन खोज्नुहुँदा माननीय श्री महेश कुमार वर्तौलाले पुस्तिका सच्चिएर नआएसम्म छलफल हुन सक्दैन भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत निर्धारण भएकोमा उक्त मन्त्रालयबाट प्राप्त वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तकमा प्रदेशको नाम उल्लेख नभई अङ्कमा राखेकोले अन्यौलता भएको हुँदा आजको कार्यसूचीबाट उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम कार्यसुचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा सङ्घीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री लिला नाथ श्रेष्ठ
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री प्रेम सुवाल

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री बद्री प्रसाद पाण्डे
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री विमला सुवेदी
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री प्रेम बहादुर आले
८. मा० श्री विनिता कुमारी सिंह
९. मा० श्री लाल विर चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री रामहरि खतिवडा
१४. मा० श्री विद्या भट्टराई
१५. मा० श्री रणेन्द्र बराली
१६. मा० डा० तोसिमा कार्की
१७. मा० श्री गिता बस्नेत
१८. मा० श्री अम्मर बहादुर थापा
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री राजेन्द्र कुमार राई
२१. मा० श्री दुर्गा राई
२२. मा० श्री बुद्धिमान तामाङ
२३. मा० श्री राजेन्द्र कुमार के.सी.
२४. मा० श्री मेनका कुमारी पोखरेल
२५. मा० श्री छ्रिरिङ डम्डुल लामा (भोटे)
२६. मा० श्री देव प्रसाद तिमलसेना
२७. मा० श्री दामोदर पौडेल बैरागी
२८. मा० श्री संजय कुमार गौतम
२९. मा० श्री हेमराज राई
३०. मा० श्री लिला देवी बोखिम लिम्बु
३१. मा० श्री नारायण प्रसाद आचार्य
३२. मा० श्री राम शंकर यादव
३३. मा० श्री सम्झना थापलिया
३४. मा० श्री प्रेम बहादुर महर्जन

यसै क्रममा माननीय श्री दुर्गा राईले बोल्ने क्रममा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (ख) प्रतिकुल अभिव्यक्ति दिनु भएको भनी माननीय श्री प्रतिक्षा तिवारीले नियमापत्ति गर्नुहुँदै माननीय श्री दुर्गा राईको अभिव्यक्ति संसदको रेकर्डबाट हटाउन माग गर्नु भएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को खण्ड (ख) अनुसार सभामुखले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक सभामुखको आचरणको आलोचना गर्न नहुने भन्ने व्यवस्था प्रति माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र विनियोजन विधेयक, २०८० अन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार ४ गतेको बैठकमा हुने, साथै आजको दैनिक कार्यसूचीबाट हटाईएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम २०८० साल असार ८ गतेको लागि निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ४ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ४ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर माननीय श्री सुनिता बरालले त्रिभुवन विश्व विद्यालयका उपप्राध्यापकलाई कार्यालय परिसरभित्रै निर्घात कुटपिट मुद्दा सरकारले फिर्ता गरेको विषयमा जवाफ दिनु पर्ने भन्नु भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला सुबेदी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री भीम प्रसाद आचार्य
४. मा० श्री मन बहादुर गुरुङ्ग
५. मा० श्री मनिष झा
६. मा० श्री महेश कुमार वर्तौला
७. मा० श्री मानबीर राई
८. मा० श्री मिना तामाङ
९. मा० श्री मुक्ता कुमारी यादव
१०. मा० श्री मेटमणी चौधरी
११. मा० श्री मेनका कुमारी पोखेल
१२. मा० श्री मैना कार्की
१३. मा० श्री मंगल प्रसाद गुप्ता
१४. मा० श्री मंजु शर्मा अन्सारी
१५. मा० श्री रघुजी पन्त
१६. मा० श्री रण कुमारी बलम्पाकी मगर
१७. मा० श्री रणेन्द्र बराली
१८. मा० श्री रन्जु कमारी झा
१९. मा० श्री रमा कोइराला पौडयाल
२०. मा० श्री राजेन्द्र बजगाई
२१. मा० श्री राजेन्द्र कुमार के.सी.
२२. मा० श्री राजेन्द्र कुमार राई
२३. मा० श्री राम कुमार राई
२४. मा० श्री राम कृष्ण यादव
२५. मा० श्री राम प्रकाश चौधरी
२६. मा० श्री राम शंकर यादव
२७. मा० श्री रामहरि खतिवडा
२८. मा० श्री रुक्मणी राना बराइली
२९. मा० श्री रुपा सो.शी. (चौधरी)
३०. मा० श्री रेखा यादव
३१. मा० श्री रोसन कार्की
३२. मा० श्री लक्ष्मी तिवारी
३३. मा० श्री लाल प्रसाद साँवा लिम्बु
३४. मा० श्री लिला नाथ श्रेष्ठ

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री दामोदर पौडेल (बैरागी)
३. मा० श्री दिपा शर्मा
४. मा० श्री गोकर्ण विष्ट
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री प्रभु साह

तदुपरान्त उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री सन्तोष परियार
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री सुशिला श्रेष्ठ
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अब्दुल खान
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० डा० अमरेश कुमार सिंह
११. मा० श्री योगेन्द्र मण्डल
१२. मा० श्री अर्जुन नरसिंह के.सी.
१३. मा० श्री रघुजी पन्त
१४. मा० श्री माधव सापकोटा
१५. मा० श्री असिम शाह
१६. मा० श्री प्रतिमा गौतम

१७. मा० श्री ज्वाला कुमारी साह
१८. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१९. मा० श्री मनिष झा
२०. मा० श्री संजय कुमार गौतम
२१. मा० श्री एकनाथ ढकाल
२२. मा० श्री उर्मिला माझी
२३. मा० श्री नागिना यादव
२४. मा० श्री सुनिता बराल
२५. मा० श्री जावेदा खातुन जागा
२६. मा० श्री सराज अहमद फारुकी
२७. मा० डा० नारायण खड्का
२८. मा० श्री हर्कमाया विश्वकर्मा
२९. मा० श्री देव प्रसाद तिमलसेना
३०. मा० श्री सम्झना थपलिया
३१. मा० श्री नारायण प्रसाद आचार्य
३२. मा० श्री सूर्य प्रसाद ढकाल

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र विनियोजन विधेयक, २०८० अन्तर्गत शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार ५ गतेको बैठकमा हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ५ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:२० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ५ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर माननीय श्री बसन्त कुमार नेम्वाङ्गले केही दिनदेखि पूर्वी पहाडी जिल्लाहरु संखुवासभा, ताप्लेजुङ र पाँचथर आदिमा अविरल वर्षाका कारण आएको बाढीले ठूलो धनजनको क्षती भएको, ३४ घर क्षतिग्रस्त भएको, निजी क्षेत्रको लगानीमा सञ्चालित ६ वटा हाइड्रो पावरमा क्षति भएको, हेवा खोलाको विभिन्न स्थानमा भत्किएको पुलहरुमा बेलीब्रिज राख्ने कामलाई शिघ्रता दिनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री वीना जैसवाल
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शेर बहादुर कुँवर
१०. मा० श्री सन्तोष परियार
११. मा० श्री सम्झना थपलिया
१२. मा० श्री सरस्वती बजिमय
१३. मा० श्री सराज अहमद फारुकी
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सिता कुमारी राना
१७. मा० श्री सिता मिजार
१८. मा० श्री सुनिता बराल
१९. मा० श्री सुमना श्रेष्ठ
२०. मा० श्री सुशीला श्रेष्ठ
२१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२२. मा० श्री सूर्य प्रसाद ढकाल
२३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२४. मा० श्री सूर्यमान तामाङ (दोङ)
२५. मा० श्री सोबिता गौतम
२६. मा० श्री संजय कुमार गौतम
२७. मा० श्री हर्क माया विश्वकर्मा
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हरि ढकाल
३०. मा० श्री हेमराज राई
३१. मा० श्री ज्ञानु बस्नते सुवेदी
३२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै केही दिनदेखि पूर्वी पहाडी जिल्लामा परेको अविरल वर्षाका कारण आएको बाढी पहिरोबाट त्यस क्षेत्रमा भएको जनधनको क्षति र सरकारबाट भैरहेको राहत तथा उद्धार कार्यको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय उपप्रधान तथा गृह मन्त्रीको जवाफमा आफुले सदनमा उठाएका विषयहरु नआएको भन्नुहुँदै केही माननीय सदस्यहरुले आपत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय उपप्रधान तथा गृह मन्त्रीले नियमावलीको नियम १५ बमोजिम आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिनु भएकोले यसमा स्पष्टिकरणको व्यवस्था नरहेको र माननीय सदस्यहरुले उठाउनु भएको र छुटेका विषयहरुका सम्बन्धमा सदनको ध्यानाकर्षण भैसकेकोले आगामी दिनमा उक्त विषयका सम्बन्धमा माननीय मन्त्रीले जानकारी गराउनु हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम २०८० असार ८ गतेको बैठकमा हुने र सो कार्यक्रमको लागि सम्पूर्ण सदस्य संख्यालाई वर्णानुक्रमानुसार हरेक समूहमा १५ जना सदस्य (सभामुख, मन्त्री तथा उपसभामुख बाहेक)

रहने गरी जम्मा १७ समूहमा विभाजन गरिएको व्यहोरा जानकारी गराउनु हुँदै नियमानुसार प्रत्येक महिना प्रधानमन्त्रीसँग हुने प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा यसरी विभाजन गरिएको समूहमा रहेका मा० सदस्यहरुले क्रमशः प्रश्न सोध्न सक्नुहुने र समूह १ मा रहेका माननीय सदस्यहरुले यस महिना प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम आजै दिनको ५ बजेभित्र प्रतिनिधि सभाको सचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम ७ जना माननीय सदस्यहरुबाट खर्च कटौतीको प्रस्तावहरु प्राप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै सभाले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको वार्षिक विकास कार्यक्रम पुस्तिकामा प्रदेशको नाम सच्याएर वितरण गर्ने प्रतिवद्धता गरेपनि वितरण भएको पुस्तिकामा प्रदेशको नाम नै नराखिएकोले पुनः फिर्ता पठाएर प्रदेशको नाम सहित वितरण गर्नुपर्ने र आजै छलफलमा रहेको शहरी विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रम पुस्तिकामा समेत लुम्बिनी प्रदेशको नामको सट्टा कार्यक्रम शीर्षकमा प्रदेश नं. ५ लेखी आएकोले आजको कार्यसूचीबाट उक्त मन्त्रालयको कार्यक्रम हटाईयोस् भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विषय आजको कार्यसूचीमा नभएकोले ध्यानाकर्षण भएको जानकारी गराउँदै माननीय सदस्यले उठाउनु भएको विषयका सम्बन्धमा माननीय शहरी विकास मन्त्रालय मन्त्री श्री सीता गुरुङ्गलाई बोल्न समय दिनुहुँदा उहाँले मन्त्रालयबाट उपलब्ध गराइएको पुस्तिकामा माननीय सदस्यले भन्नुभएको जस्तो त्रुटि भए सच्याइने जानकारी गराउँदै आजको कार्यसूची माथिको छलफल अगाडि बढाउनका लागि अनुरोध गर्नुहुँदा माननीय सूर्य बहादुर थापा क्षेत्रीले नामाकरण भइसकेको लुम्बिनी प्रदेशको नाम समावेश गरिएको पुस्तक वितरण नभएसम्म छलफल अगाडी बढाउन मिल्दैन भन्नुभयो ।

त्यसपछि सम्माननिय सभामुखले विनियोजन विधेयकको विभिन्न शीर्षकहरुमाथिको छलफललाई निश्चित समयभित्र सक्नुपर्ने बाध्यता रहेको र माननीय शहरी विकास मन्त्रीले त्रुटि हेरेर सच्याउने जानकारी गराइसक्नु भएकोले छलफललाई अगाडि बढाउन माननीय सदस्यहरुलाई अनुरोध गर्नुभएपछि माननीय श्री छविलाल विश्वकर्माले सच्याइएर पुनः वितरण गरेको भनिएको पुस्तक समेत त्रुटिपुर्ण भएकोले सच्याउने शर्तमा शहरी विकास मन्त्रालयको छलफल अगाडी बढाउने सकिदैन भन्नुभयो ।

तदुपरान्त माननीय रमेश लेखकले सम्माननीय सभामुखबाट माननीय शहरी विकास मन्त्रीले त्रुटि हेरेर सच्याएर ल्याउनु हुने शर्तमा छलफल अगाडी बढाउन आग्रह गरिसक्नु भएको र सभामुखको आग्रह निर्देश सरह हुने भएकोले यसमा असहमति व्यक्त गर्ने विषयमा विचार गर्नुहुन आग्रह गर्नुभएपछि माननीय श्री रघुजी पन्तले सभामुखबाट भएको निर्देशमा एकरुपता राख्न पनि अघिल्लो बैठकमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पुस्तिकामा प्रदेशको नाम सच्याउन निर्देश भइसकेकोले शहरी विकास मन्त्रालयको पुस्तिकामा पनि नाम सच्याउन निर्देश नभएसम्म छलफल अगाडी बढाउन सकिदैन भन्नुभएपछि सम्माननीय सभामुखले १५ मिनेटपछि बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको १५ मिनेटपछि बजे बस्ने गरी दिनको १२:२० बजे बैठक स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटको लागि स्थगित भएको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले हामी विनियोजन विधेयक अन्तर्गत विभिन्न मन्त्रालयगत छलफलमा छौं । सम्बन्धित मन्त्रालयहरुबाट वार्षिक रुपमा सम्पादन हुने कार्यक्रम समावेश पुस्तिकामा उल्लेखित केही विषयहरु, खास गरी प्रदेश सभाबाट पारित प्रदेशको नाम उल्लेख हुनुपर्नेमा सो नभएको विषयमा ध्यानाकर्षण सहित सच्याउनका लागि यस अघि निर्देशन भइसकेको छ । साथै त्यस्ता कुनै त्रुटिहरु भएका भए तत्काल सच्याउन पुनः निर्देशन गर्दछु भन्नुहुँदै सभाको आजको कार्यसूचीमा रहेको सहरी विकास मन्त्रालय अन्तर्गत वार्षिक रुपमा सम्पादन हुने कार्यक्रमको शीर्षकहरुमा प्रदेशको नाम हुनुपर्नेमा अंक उल्लेख भएको र यस विषयमा माननीय सदस्यहरुले प्रश्न उठाइसके पश्चात् माननीय मन्त्रीले सदनलाई जानकारी गराउँदै सच्याउने समेत प्रतिवद्धता व्यक्त गरिसक्नुभएकाले अंकको सट्टा प्रदेशको नाम राखी आवश्यकता अनुसार सुधार गर्न म सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री ठाकुर प्रसाद गैरे
४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
५. मा० श्री प्रभु साह
६. मा० श्री जुली कुमारी महतो (महासेठ)
७. मा० डा० स्वर्णीम वाग्ले

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री छविलाल विश्वकर्मा
३. मा० श्री हित बहादुर तमाङ
४. मा० श्री निशा डाँगी
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री रन्जुकुमारी झा
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री लालविर चौधरी
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री अर्जुन नरसिंह के.सी.
१४. मा० श्री बिजुला रायमाझी
१५. मा० श्री लेखनाथ दाहाल
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री राजेन्द्र कुमार राई
१८. मा० श्री नारायणी शर्मा
१९. मा० श्री राम नाथ अधिकारी
२०. मा० श्री तारा लामा तामाङ
२१. मा० श्री रणेन्द्र बराली
२२. मा० श्री सीता कुमारी राना
२३. मा० श्री बलराम अधिकारी
२४. मा० श्री राम कृष्ण यादव
२५. मा० श्री राजकुमार गुप्ता

यसैबीच माननीय श्री रामप्रकाश चौधरीले छलफलमा भाग लिइसकेपछि सम्माननीय सभामुखले जनप्रतिनिधिको थलो प्रतिनिधि सभामा मर्यादित र अनुशासित भएर बसिदिनुहुन माननीय सदस्यहरुलाई ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि माननीय श्री राजकुमार गुप्ताले छलफलमा भाग लिइसकेपछि सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी असामयिक मृत्यु भएको जानकारी प्राप्त भएकोले यस दुखद घडीको संवेदनशीलतालाई महशुस गर्दै सम्माननीय सभामुखले बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ६ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ८:०५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३१ र ३२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ६ गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, नेपाली काँग्रेसको तर्फबाट वि.सं. २०७९ सालमा बझाङ जिल्ला निर्वाचन क्षेत्र नं. १ (क) बाट सुदूरपश्चिम प्रदेश सभा निर्वाचनमा निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका, ग्रामिण विकासमा उल्लेखनीय योगदान पुऱ्याउनु भएका सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी उपचारको क्रममा २०८० असार ५ गते मंगलबार ६५ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सभाले दिवंगत पृथ्वीबहादुर सिंहको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै आधा घण्टापछि बस्ने गरी बिहान ११:३५ बजे बैठक स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिता देवी
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अब्दुल खांन
६. मा० श्री अम्मर बहादुर थापा
७. मा० श्री अम्मर बहादुर रायमाझी
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री अमृत लाल राशवंशी
१०. मा० श्री अमृता देवी अग्रहरी
११. मा० श्री अर्जुन नरसिंह के.सी.
१२. मा० श्री अरुण कुमार चौधरी
१३. मा० श्री अशोक कुमार चौधरी
१४. मा० श्री अस्मा कुमारी चौधरी
१५. मा० श्री ईश्वर बहादुर रिजाल
१६. मा० श्री ईश्वरी घर्ती
१७. मा० श्री ईश्वरी देवी न्यौपाने
१८. मा० श्री उर्मिला थेवे
१९. मा० श्री उर्मिला माझी
२०. मा० श्री एकनाथ ढकाल
२१. मा० श्री ऐन बहादुर शाही ठकुरी
२२. मा० श्री कल्पना चौधरी
२३. मा० श्री कालुराम राई
२४. मा० श्री किरण कुमार साह
२५. मा० श्री कुसुम देवी थापा
२६. मा० श्री गणेश पराजुली
२७. मा० श्री गिता बस्नेत
२८. मा० श्री गोमा लाभ (सापकोटा)
२९. मा० श्री गंगा कार्की
३०. मा० डा० चन्दा कार्की भण्डारी
३१. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
३३. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
३४. मा० श्री ज्वाला कुमारी साह
३५. मा० श्री जावेदा खातुन जागा
३६. मा० श्री जुली कुमारी महतो (महासेठ)

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत २०८० असार ५ गते भएको शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफल अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो:-

१. मा० श्री सूर्य प्रसाद ढकाल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सुमना श्रेष्ठ
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री अच्युत प्रसाद मैनाली
७. मा० श्री ज्वाला कुमारी साह
८. मा० श्री प्रभु साह

त्यसपछि उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री जनादर्न शर्मा
४. मा० श्री विनिता कठायत
५. मा० श्री ध्रुब बहादुर प्रधान
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री शेर बहादुर कुँवर
८. मा० श्री अब्दुल खांन
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० श्री योगेन्द्र मण्डल
११. मा० श्री अर्जुन नरसिंह के.सी.
१२. मा० श्री मंगल प्रसाद गुप्ता
१३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
१४. मा० श्री हरि ढकाल
१५. मा० श्री विना जैसवाल
१६. मा० श्री अम्मर बहादुर थापा
१७. मा० श्री बद्री प्रसाद पाण्डे
१८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१९. मा० श्री मिना तामाङ
२०. मा० श्री सोबिता गौतम
२१. मा० श्री रामनाथ अधिकारी
२२. मा० श्री गंगा प्रसाद यादव
२३. मा० श्री शंकर भण्डारी
२४. मा० श्री उर्मिला थेवे
२५. मा० श्री नागिना यादव
२६. मा० श्री मन बहादुर गुरुङ
२७. मा० श्री पूर्ण बहादुर तामाङ
२८. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२९. मा० श्री राम कृष्ण यादव
३०. मा० श्री प्रतिक्षा तिवारी
३१. मा० श्री रामहरि खतिवडा
३२. मा० श्री इश्वरी घर्ती
३३. मा० श्री मैना कार्की
३४. मा० श्री अमृतलाल राजवंशी
३५. मा० श्री जावेदा खातुन जागा
३६. मा० श्री सरिता भुसाल
३७. मा० श्री दिपा शर्मा
३८. मा० श्री प्रभु हजारा दुसाध

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै विनियोजन विधेयक, २०८० अन्तर्गत सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार ८ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ८ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ७:४५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ८ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा अविरल वर्षाका कारण ओखलढुङ्गाको चम्पादेवी-८, विलन्दुमा आएको पहिरोले एकैघरका ४ जनाको मृत्यु भएको, उच्च अदालतको निर्देशनबाट परीक्षामा सामेल भएकी विद्यार्थीको रिजल्ट कलेजले पुनः उच्च अदालतले रिजल्ट दिनु भन्ने आदेश आएपछि मात्रै दिने भन्दै अन्याय गरेको, गोरखा जिल्लाको शहिद लखन गाउँपालिकामा जिप दुर्घटनामा परि ५ जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको, सडक दुर्घटना न्यूनिकरण गर्न सरकारले विशेष ध्यान दिनु पर्ने, विद्यालय कर्मचारीको आन्दोलन र शैक्षिक क्षेत्रमा सुधारका विषयमा सदनमा लगातार आवाज उठेको तर आजसम्म त्यसको समाधानका लागि सरकारले ध्यान नदिएको, सार्वजनिक सर्जमिन गरी २०६३ सालदेखिका विदेशीलाई जन्मका आधारमा दिइएका नागरिकता खारेज गर्नु पर्ने, जन्मका आधारमा नागरिकता पाएका नेपालीका सन्तानलाई बंशजको आधारमा नागरिकता दिन नहुने, लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री रामहरि खतिवडा
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री हितराज पाण्डे
४. मा० श्री राजेन्द्र बजगाई
५. मा० श्री एकनाथ ढकाल
६. मा० श्री देवेन्द्र पौडेल
७. मा० श्री प्रेम सुवाल

त्यसपछि प्रारम्भ भएको प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले जवाफ दिनुभयोः-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अन्जनी श्रेष्ठ
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री अब्दुल खांन
६. मा० श्री अम्बिका बस्नेत
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अम्मर बहादुर रायमाझी
९. मा० डा० अमरेश कुमार सिह
१०. मा० श्री अमृत लाल राजवंशी
११. मा० श्री अमृता देवी अग्रहरी
१२. मा० श्री अर्जुन नरसिंह के. सी.
१३. मा० श्री अशोक कुमार चौधरी

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयोः-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री प्रेम सुवाल

यसैक्रममा माननीय श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गरी सक्नुभएपछि माननीय श्री महेश कुमार वर्तौलाले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा आजको कार्यसूचीमा उपराष्ट्रपतिको कार्यालयको समेत विषय रहेको तर उक्त कार्यालयको विनियोजन पुस्तक हालसम्म पनि प्राप्त नभएकोले उपराष्ट्रपतिको कार्यालयको शीर्षकहरुमाथि छलफलको विषय आजको कार्यसूचीबाट हटाइयोस् भन्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उपराष्ट्रपतिको कार्यालयको विनियोजन पुस्तक उपलब्ध गराउन पहल भएको र विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल समयमै सकाउनु पर्ने बाध्यता रहेकोले छलफललाई अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्नुहुँदा माननीय श्री महेश कुमार वर्तौलाले उपराष्ट्रपतिको कार्यालयलाई सरकारले छुट्याएको बजेटको शिर्षकका बारेमा सदनले जानकारी पाउनु पर्छ । उक्त शिर्षक उपर सम्बन्धित कार्यालयको पुस्तक उपलब्ध नभएसम्म छलफल हुन सक्दैन भन्नु भएपछि सम्माननीय सभामुखले १५ मिनेटपछि बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको यो बैठक आजै १५ मिनेट पछि बस्ने गरी दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

प्रारम्भमा सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथिको छलफल आजको कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँनु हुँदै उक्त कार्यालयको विनियोजन शीर्षकहरुमाथि खर्च कटौतीको प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरुले अबको १२ घण्टाभित्र विधेयक शाखामा दिन सक्नुहुने जानकारी गराउनु भयो ।

त्यसपछि विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयोः-

१. मा० श्री प्रभु साह
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री सराज अहमद फारुकी
४. मा० डा० अमरेश कुमार सिंह
५. मा० श्री हरिप्रसाद उप्रेती
६. मा० श्री पदम गिरी

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री पूर्ण बहादुर घर्ति मगर
४. मा० श्री रवि लामिछाने
५. मा० श्री बुद्धिमान तामाङ
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अब्दुल खांन
९. मा० श्री महन्थ ठाकुर
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१३. मा० श्री विराज भक्त श्रेष्ठ
१४. मा० श्री ध्रुब बहादुर प्रधान
१५. मा० श्री प्रेम बहादुर आले
१६. मा० श्री संजय कुमार गौतम
१७. मा० श्री इश्वर बहादुर रिजाल
१८. मा० श्री रणेन्द्र बराली
१९. मा० श्री धवल शमशेर जंग बहादुर राणा
२०. मा० श्री हृदयराम थानी
२१. मा० श्री रण कुमारी बलम्पाकी मगर
२२. मा० श्री राम कुमार राई
२३. मा० डा० नारायण खड्का
२४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२५. मा० श्री अच्युत प्रसाद मैनाली
२६. मा० श्री पूर्ण बहादुर तामाङ
२७. मा० श्री शान्ती श्रेष्ठ
२८. मा० श्री जाबेदा खातुन जागा
२९. मा० श्री रुक्मणी राना बराइली
३०. मा० श्री सूर्य प्रसाद ढकाल
३१. मा० श्री सुशिला थिङ
३२. मा० श्री तारा लामा तामाङ

यसैक्रममा माननीय श्री हृदयराम थानीले आफ्नो भनाई राखी सक्नु भएपछि माननीय श्री महेश कुमार वर्तौलाले नियमापत्ति गर्नुहुँदै माननीय श्री रणेन्द्र बराइलीले बोल्ने क्रममा खर्च कटौतीको प्रस्तावमाथीको छलफल नाटक हो भन्नुहुँदै प्रनिनिधि सभा नियमावली, २०७९ को नियम १४६ ले गरेको व्यवस्थाको प्रतिकुल अभिव्यक्ति दिनु भएकोले उहाँको उक्त अभिव्यक्ति संसदको रेकर्डबाट हटाउनु पर्ने भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को नियम १४६ तर्फ वक्ता माननीय सदस्यको ध्यानाकर्षण गराउनु भयो ।

यसैबीच माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले बोल्ने क्रममा छलफलको लागि बैठकमा गणपुरक संख्या आवश्यक पर्ने हो वा होइन भन्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ६ को उपनियम (५) बमोजिम बैठकमा मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल हुँदा मन्त्री अनिवार्य हुनु पर्ने भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १० गते आइतबार बिहान १०:०० बजे बस्ने गरी बेलुका ७:५५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १० गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान १०:१० बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले आर्थिक मन्दी, बेरोजगारी र कानूनी सचेतनाको अभावले महिलाहरु घरभित्रै असुरक्षीत रहेको, भोजपुरमा महिलाको विभत्स हत्या गरी आत्महत्या भनिएको घटनाको छानविन हुनुपर्ने, सिन्धुलीको गोलन्जोर गाउँपालिकामा अविरल वर्षा र बाढी पहिरोले ३१ घरधुरी र बालीनाली नष्ट हुनुका साथै अन्य घरहरु समेत असुरक्षित भएकोले तत्काल राहत एवं उद्धारकार्य अगाडि बढाउनु पर्ने, बाग्लुङको ढोरपाटनमा चटयाङबाट २ जना र सवारी दुर्घटनाबाट ३ जनाको मृत्यु भएको र दर्जनौ घाइते भएकोले तत्काल घाईतेहरुको उपचारको व्यवस्था हुनु पर्ने, भौगोलिक अवस्थाले चटयाङको उच्च जोखिममा रहेको हाम्रो देशमा चटयाङ न्यूनीकरणको लागि आवश्यक कदम चाल्नुपर्ने लगायतको विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री प्रतिक्षा तिवारी
२. मा० श्री सुशिला थिङ
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री शिव नेपाली

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो:-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री भगवती चौधरी
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री मनिष झा
५. मा० श्री रोसन कार्की
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री अब्दुल खां
८. मा० श्री अरुण कुमार चौधरी
९. मा० श्री मानविर राई
१०. मा० श्री बलराम अधिकारी

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत उपराष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउन हुँदै विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रमसमेत समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

यसैबिच सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को खण्ड (ञ) को व्यवस्था प्रति ध्यानाकर्षण गराउनु हुँदै बैठकमा प्रत्रिका पढ्ने काम नगर्नु हुन अनुरोध गर्नुभयो ।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठको जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री अच्युत प्रसाद मैनाली
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६. मा० श्री रामहरि खतिवडा
७. मा० श्री सराज अहमद फारुकी
८. मा० श्री ईश्वर बहादुर रिजाल
९. मा० श्री राम कुमार राई
१०. मा० श्री बुद्धिमान तामाङ
११. मा० श्री ध्रुब बहादुर प्रधान
१२. मा० श्री रणेन्द्र बराली
१३. मा० श्री जावेदा खातुन जागा

त्यसपछि माननीय वन तथा वातावरण मन्त्री श्री बिरेन्द्रप्रसाद महतोले वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय वन तथा वातावरण मन्त्री श्री बिरेन्द्रप्रसाद महतोले स्पष्ट पार्नुभयो ।

१. मा० श्री मनिष झा
२. मा० श्री भगवती चौधरी
३. मा० श्री प्रतिक्षा तिवारी
४. मा० श्री प्रदिप पौडेल
५. मा० श्री राम प्रकाश चौधरी
६. मा० श्री कालुराम राई
७. मा० श्री शोभा ज्ञवाली
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री हितराज पण्डे
१०. मा० श्री अमृतलाल राजवंशी

तदुपरान्त माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यपसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री प्रतिक्षा तिवारी
३. मा० श्री भगवती चौधरी
४. मा० श्री हितराज पाण्डे
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री रामप्रकाश चौधरी
७. मा० श्री निर्मला कोइराला
८. मा० श्री रुपा सो.शी. (चौधरी)
९. मा० श्री बिन्धबासिनी कांसकार

तत्पश्चात् माननीय युवा तथा खेलकुद मन्त्री श्री डिगबहादुर लिम्बुले युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय युवा तथा खेलकुद मन्त्री श्री डिगबहादुर लिम्बुले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री प्रतिक्षा तिवारी
३. मा० श्री अरुण कुमार चौधरी
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री सुमना श्रेष्ठ
६. मा० डा० तोसिमा कार्की
७. मा० श्री भगवती चौधरी
८. मा० श्री विना जैसवाल
९. मा० श्री हितराज पाण्डे

त्यसपछि माननीय शहरी विकास मन्त्री श्री सीता गुरुङ्गले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय शहरी विकास मन्त्री श्री सीता गुरुङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री जुली कुमारी महतो (महासेठ)
३. मा० श्री निशा डाँगी
४. मा० श्री हित बहादुर तामाङ
५. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
६. मा० श्री बलराम अधिकारी

तदुपरान्त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएका माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेतले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएका माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३. मा० श्री अम्मर बहादुर रायमाझी
४. मा० श्री विना लामा
५. मा० श्री सान्ती चौधरी
६. मा० श्री महेन्द्र बहादुर शाही

तत्पश्चात् माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री बसन्त कुमार नेम्वाङ
२. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३. मा० श्री अम्मर बहादुर रायमाझी
४. मा० श्री शिव नेपाली
५. मा० श्री सान्ती चौधरी
६. मा० श्री सुर्य बहादुर थापा क्षेत्री
७. मा० श्री विना लामा
८. मा० श्री बलराम अधिकारी
९. मा० श्री अरुण कुमार चौधरी

तत्पश्चात् माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मन्त्री श्री रेखा शर्माले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री दामोदर पौडेल (बैरागी)
३. मा० श्री सुमना श्रेष्ठ

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, खानेपानी मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीहरुले जवाफ दिने कार्यक्रम २०८० असार ११ गते हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ११ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:२५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ११ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले चट्याङमा परेर दाङ जिल्लामा २ जना किसान र बाग्लुङ जिल्लामा २ जना नावालकको मृत्यु भएको, चट्याङ लागेर ज्यान गुमाउनेको परिवारलाई दिइने क्षतिपूर्ति रकम बढाउनु पर्ने, सप्तरीमा दलित केटासँग प्रेम विवाह गरेको भनी केटीपक्षले नक्कली जन्मदर्ता प्रमाणपत्र बनाई बाल विवाहको आरोप लगाएर केटालाई थुनामा राखेको, रुकुम पूर्वको भूमे गाउँपालिकामा बन्दै गरेको पुलमा बाढी पहिरोले जे.सी.बी., सिमेन्ट लगायत निर्माण सामाग्री र पशु चौपाया तथा बाटोघाटो समेत बगाई क्षति पुऱ्याएको, बजेट बक्तव्यमा आएको स्वतन्त्र निकायको रुपमा रहेको जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने विषय लोकतन्त्रको मर्म विपरित रहेकोले खारेज हुनुपर्ने, डोल्पाको शेफोक्सुण्डो गाउँपालिका स्थित गुम्बाहरुबाट हातहतियार सहितका लुटेराहरुले बहुमुल्य मुर्ति गरगहना लगायत सामग्रीहरु लुटेकोले ती लुटेराहरुलाई यथाशिघ्र पक्राउ गर्नुपर्ने, संविधानले एकल प्रादेशिक पहिचान सहितको नागरिकताको व्यवस्था गरेको अवस्थामा नागरिकता प्रमाणपत्रमा प्रदेश नखुलाउनु संविधान विपरित भएको, प्रतिनिधि सभा वैठक कक्षको लवीमा वर्षातमा चुहिएको पानी थाप्न रित्ता भाँडा राख्नु राम्रो नदेखिएकोले तत्काल उचित व्यवस्थापन गरिनुपर्ने लगायतको विषयमा सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गराउदै आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री दिपक गिरी
२. मा० श्री रघुजी पन्त
३. मा० श्री पूर्ण बहादुर घर्ति मगर
४. मा० श्री सन्तोष परियार
५. मा० श्री धनबहादुर बुढा
६. मा० श्री अब्दुल खांन
७. मा० श्री रमा कोइराला पौडयाल

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री दामोदर पौडेल वैरागी
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री दुर्गा राई
८. मा० श्री देवेन्द्र पौडेल
९. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१०. मा० श्री ध्रुबबहादुर प्रधान
११. मा० श्री नागिना यादव
१२. मा० श्री नारायणी शर्मा
१३. मा० श्री निर्मला कोइराला
१४. मा० श्री निशा डागी
१५. मा० श्री पुष्प बहादुर शाह
१६. मा० श्री प्रतिमा गौतम
१७. मा० श्री प्रतिक्षा तिवारी
१८. मा० श्री प्रदिप पौडेल
१९. मा० श्री प्रेमबहादुर महर्जन
२०. मा० श्री प्रेम सुवाल
२१. मा० श्री बलराम अकिारी
२२. मा० श्री बसन्तकुमार नेम्वाङ
२३. मा० श्री बासु देव घिमिरे
२४. मा० श्री बिन्दबासिनी कांसकार
२५. मा० श्री बिनिता काठायत

यसैबीच माननीय श्री दामोदर पौडेल बैरागीले शून्य समयमा बोलीसकेपछि माननीय श्री विरबहादुर वलायरले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को (१) बमोजिम आकस्मिक समयमा बोल्ने माननीय सदस्यले अघिल्लो बैठक र चालु बैठक बीचको घटना वा विषयका सम्बन्धमा मात्र नबोल्नु भएको भन्नु भएपछि सम्माननीय सभामुखले उक्त विषय तर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत माननीय उपप्रधानमन्त्री एवं रक्षा

मन्त्री श्री पूर्णबहादुर खड्काले रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
४. मा० श्री अच्युत प्रसाद मैनाली
५. मा० श्री रण कुमारी बलम्पाकी मगर
६. मा० श्री रुक्मणी राना बराइली
७. मा० श्री सूर्य प्रसाद ढकाल
८. मा० श्री शान्ति श्रेष्ठ
९. मा० श्री बुद्धिमान तामाङ
१०. मा० श्री ध्रुव बहादुर प्रधान

त्यसपछि माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री राजेन्द्र बहादुर के.सी.
३. मा० श्री माधव सापकोटा
४. मा० श्री रणेन्द्र बराली
५. मा० श्री नारायण प्रसाद आचार्य
६. मा० श्री दामोदर पौडेल बैरागी
७. मा० श्री प्रदिप पौडेल
८. मा० श्री सम्झना थपलिया
९. मा० श्री प्रेम बहादुर महर्जन
१०. मा० श्री अम्मर बहादुर थापा
११. मा० श्री प्रेम बहादुर आले
१२. मा० श्री हेमराज राई
१३. मा० श्री विद्या भट्टराई

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले स्पष्ट पार्नुभयो ।

१. मा० श्री पदम गिरी
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रामहरि खतिवडा
४. मा० श्री रघुजी पन्त
५. मा० श्री प्रेम बहादुर आले
६. मा० श्री विराज भक्त श्रेष्ठ
७. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
८. मा० श्री सूर्य प्रसाद ढकाल
९. मा० श्री सुमना श्रेष्ठ
१०. मा० श्री रणेन्द्र बराली
११. मा० श्री रण कुमारी बलम्पाकी मगर
१२. मा० श्री अच्युत प्रसाद मैनाली
१३. मा० श्री रुक्मणी राना बराइली
१४. मा० श्री शान्ती श्रेष्ठ

तत्पश्चात् माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्री श्री मोहन बहादुर बस्नेतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्री श्री मोहन बहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० डा० तोसिमा कार्की
४. मा० श्री दामोदर पौडेल बैरागी
५. मा० श्री हेमराज राई
६. मा० श्री गिता बस्नेत
७. मा० श्री प्रदिप पौडेल
८. मा० श्री नारायण प्रसाद आचार्य
९. मा० श्री सम्झना थपलिया
१०. मा० श्री विद्या भट्टराई
११. मा० श्री राजेन्द्र कुमार राई
१२. मा० श्री प्रेम बहादुर महर्जन
१३. मा० श्री रन्जु कुमारी झा

त्यसपछि माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सन्तोष परियार
४. मा० श्री ज्वाला कुमारी साह
५. मा० श्री माधव सापकोटा
६. मा० श्री सराज अहमद फारुकी
७. मा० श्री दामोदर पौडेल बैरागी
८. मा० श्री सम्झना थपलिया
९. मा० श्री हर्कमाया विश्वकर्मा
१०. मा० श्री दिपा शर्मा
११. मा० श्री असिम शाह
१२. मा० श्री मनिष झा
१३. मा० श्री नारायण प्रसाद आचार्य

तदुपरान्त माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री शक्तिबहादुर बस्नेतले उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री शक्तिबहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री ज्वाला कुमारी साह
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री नारायण प्रसाद आचार्य
४. मा० श्री मनिष झा
५. मा० श्री सराज अहमद फारुकी
६. मा० श्री दामोदर पौडेल वैरागी
७. मा० श्री संजय कुमार गौतम
८. मा० श्री राम कृष्ण यादव

तत्पश्चात् माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले स्पष्ट पार्नुभयो ।

१. मा० श्री निशा डागी
२. मा० श्री बलराम अधिकारी
३. मा० श्री महेश कुमार वर्तौला
४. मा० श्री माधव सापकोटा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री राम कृष्ण यादव
७. मा० श्री जुली कुमारी महतो (महासेठ)
८. मा० श्री बिजुला रायमाझी
९. मा० श्री ठाकुर प्रसाद गैरे
१०. मा० श्री अनिता देवी
११. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१२. मा० श्री राम प्रकाश चौधरी
१३. मा० श्री राजेन्द्र कुमार राई

त्यसपछि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले स्पष्ट पार्नुभयो ।

१. मा० श्री जुलीकुमारी महतो (महासेठ)
२. मा० श्री निशा डांगी
३. मा० श्री वलराम अधिकारी
४. मा० श्री ठाकुरप्रसाद गैरे
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री रामकृष्ण यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री विजुला रायमाझी
९. मा० श्री रामप्रकाश चौधरी

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीहरुले जवाफ दिने कार्यक्रम २०८० असार १२ गते हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १२ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ७:५० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १२ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सन्तोष परियारलाई समय दिनु हुँदा उहाँले लोकतन्त्रको मर्म विपरित बजेट वक्तव्यमा स्वतन्त्र जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने विषय खारेज हुनुपर्ने भनी पटक पटक सदनमा उठाइएको विषयमा सरकारबाट समयमा जवाफ नआए सदनको कारवाही प्रभावित हुनेछ भन्नुभयो ।

यसैक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु पनि आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्य श्री सूर्य बहादुर थापा क्षेत्रीलाई समय दिनुहुँदा उहाँले जिल्ला निर्वाचन कार्यालय र जिल्ला तथ्याङ्क कार्यालय खारेज गर्ने सरकारको निर्णय लोकतन्त्र विरोधी कार्य भएकोले फिर्ता हुनुपर्ने भन्नुभयो ।

त्यसपछि माननीय श्री रवि लामिछानेले संवैधानिक निकायको क्षेत्राधिकारलाई जिल्ला प्रशासन कार्यालय अन्तर्गत ल्याउँदा निर्वाचनको निष्पक्षतामा जनविश्वास हुन नसक्ने भएकोले सरकारले उक्त निर्णय फिर्ता लिनुपर्ने भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुले राख्नु भएको विषयहरुप्रति ध्यानाकर्षण भएको र आजको कार्यसूचीमा माननीय अर्थमन्त्रीले विनियोजन विधेयक, २०८० को मन्त्रालयगत छलफलमा उठेका प्रश्नहरुको सम्बन्धमा जवाफ दिने कार्यक्रम पनि रहेकोले सो जवाफ दिनु अघि यस विषयमा पनि माननीय अर्थमन्त्रीले स्पष्ट पार्नु नै हुनेछ भन्नु हुँदै आजको नियमित कार्यसूचीलाई अघि बढाउन सहयोग गर्नुहुन माननीय सदस्यहरुलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात् माननीय श्री रमेश लेखकले निर्वाचन आयोगका जिल्ला स्तरीय कार्यालयलाई जिल्ला प्रशासन कार्यालयको मातहतमा राख्ने हो की भन्ने द्विविधाका सम्बन्धमा निर्वाचन आयोगमा सर्वदलीय बैठक बसेर छलफल भइसकेको साथै उक्त छलफलमा निर्वाचन कार्यालयहरुलाई पहिलेकै स्थितिमा निष्पक्ष र स्वतन्त्र रहने गरी कायम गर्न राजनीतिक तहमा निर्णय भैसकेकोले सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुपर्ने भन्नुभयो ।

तदुपरान्त माननीय श्री पदम गिरीले बजेटलाई मितव्ययी बनाउने भन्दै जिल्ला निर्वाचन कार्यालयलाई खारेज गर्ने सरकारको निर्णय निष्पक्ष निर्वाचनको विपक्षमा रहेको र नियोजित ढंगले आगामी निर्वाचनलाई प्रभावित गराउने उद्देश्यले आएकोले तत्काल उक्त निर्णय फिर्ता लिनुपर्ने भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले नेपाल सरकारको तर्फबाट आजै अर्थमन्त्रीले निर्वाचन कार्यालय सम्बन्धी सदनमा उठेका विषयहरुको सन्दर्भमा जवाफ दिनु हुनेछ भन्नुहुँदै कार्यसूची अनुसार बैठक सञ्चालनमा सहयोग गर्नुहुन माननीय सदस्यहरुलाई पटक पटक अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइ रहनुभएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै १५ मिनेटपछि बस्ने गरी बिहान ११:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:३० बजे प्रारम्भ भयो ।

प्रारम्भमा माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले निर्वाचन आयोग सम्बन्धी सदनमा उठेका प्रश्नहरुको सन्दर्भमा जवाफ दिनुहुँदै निर्वाचन आयोगको निष्पक्षता र स्वतन्त्रतामा कुनै सम्झौता नहुने, प्रत्येक जिल्लामा भएको

निर्वाचन कार्यालयहरु तदनुरुपको स्थितीमा निष्पक्ष र स्वतन्त्र नै रहने प्रतिवद्धता जनाउनु हुँदै निर्वाचन आयोगको कार्यालयहरु जिल्ला प्रशासन कार्यालयको मातहतमा नरहने विषयमा द्विविधामा नपर्न माननीय सदस्यहरुलाई अनुरोध गर्नुभयो ।

त्यसपछि आकस्मिक समय लिएर माननीय श्री प्रतिमा गौतम र माननीय श्री महेश बस्नेतले पशुपतिनाथको गर्भगृहमा रहेको शिवलिङ्गलाई छुनसमेत हँदैन भन्ने धार्मिक मान्यता रहेकोले धर्मको नाममा उक्त शिवलिङ्गमा चढाइएको सुन राज्यकोषमा दाखिला गर्नुपर्ने, बजेट वक्तव्य मार्फत आएको दुग्ध विकास संस्थान र कपास विकास समिति खारेज गर्ने निर्णय फिता हुनुपर्ने र ईलाममा हालै भएको आगलागीमा ७ घर जलेर नष्ट भएकोले पिडितलाई संघीय सरकारबाट उचित राहत र पनुर्स्थापना हुनुपर्ने लगायतको विषयमा सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गराउदै आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रन्जिता श्रेष्ठले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रन्जिता श्रेष्ठले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री बलराम अधिकारी
३. मा० श्री लेखनाथ दाहाल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री विना लामा
७. मा० श्री अशोक कुमार चौधरी
८. मा० श्री सरस्वती सुब्बा
९. मा० श्री अस्मा कुमारी चौधरी
१०. मा० श्री श्याम कुमार घिमिरे
११. मा० श्री मानबिर राई
१२. मा० श्री सिता कुमारी राना

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले पष्ट पार्नुभयो ।

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री मन बहादुर गुरुङ
४. मा० श्री ध्रुब बहादुर प्रधान
५. मा० श्री प्रतिक्षा तिवारी
६. मा० श्री सोबिता गौतम
७. मा० श्री प्रभु हजारा दुसाध
८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
९. मा० श्री अच्युत प्रसाद मैनाली
१०. मा० श्री दिपा शर्मा

तदुपरान्त माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री बेदुराम भुसालले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय मन्त्री श्री बेदुराम भुसालले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री हरि ढकाल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री रामहरि खतिवडा
६. मा० डा० अमरेश कुमार सिंह
७. मा० श्री निशा डागी
८. मा० श्री अरुण कुमार चौधरी
९. मा० श्री ज्वाला कुमारी साह
१०. मा० श्री विना जैसवाल
११. मा० श्री विनिता कठायत
१२. मा० श्री प्रतिक्षा तिवारी
१३. मा० श्री मंगल प्रसाद गुप्ता
१४. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१५. मा० श्री दिपा शर्मा
१६. मा० श्री सरिता भुसाल
१७. मा० श्री गंगा प्रसाद यादव
१८. मा० श्री ध्रुब बहादुर प्रधान
१९. मा० श्री महेश कुमार वर्तौला
२०. मा० श्री प्रभु हजारा दुसाध

२१. मा० श्री मन बहादुर गुरुङ
२२. मा० श्री अमृत लाल राजवंशी

तत्पश्चात् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रतिक्षा तिवारी
२. मा० श्री ज्वाला कुमारी साह
३. मा० श्री सुमना श्रेष्ठ
४. मा० श्री सरिता भुसाल
५. मा० श्री लेखनाथ दाहाल
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री प्रभु हजारा दुसाध
९. मा० श्री रामकृष्ण यादव
१०. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
११. मा० श्री हरि ढकाल
१२. मा० श्री मन बहादुर गुरुङ
१३. मा० श्री दिपा शर्मा
१४. मा० श्री विनिता कठायत
१५. मा० श्री महेश कुमार वर्तौला
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री मैना कार्की

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री लेखनाथ दाहाल
२. मा० श्री जुली कुमारी महतो (महासेठ)
३. मा० श्री निशा डागी
४. मा० श्री ठाकुर प्रसाद गैरे
५. मा० श्री स्वर्णीम वाग्ले
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
८. मा० श्री मेटमणी चौधरी
९. मा० श्री नारायणी शर्मा
१०. मा० श्री हित बहादुर तामाङ
११. मा० श्री बिजुला रायमाझी

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीहरुले जवाफ दिने कार्यक्रम २०८० असार १३ गते हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १३ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:२० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १३ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले पछिल्लो समयको लगातारको वर्षाले पूर्वी पहाडमा ठूलो जनधनको क्षति भएको र तत्कालै सो विषयमा सम्माननीय प्रधानमन्त्रीले सम्बन्धित मन्त्री तथा निकायहरुलाई निर्देशन दिनु भएपनि अहिले ताप्लेजुङ जिल्लालाई जोड्ने तीनै ओटा राजमार्गहरु अवरुद्ध भई खाद्यान्न आपूर्ति हुन नसकेकोले यथाशिघ्र उक्त क्षतिग्रस्त स्थानमा खाद्यान्नको आपूर्ति सहज गराउनु पर्ने, बैदेशिक रोजगारीमा गएका नेपालीहरुको तथ्याङ्क राखी उनिहरुको अवस्थालाई सरकारले निगरानी गरेर सम्झौता अनुसारको काम, सेवा, सुविधा पाए नपाएको विषयमा जानकारी राख्नुपर्ने, बालुवाटार स्थित ललिता निवासको सरकारी जग्गामा १३ अर्ब ७६ करोड हिनामिनाको विषयमा पूर्व प्रधानमन्त्री र मन्त्रीहरुसमेत संलग्न भएको विषय सार्वजनिक भएकोले यस विषयमा सरकारले सदनमा स्पष्ट पार्नु पर्ने, विदेशमा बस्ने नेपालीहरुले सहज तरिकाले आफ्नो सन्तानको पासपोर्ट पाउन नसकेको, धादिङको रुविभ्यालीमा ज्ञापन पत्र बुझाउन गएको एकजना शिक्षकलाई मुख्यमन्त्रीको दवावमा गाउँपालिका अध्यक्षले कुटपिट गरी थुनामा राखेकोले तुरुन्त न्याय दिनुपर्ने लगायतको विषयमा सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गराउदै आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री प्रदिप पौडेल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री भीमप्रसाद आचार्य
५. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री भानुभक्त जोशी
२. मा० श्री मनबहादुर गुरुङ्ग
३. मा० श्री महेश कुमार वर्तौला
४. मा० श्री महेश बस्नेत
५. मा० श्री माधव सापकोटा
६. मा० श्री मानबिर राई
७. मा० श्री मेनका कुमारी पोखरेल
८. मा० श्री मैना कार्की
९. मा० श्री मंगल प्रसाद गुप्ता
१०. मा० श्री रघुजी पन्त
११. मा० श्री रण कुमारी बलम्पाकी मगर
१२. मा० श्री रणेन्द्र बराली
१३. मा० श्री रमा कोइराला पौड्याल
१४. मा० श्री रन्जु कुमारी झा
१५. मा० श्री राजेन्द्र कुमार के.सी.
१६. मा० श्री राजेन्द्र कुमार राई
१७. मा० श्री राजेन्द्र बजगाई
१८. मा० श्री राम कुमार राई
१९. मा० श्री रामकृष्ण यादव
२०. मा० श्री राम प्रकाश चौधरी
२१. मा० श्री रामशंकर यादव
२२. मा० श्री रुक्मणी राना बराईली
२३. मा० श्री रामहरि खतिवडा
२४. मा० श्री रुपा सो.शी. (चौधरी)
२५. मा० श्री रेखा यादव
२६. मा० श्री रोशन कार्की
२७. मा० श्री लिलानाथ श्रेष्ठ
२८. मा० श्री लेखनाथ दाहाल
२९. मा० श्री मञ्जु शर्मा अन्सारी

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नुभएको स्पष्टीकरणको सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री रबि लामिछाने
४. मा० श्री पदम गिरी
५. मा० श्री रघुजी पन्त
६. मा० श्री प्रभु साह
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री सूर्य प्रसाद ढकाल
९. मा० श्री बासुदेव घिमिरे
१०. मा० श्री रण कुमारी बलम्पाकी मगर
११. मा० श्री भगवती चौधरी
१२. मा० श्री सराज अहमद फारुकी
१३. मा० श्री रामहरि खतिवडा
१४. मा० श्री संजय कुमार गौतम
१५. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१६. मा० श्री बलराम अधिकारी
१७. मा० श्री अर्जुन नरसिंह के.सी.
१८. मा० श्री बुद्धिमान तामाङ
१९. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
२०. मा० श्री सुमना श्रेष्ठ
२१. मा० श्री मनिष झा
२२. मा० श्री ईश्वर बहादुर रिजाल

त्यसपछि माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै आफुले सम्माननीय प्रधानमन्त्रीलाई सोधेको स्पष्टीकरणको जवाफ नआएको तर प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ को उपनियम (२) मा विषयवस्तुमा केन्द्रित रही कुनै सदस्यले सोधेको प्रश्नको जवाफ दिने दायित्व सम्बन्धित मन्त्रीको हुनेछ भन्ने स्पष्ट उल्लेख भएको भन्नुभएपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई स्पष्टीकरण सोध्नको लागि मौका दिइएको र सम्माननीय प्रधानमन्त्रीबाट समेत स्पष्टीकरणको जवाफ आइसकेकोले यसमा थप प्रतिप्रश्नको व्यवस्था नरहेको जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०८०" को विभिन्न शिर्षकहरुमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउनु हुँदै निम्नलिखित माननीय सदस्यहरुलाई आफ्नो खर्च कटौतीका प्रस्तावहरु फिर्ता लिन समय दिनुहुँदा उहाँहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री नारायण प्रसाद आचार्य
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री भगवती चौधरी
४. मा० श्री दामोदर भण्डार
५. मा० श्री बलराम अधिकारी
६. मा० श्री बसन्त कुमार नेम्वाङ
७. मा० श्री लिला नाथ श्रेष्ठ
८. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
९. मा० श्री दामोदर पौडेल (बैरागी)
१०. मा० श्री दिपा शर्मा
११. मा० श्री गोकर्ण विष्ट
१२. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
१३. मा० श्री ठाकुर प्रसाद गैरे
१४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१५. मा० डा० स्वर्णीम वाग्ले
१६. मा० श्री जुली कुमारी महतो (महासेठ)
१७. मा० श्री सूर्य प्रसाद ढकाल
१८. मा० श्री अच्युत प्रसाद मैनाली
१९. मा० श्री ज्वाला कुमारी साह
२०. मा० श्री योगेश कुमार भट्टराई
२१. मा० श्री सराज अहमद फारुकी
२२. मा० श्री हरिप्रसाद उप्रेती
२३. मा० श्री पदम गिरी
२४. मा० श्री महेश कुमार वर्तौला

यसै क्रममा माननीय श्री सुमना श्रेष्ठले आफुले प्रस्तुत गर्नुभएको खर्च कटौतीको प्रस्तावमध्ये गृह मन्त्रालय सम्बन्धी खर्च कटौती प्रस्ताव फिर्ता लिनुभएको जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सुमना श्रेष्ठको गृह मन्त्रालय बाहेकका खर्च कटौतीका प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसैगरी माननीय श्री प्रभु साह र माननीय डा० अमरेश कुमार सिंहले आफ्नो खर्च कटौतीका प्रस्तावहरु फिर्ता लिनुभएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा ने.क.पा. (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि माननीय श्री पदम गिरीलाई समय दिनुहुँदा उहाँले विनियोजन विधेयकमा निर्वाचन आयोगका कार्यालयहरु प्रत्येक जिल्लाबाट हटाउने र जिल्ला प्रशासन कार्यलयको इकाईको रुपमा राख्ने गरी आएको विषयलाई हामीले हिजोको बैठकमा विरोध गरेका थियौं र माननीय अर्थमन्त्रीले समेत भुलबस हुन गएको उक्त त्रुटिलाई सच्याएर ल्याउने सहमति भएको थियो त्यसैले आज उक्त विनियोजन विधेयक पारित गर्ने वेला हिजो माननीय अर्थमन्त्रीले स्वीकार गर्नुभएको विषयलाई पनि विधेयकको अङ्गको रुपमा स्वीकार गरियोस् भन्नुभयो ।

त्यसपछि माननीय श्री सन्तोष परियारले बजेट वक्तव्य मार्फत आएको निर्वाचन आयोगको जिल्ला स्तरिय कार्यालयहरु जिल्ला प्रशासन कार्यालय अन्तर्गत राख्ने विषयलाई सच्याएर ल्याउने माननीय अर्थमन्त्रीको प्रतिवद्धतालाई यस विनियोजन विधेयक पारित गर्दा कुन प्रक्रियाबाट राखिन्छ त्यसको सुनिश्चिता हुने जानकारी गराएरमात्र सदनको कारवाही अगाडी बढाउनु पर्ने भन्नुभयो ।

तत्पश्चात् माननीय श्री रमेश लेखकले निर्वाचन आयोगको विषयको सन्दर्भमा निर्वाचन आयोगमा सवै राजनीतिक दलका सदस्यहरु बसेर पहिले नै छलफल भइसकेको र निर्वाचन आयोगका कार्यालयहरु पहिलेकै अवस्थामा स्वतन्त्ररुपमा रहने सहमति भएको विषय हो । त्यसैले सामान्य प्राविधिक त्रुटिको विषयलाई सदनमा राजनीतिक विषय नबनाऔं भन्नु हुँदै आजको कार्यसूची अनुसार कार्यक्रम अगाडी बढाउन अनुरोध गर्नुहुँदा पनि माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइ नै रहनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले १५ मिनेटको लागि बैठक स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै १५ मिनेटपछि बस्ने गरी दिनको २:२५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यको अनुसूची-१६ को खण्ड (क) को क्रमसंख्या १० मा रहेको प्रावधानका सम्बन्धमा माननीय सदस्यहरुले उठाउनु भएका विषयहरुमा सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले निम्नलिखित विषय लिखित रुपमा सदन समक्ष जानकारी गराउनु भएको व्यहोरा पढेर सुनाउनु भयो ।

> "संघीय संसदको संयुक्त सभाको बैठकमा मिति २०८० जेठ १५ गते प्रस्तुत भएको आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यको अनुसूची-१६ को खण्ड (क) को क्रमसंख्या १० मा रहेको प्रावधान हटाई हाल कायम रहेको जिल्ला निर्वाचन कार्यालय सम्बन्धी व्यवस्था यथावतनै रहेकोव्यहोरा नेपाल सरकारको तर्फबाट सम्मानित सदनर सम्माननीय सभामुखलाई लिखित जानकारी गराउँछु ।"

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १० सम्म र सो सँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "विनियोजन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात माननीय श्री महेश कुमार वर्तौलाले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २८ को उपनियम (३) बमोजिम सम्माननीय सभामुखबाट भएको घोषणाप्रति असहमति जनाउँदै उक्त प्रस्तावमाथि विभाजन माग गर्नुभएपछि सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावलाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २८ को उपनियम (१) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २९ को उपनियम (१) बमोजिम २८ जना भन्दा बढी माननीय सदस्यहरुले उठेर असहमति जनाई विभाजन माग गर्नुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सोही नियमको उपनियम (१) को खण्ड (ख) बमोजिम सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा मत संकलन गरिने जानकारी गराउँदै मत विभाजनको प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावलाई मत विभाजन गरी मत संकलन गर्दा प्रतिनिधि सभामा तत्काल उपस्थित भै मतदान गर्ने माननीय सदस्यहरुको संख्या जम्मा २५५ (दुईसय पचपन्न) रहेकोमा "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १४७ (एकसय सत्चालीस) मत र विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा १०८ (एकसय आठ) मत र प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा "शून्य" मत परेकोले "विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतबाट पारित भएको घोषणा गर्नुभयो ।

"विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नुहुने माननीय सदस्यहरु :-

१. मा० श्री अजय कुमार चौरसिया
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अमन लाल मोदी
४. मा० श्री अम्बिका बस्नेत
५. मा० श्री अम्मर बहादुर थापा
६. मा० डा० अमरेश कुमार सिंह
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अरुण कुमार चौधरी
९. मा० श्री अशोक कुमार राई
१०. मा० श्री आशा वि.क.
११. मा० श्री ईश्वरी देवी न्यौपाने
१२. मा० श्री उपेन्द्र यादव
१३. मा० श्री उदय शंशेर ज.ब.रा.
१४. मा० श्री उमरावती देवी
१५. मा० श्री उर्मिला माझी
१६. मा० श्री ऐन बहादुर शाही ठकुरी
१७. मा० श्री कल्पना चौधरी
१८. मा० श्री कल्पना मियाँ कुसारी
१९. मा० श्री कान्तिका सेजुवाल
२०. मा० श्री किशोर सिंह राठोर
२१. मा० श्री कुसुमदेवी थापा
२२. मा० श्री कृष्ण कुमार श्रेष्ठ
२३. मा० श्री खम बहादुर गर्बुजा
२४. मा० श्री गगन कुमार थापा
२५. मा० श्री गंगा कार्की
२६. मा० श्री गंगा राम चौधरी
२७. मा० श्री चन्दा चौधरी
२८. मा० डा० चन्द्रकान्त भण्डारी
२९. मा० श्री चित्र बहादुर के.सी.
३०. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
३१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
३२. मा० श्री जनार्दन शर्मा
३३. मा० श्री जावेदा खातुन जागा
३४. मा० श्री जीवन परियार
३५. मा० श्री डिग बहादुर लिम्बु
३६. मा० श्री डिल्ली राज पन्त
३७. मा० श्री तेजु लाल चौधरी
३८. मा० श्री दिक्पाल कुमार शाही
३९. मा० श्री दिनेश कुमार यादव
४०. मा० श्री दिपक खड्का
४१. मा० श्री दिपक गिरी
४२. मा० श्री दिलेन्द्र प्रसाद बडू
४३. मा० श्री दीपक कार्की
४४. मा० श्री दुर्गा राई
४५. मा० श्री दुर्लभ थापा क्षेत्री
४६. मा० श्री देव प्रसाद तिमलसेना
४७. मा० श्री देवेन्द्र पौडेल
४८. मा० श्री धन बहादुर बुढा
४९. मा० श्री धनराज गुरुङ्ग
५०. मा० श्री नवल किसोर साह सुडी
५१. मा० श्री नागिना यादव
५२. मा० डा० नारायण खड्का
५३. मा० श्री नारायण प्रकाश साउद
५४. मा० श्री नारायणी शर्मा
५५. मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड)
५६. मा० श्री पुष्प बहादुर शाह
५७. मा० श्री पूर्ण बहादुर घर्ति मगर
५८. मा० श्री पूर्ण वहादुर तामाङ्ग
५९. मा० श्री प्रकाश अधिकारी
६०. मा० श्री प्रकाश ज्वाला
६१. मा० श्री प्रकाश मान सिंह
६२. मा० डा० प्रकाश शरण महत
६३. मा० श्री प्रतिमा गौतम
६४. मा० श्री प्रदिप पौडेल
६५. मा० श्री प्रदिप यादव
६६. मा० श्री प्रभु साह
६७. मा० श्री प्रेम बहादुर आले
६८. मा० श्री बद्री प्रसाद पाण्डे
६९. मा० श्री बर्षमान पुन
७०. मा० श्री बिना कुमारी थनैत
७१. मा० श्री बिमला सुवेदी
७२. मा० श्री भानुभक्त जोशी
७३. मा० श्री मन्जु खांण
७४. मा० श्री महन्थ ठाकुर
७५. मा० श्री महिन्द्र राय यादव
७६. मा० श्री महेन्द्र कुमार राय
७७. मा० श्री महेन्द्र बहादुर शाही
७८. मा० श्री माधव कुमार नेपाल
७९. मा० श्री माधव सापकोटा
८०. मा० श्री माया राई
८१. मा० श्री मिना तामाङ
८२. मा० श्री मिना यादव
८३. मा० श्री मुक्ता कुमारी यादव
८४. मा० श्री मेटमणि चौधरी
८५. मा० श्री मैना कार्की
८६. मा० श्री मोहन आचार्य

८७. मा० श्री मोहन बहादुर बस्नेत
८८. मा० श्री मंजु शर्मा अन्सारी
८९. मा० श्री योगेश गौचन थकाली
९०. मा० श्री रणेन्द्र बराली
९१. मा० श्री रन्जिता श्रेष्ठ
९२. मा० श्री रन्जु कुमारी झा
९३. मा० श्री रमा कोईराला पौड्याल
९४. मा० श्री रमेश रिजाल
९५. मा० श्री रमेश लेखक
९६. मा० श्री राज किशोर यादव
९७. मा० श्री राजु थापा
९८. मा० श्री राजेन्द्र कुमार के.सी.
९९. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१००. मा० श्री राजेन्द्र बजगाई
१०१. मा० श्री राम कुमार राई
१०२. मा० श्री राम कृष्ण यादव
१०३. मा० श्री रामनाथ अधिकारी
१०४. मा० श्री राम प्रकाश चौधरी
१०५. मा० श्री रामहरि खतिवडा
१०६. मा० श्री रुपा वि.क.
१०७. मा० श्री रुपा सो. शी (चौधरी)
१०८. मा० श्री रेखा यादव
१०९. मा० श्री रेखा शर्मा
११०. मा० श्री लालविर चौधरी
१११. मा० श्री लिला देवी वोखिम (लिम्बू)
११२. मा० श्री लेख नाथ दाहाल
११३. मा० श्री विनोद कुमार चौधरी
११४. मा० श्री विमलेन्द्र निधी
११५. मा० श्री विरेन्द्र प्रसाद महतो
११६. मा० श्री विश्व प्रकाश शर्मा
११७. मा० श्री शक्ति बहादुर वस्नेत
११८. मा० श्री शरत सिंह भण्डारी
११९. मा० श्री श्याम कुमार घिमिरे
१२०. मा० डा० शशांक कोइराला
१२१. मा० श्री शान्ती वि.क.
१२२. मा० डा० शुनिल कुमार शर्मा
१२३. मा० डा० शेखर कोइराला
१२४. मा० श्री शेर बहादुर कुँवर
१२५. मा० श्री शेर बहादुर देउवा
१२६. मा० श्री शंकर भण्डारी
१२७. मा० श्री सन्तोष चालिसे
१२८. मा० श्री सपना राज भण्डारी
१२९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१३०. मा० श्री सरस्वती बजिमय
१३१. मा० श्री सरिता प्रसाई
१३२. मा० श्री सिता कुमारी राना
१३३. मा० श्री सिता गुरुङ्ग
१३४. मा० श्री सिता मिजार
१३५. मा० श्री सुदन किराती
१३६. मा० श्री सुरेन्द्र राज आचार्य
१३७. मा० श्री सुशिला थिङ
१३८. मा० श्री सुशिला सिर्पाली ठकुरी
१३९. मा० श्री सुशीला श्रेष्ठ
१४०. मा० श्री सूर्य मान तामाङ (दोङ)
१४१. मा० श्री संगीता मण्डल धानुक
१४२. मा० श्री संजय कुमार गौतम
१४३. मा० श्री हित बहादुर तामाङ
१४४. मा० श्री हितराज पाण्डे
१४५. मा० श्री हृदयराम थानी
१४६. मा० श्री ज्ञानु बस्नेत सुवेदी
१४७. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

"विनियोजन विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा मतदान गर्नुहुने माननीय सदस्यहरु :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अनिशा नेपाली
३. मा० श्री अम्मर बहादुर रायमाझी
४. मा० श्री अमृत लाल राजवंशी
५. मा० श्री अमृता देवी अग्रहरी
६. मा० श्री अशोक कुमार चौधरी
७. मा० श्री अस्मा कुमारी चौधरी
८. मा० श्री असिम शाह
९. मा० श्री इन्दिरा राना
१०. मा० श्री ईश्वर वहादुर रिजाल
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री उर्मिला थेबे
१३. मा० श्री ऋषिकेश पोखरेल
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री कालुराम राई
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
१८. मा० श्री के.पी. शर्मा ओली
१९. मा० श्री गणेश पराजुली
२०. मा० श्री गिता बस्नेत
२१. मा० श्री गोकर्ण राज विष्ट
२२. मा० श्री गोकुल प्रसाद वाँस्कोटा

२३. मा० श्री गंगा प्रसाद यादव
२४. मा० श्री चन्दा कार्की (भण्डारी)
२५. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२६. मा० श्री छविलाल विश्वकर्मा
२७. मा० श्री ज्वाला कुमारी साह
२८. मा० श्री जुली कुमारी महतो (महासेठ)
२९. मा० श्री ठाकुर प्रसाद गैरे
३०. मा० श्री डोल प्रसाद अर्याल
३१. मा० श्री तारा लामा तामाङ
३२. मा० डा० तोसीमा कार्की
३३. मा० श्री दयाल बहादुर शाही
३४. मा० श्री दामोदर पौडेल वैरागी
३५. मा० श्री दामोदर भण्डारी
३६. मा० श्री दिपक बहादुर सिंह
३७. मा० श्री दिपा शर्मा
३८. मा० श्री देवि प्रकाश भट्टचन
३९. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
४०. मा० श्री धुब्र बहादुर प्रधान
४१. मा० श्री नारायण प्रसाद आचार्य
४२. मा० श्री निर्मला कोइराला
४३. मा० श्री निशा डागी
४४. मा० श्री नैनकला थापा
४५. मा० श्री पदम गिरी
४६. मा० श्री पृथ्वी सुब्बा गुरुङ
४७. मा० श्री प्रतिक्षा तिवारी
४८. मा० श्री प्रभु हजरा दुसाध
४९. मा० श्री प्रेम बहादुर महर्जन
५०. मा० श्री प्रेम सुवाल
५१. मा० श्री बलराम अधिकारी
५२. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
५३. मा० श्री बासु देव घिमिरे
५४. मा० श्री बिन्दबासिनी कांसकार
५५. मा० श्री बिना देवी
५६. मा० श्री बिनिता कठायत
५७. मा० श्री बुद्धिमान तामाङ्ग
५८. मा० श्री भगवती चौधरी
५९. मा० श्री भीम प्रसाद आचार्य
६०. मा० श्री मन बहादुर गुरुङ्ग
६१. मा० श्री मनिष झा
६२. मा० श्री महेश कुमार वर्तौला
६३. मा० श्री महेश बस्नेत
६४. मा० श्री मानबीर राई
६५. मा० श्री मेनका कुमारी पोखेल
६६. मा० श्री मंगल प्रसाद गुप्ता
६७. मा० श्री योगेश कुमार भट्टराई
६८. मा० श्री रघूजी पन्त
६९. मा० श्री रण कुमारी बलम्पाकी मगर
७०. मा० श्री रवि लामिछाने
७१. मा० श्री राज कुमार गुप्ता
७२. मा० श्री राजेन्द्र कुमार राई
७३. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
७४. मा० श्री राम शंकर यादव
७५. मा० श्री रुक्मणी राना बराइली
७६. मा० श्री रोसन कार्की
७७. मा० श्री लक्ष्मी तिवारी
७८. मा० श्री लाल प्रसाद साँवा लिम्बू
७९. मा० श्री लिलानाथ श्रेष्ठ
८०. मा० श्री विक्रम पाण्डे
८१. मा० श्री विजुला रायमाझी
८२. मा० श्री विद्या भट्टराई
८३. मा० श्री विना लामा
८४. मा० श्री विराज भक्त श्रेष्ठ
८५. मा० श्री विष्णु प्रसाद पौडेल
८६. मा० श्री वीना जैसवाल
८७. मा० श्री शान्ती श्रेष्ठ
८८. मा० श्री शिव नेपाली
८९. मा० श्री शिशिर खनाल
९०. मा० श्री शोभा ज्ञवाली
९१. मा० श्री सन्तोष परियार
९२. मा० श्री सम्झना थपलिया
९३. मा० श्री सरस्वती सुब्बा
९४. मा० श्री सराज अहमद फारुकी
९५. मा० श्री सरिता भुसाल
९६. मा० डा० स्वर्णिम वाग्ले
९७. मा० श्री सान्ती चौधरी
९८. मा० श्री सुनिता बराल
९९. मा० श्री सुमना श्रेष्ठ
१००. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१०१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१०२. मा० श्री सूर्य प्रसाद ढकाल
१०३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१०४. मा० श्री सोबिता गौतम
१०५. मा० श्री हर्कमाया विश्वकर्मा
१०६. मा० श्री हरि ढकाल
१०७. मा० श्री हरि प्रसाद उप्रेती
१०८. मा० श्री हेमराज राई

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० अमरेश कुमार सिह
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री अमृतलाल राजवंशी
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री सन्तोष परियार
६. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
७. मा० श्री सुमना श्रेष्ठ
८. मा० श्री रन्जु कुमारी झा
९. मा० श्री गणेश पराजुली
१०. मा० श्री मनिष झा
११. मा० श्री पदम गिरी
१२. मा० श्री रोसन कार्की
१३. मा० श्री देवेन्द्र पौडेल
१४. मा० श्री माधव सापकोटा
१५. मा० श्री शिशिर खनाल
१६. मा० डा० तोसीमा कार्की
१७. मा० श्री जुली कुमारी महतो (महासेठ)
१८. मा० श्री दिपक बहादुर सिंह
१९. मा० श्री राजेन्द्र प्रसाद पाण्डे

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय श्री महेश कुमार वर्तौलाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ७६ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उपनियम (३) बमोजिम "आर्थिक विधेयक, २०८०" माथिको दफावार छलफलको लागि यही २०८० साल असार १७ गते आइतबार व्यवस्थापन कार्य प्रारम्भ भएपछिको समय तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० स्वर्णिम वाग्ले
२. मा० श्री गोकर्ण विष्ट
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री अशोक कुमार चौधरी
६. मा० श्री अमृतलाल राजवंशी

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय श्री ठाकुरप्रसाद गैरेले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ६८ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक १० मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १० मिनेटपछि बस्नेगरी बेलुका ७:२५ बजे स्थगित भयो ।

आजै १० मिनेटपछि बस्नेगरी स्थगित भएको प्रतिनिधि सभाको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ७:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय श्री ठाकुरप्रसाद गैरेले सदनमा गणपुरक संख्याको अवस्था यकिन गर्नु पर्ने भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई

निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ७१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय, सिंहदरबारमा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १७ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ७:४५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३८ र ३९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १७ गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीको क्रमसंख्या २ देखि ६ सम्मका कार्यक्रमहरु अर्को बैठकमा हुने गरी सारिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी दिनको ११:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पदम गिरी
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री माधव सापकोटा
४. मा० श्री प्रभु साह
५. मा० श्री विराजभक्त श्रेष्ठ
६. मा० श्री प्रदिप यादव
७. मा० श्री सुमना श्रेष्ठ
८. मा० श्री राजकिशोर यादव
९. मा० श्री रेखा यादव
१०. मा० श्री रन्जुकुमारी झा
११. मा० श्री अम्मरबहादुर थापा
१२. मा० श्री मनिष झा
१३. मा० श्री गणेश पराजुली
१४. मा० श्री रोसन कार्की
१५. मा० श्री सोबिता गौतम
१६. मा० श्री प्रेम सुवाल
१७. मा० श्री भगवती चौधरी
१८. मा० श्री महेश कुमार वर्तौला
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री अब्दुल खांन
२१. मा० श्री रामप्रकाश चौधरी
२२. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
२३. मा० श्री रामकृष्ण यादव
२४. मा० श्री सुशिला श्रेष्ठ
२५. मा० श्री रामहरि खतिवडा
२६. मा० श्री राजेन्द्र कुमार के.सी.
२७. मा० श्री मुक्ता कुमारी यादव
२८. मा० श्री दिलेन्द्रप्रसाद बडू

यसैबीच सम्माननीय सभामुखले हाल छलफल भैरहेको विधेयक राष्ट्रिय सभामा प्रस्तुत भएपछि यही असार ६ गते मा० सदस्यहरुको पिजनहोलमा राखिएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने मा० सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा) संघिय संसद सचिवालय सिहंदरबारमा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले आर्थिक विधेयक, २०८० माथि ३ जना मा० सदस्यहरुबाट संशोधनका सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउँदै उक्त विधेयकमाथि छलफल गर्दा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उप-नियम (४) बमोजिम नेपाल सरकारको जवाफदेहिताभित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा नेपाल

सरकारको मौद्रिक एवं आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि मात्र छलफल गर्न सकिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले आ-आफ्नो संशोधनहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री शिशिर खनाल

तत्पश्चात उक्त विधेयक उपर भएको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मनिष झा
२. मा० श्री अमृतलाल राजवंशी
३. मा० श्री रेखा यादव
४. मा० श्री रञ्जु कुमारी झा
५. मा० श्री भगवती चौधरी
६. मा० श्री सोबिता गौतम

त्यसपछि मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त निम्नलिखित मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री शिशिर खनाल

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०८०" को दफा २ देखि ४७ सम्मका दफाहरु र सो सँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "आर्थिक विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले "आर्थिक विधेयक, २०८० लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि २ जना मा० सदस्यहरुबाट संशोधनको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र मा० श्री सुमना श्रेष्ठले क्रमशः आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मेटमणि चौधरी
२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३. मा० श्री सूर्यबहादुर थापा क्षेत्री
४. मा० श्री अमृतलाल राजवंशी
५. मा० श्री शिशिर खनाल
६. मा० श्री बिजुला रायमाझी
७. मा० श्री रञ्जु कुमारी झा
८. मा० श्री सोबिता गौतम
९. मा० श्री प्रदिप पौडेल

त्यसपछि मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवाल र मा० श्री सुमना श्रेष्ठले आ-आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० प्रकाश शरण महतले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार २० गते बुधबार दिनको ३:०० बजे बस्ने गरी दिनको ५:०५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार २० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिएर समय माग गर्नुभएपछि सम्माननीय सभामखुले माननीय रघुजी पन्तलाई समय दिनुहुँदा उहाँले "रोडस् टु द भ्यालीः द लिगासी अफ सरदार प्रितम सिंह इन नेपाल" भन्ने किताव विमोचन कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्तिले नेपालीहरुको स्वाभिमानमा ठेस पुगेको र देशको गरिमा घटेकोले प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिको सम्बन्धमा देशलाई स्पष्ट नपारेसम्म र प्रधानमन्त्रीको राजीनामा नआएसम्म सदनको कारवाही अगाडी बढन सक्दैन भन्नुभएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुले आफ्नो भनाई राखिसक्नु भएकोले आसन ग्रहण गरी आजको नियमित कार्यसूची बमोजिम बैठक सञ्चालन गर्न माननीय सदस्यहरुलाई आग्रह गर्नुहुँदै माननीय श्री छिरिङ ल्हामु लामा (तामाङ) लाई बोल्न समय दिनुहुँदा राष्ट्रिय स्वतन्त्र पाटी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु समेत आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तत्पश्चात् माननीय श्री छिरिङ ल्हामु लामा (तामाङ)ले जुम्लाको तातोपानी गाउँपालिकामा नावालिग तथा अन्तरजातीय विवाह गरी भागेको भनी दलित युवाको घरमा केटीको दाजुले आगजनी गरेको विषयमा आफ्नो भनाई राख्दै गर्नुहुँदा राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु सभामुख आसन अगाडिको वेलमा आउनु भयो । साथै नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिएर होहल्ला गर्नुभएपछि सम्माननीय सभामुखले पटक पटक माननीय सदस्यहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहहरु उभिइरहनु भएपछि बैठक आधा घण्टापछि बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको बैठक आधा घण्टापछि बस्ने गरी दिनको ४:१५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आधा घण्टापछि बस्ने गरी स्थगित भएको बैठक सूचनापत्र-४ प्रकाशित गरी अर्को बैठक २०८० साल असार २२ गते दिनको ३:०० बजे बस्ने गरी स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले केहि दिन अगाडि सम्माननीय प्रधानमन्त्रीले दिनु भएको अभिव्यक्ति गैर जिम्मेवारपूर्ण र सार्वभौमिकता प्रतिकूल भएकोले समेत सम्माननीय प्रधानमन्त्रीले पदबाट राजीनामा दिनुपर्ने, सम्माननीय प्रधानमन्त्रीले हालै पुस्तक विमोचन कार्यक्रममा दिनुभएको अभिव्यक्तिका सम्बन्धमा सदनमा स्पष्ट जवाफ दिनुपर्ने, विगत २ दिनदेखि संसद अवरुद्ध हुनुको मुख्य कारणका सम्बन्धमा स्पष्ट नपारी प्रमुख प्रतिपक्षलाई नै दोष लगाउने कार्य सत्तापक्षबाट भएको, प्रमुख प्रतिपक्ष दल मिटर ब्याजीको पक्षमा रहेको भनी दोषारोपण गर्दै विज्ञप्ती निकालेको, फरक विचार सहित प्रतिपक्षको भूमिका रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यलाई सभाको अघिल्लो बैठकमा बोल्न समय उपलब्ध नगराइएको, सम्माननीय प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति गम्भीर प्रकृतिको भएकोले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
२. मा० श्री रवि लामिछाने
३. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले पुस्तक विमोचनका क्रममा आफुले दिएको अभिव्यक्तिको विषयमा प्रतिपक्षी दलहरुले सदनमा उठाएका विषयमा स्पष्ट पार्दै आफुले भावनामा बगेर त्यस्तो अभिव्यक्ति दिनपुगेको र त्यो नभनेको भए हुन्थ्यो भन्ने आफुलाई लागेको भन्नुहुँदै आत्मसमीक्षा समेत गर्दछु भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको क्रम संख्या २ देखि ५ सम्मको कार्यक्रम कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८०" को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक सभामा टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, वि.सं. २०४८ सालमा नेपाली कांग्रेसबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित सदस्य तथा लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नु भएका लालकाजी गुरुङको मिति २०८० साल असार २३ गते शनिबार ८३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत लालकाजी गुरुङको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार २९ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार २९ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:५५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले पशु चौपायाहरुमा लम्पी स्किन रोग फैलिएर लाखौ पशु चौपायहरु संक्रमित भएका र हजारौं पशु चौपायको मृत्यु भइसकेकोले यस तर्फ सरकारले तत्काल ध्यान दिनुपर्ने, ओखलढुङ्गाको चम्पादेवी गाउँपालिकामा पहिरोको कारण ४ जनाको मृत्यु भएको साथै १५५ घर विस्थापित भएकोले तत्काल राहतको व्यवस्था हुनुपर्ने, जुम्लाको तातोपानीमा दलित समुदायको केटाले गैर दलित केटीसँग प्रेम विवाह गरेको भनी केटीको दाजुले केटाको घरमा आगजनी गरेकोले उक्त घटनाको छानविन गरी कारवाही हुनुपर्ने, मिटरव्याज पिडित सम्बन्धी विधेयक प्रतिनिधि सभाको आगामी बैठकमा सरकारले ल्याउनु पर्ने अन्यथा राष्ट्रिय स्वतन्त्र पार्टी सदन चल्न नदिने पक्षमा उभिने, पर्सा जिल्लामा मनसुनको समयमा समेत पानी नपरेको साथै गण्डक नहरमा सम्झौता अनुसारको पानी नछोडिएकोले रोपाईको बेलामा धानको विउ सुकेर कृषकहरु समस्यामा परेको, रोजगारीको शिलसिलामा भारतको सिम्ला पुगेका दैलेख जिल्लाको महाबु गाउँपालिका एक दम्पतीको खाना पकाउने ग्यास सिलिण्डर पड्किएर मृत्यु भएको साथै उहाँहरुको ३ जना बच्चाको सिम्ला अस्पतालमा उपचार भइरहेकोले नेपाल सरकारले समन्वय गरेर तत्काल उद्धार तथा राहत उपलब्ध गराउनु पर्ने, राष्ट्रपति कार्यालयले विज्ञप्तिमा राष्ट्रपतिको उपचार खर्च स्वयं व्यहोर्ने भनिए पनि मन्त्रीपरिषद्ले रु. ५६ लाख उपचार खर्चको लागि निकाशा दिने निर्णय ऐन नियम विपरित भएको, रौतहट जिल्लामा हिजो राती एकजना युवाको हत्या भएकाले यथाशिघ्र हत्यारालाई कानूनको दायरामा ल्याउनु पर्ने, रौतहट जिल्लाको मौलापुर नगरपालिकामा एकजना किसान खेतमा काम गर्दैगर्दा चर्को घामको कारणले मृत्यु भएकाले मृतकका परिवारलाई क्षतिपूर्ति दिनु पर्ने, दलित वर्ग सम्मान पूर्वक बाँच्न पाउने अधिकारलाई सामाजिक उत्पिडनले कुण्ठित गराइएको, मिटर व्याज सम्बन्धी विधेयक अगाडी नबढ्नुमा प्रतिपक्षलाई दोष लगाई भ्रम फैलाउने काम भएको, स्वास्थ्य मन्त्रालयको केही कर्मचारीकोहरुको सरुवाको सन्दर्भमा स्वास्थ्य मन्त्रीबाट गैर जिम्मेवार अभिव्यक्ति आएको, कोशी नदीको बहाव बढेर सुनसरी र उदयपुरमा क्षती पुऱ्याएकोले आवश्यकतानुसार कोशी व्यारेजको ढोका खोल्नु पर्ने, ताप्लेजुङ, पाँचथर लगायत पूर्वी पहाडी जिल्लामा बाढीले बगाएको पुलमाथी बेलीबृज लगाई तत्काल दैनिक उपभोग्य सामाग्रीको आपूर्ति गर्नु पर्ने, देशले आफ्नो हार्डवयर र सफ्टवयर पावर दुवै मजवुत गरेमात्र विकास सम्भव हुने, राज्य शक्ति दुरुपयोग गरी सुनसरीको श्रीलङ्का टापु ९९ वर्षको लागि भाडामा दिने कार्य राष्ट्रिय हित प्रतिकुल भएको, हेटौडाको राजमार्गहरुको दायाँ बायाँ ३१ मिटर अधिकरण गर्ने कुराले धेरै वर्षदेखि त्यहाँका जनतालाई आतङ्कित बनाइरहेको लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री पदम गिरी
२. मा० श्री रामहरि खतिवडा
३. मा० श्री रणेन्द्र बराली
४. मा० श्री रवि लामिछाने
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री प्रभु साह
१०. मा० श्री रोशन कार्की
११. मा० श्री शान्ती वि.क.
१२. मा० श्री ठाकुर प्रसाद गैरे
१३. मा० श्री अशोक कुमार चौधरी
१४. मा० श्री लिला देवी बोखिम लिम्बु
१५. मा० श्री रघुजी पन्त
१६. मा० श्री प्रेम सुवाल
१७. मा० श्री दिपक बहादुर सिंह

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री विक्रम पाण्डे
२. मा० श्री विजुला रायमाझी
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विना लामा
५. मा० श्री विनिता कुमारी सिंह
६. मा० श्री विराज भक्त श्रेष्ठ

७. मा० श्री विश्व प्रकाश शर्मा
८. मा० श्री श्याम कुमार घिमिरे
९. मा० श्री शिव नेपाली
१०. मा० श्री शिशिर खनाल
११. मा० डा० शुनिल कुमार शर्मा
१२. मा० श्री शेर बहादुर कुँवर
१३. मा० श्री शोभा ज्ञवाली
१४. मा० श्री सन्तोष चालिसे
१५. मा० श्री सराज अहमद फारुकी
१६. मा० श्री सरिता भुषाल
१७. मा० श्री सिता कुमारी राना
१८. मा० श्री सिता मिजार
१९. मा० श्री सुमना श्रेष्ठ
२०. मा० श्री सुशिला थिङ
२१. मा० श्री सूर्य प्रसाद ढकाल
२२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२३. मा० श्री सोबिता गौतम
२४. मा० श्री संजय कुमार गौतम
२५. मा० श्री हर्कमाया विश्कर्मा
२६. मा० श्री हितराज पाण्डे
२७. मा० श्री हेमराज राई
२८. मा० श्री हृदयराम थानी
२९. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३०. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् सम्माननीय सभामुखले लम्पी स्किन रोगको सम्बन्धमा विगतका बैठकहरुदेखि नै माननीय सदस्यहरुबाट कुरा उठाइरहनु भएकोले सरकारले यस सम्बन्धमा स्पष्ट पार्न र रोगको रोकथामको लागि गरेका कार्यहरुको बारेमा सदनलाई जानकारी गराउँन सम्बन्धित मन्त्रीलाई निर्देश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयले प्रतिनिधि सभामा उत्पत्ति भएको "विनियोजन विधेयक, २०८०", "आर्थिक विधेयक, २०८०" र "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" का सम्बन्धमा राष्ट्रिय सभाबाट सुझाव विना पारित भएको सन्देशहरु सभालाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको लागि निर्धारित कार्यसूचीमा रहेको क्रम संख्या २ र ३ मा रहेको कार्यक्रम कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ३१ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ३१ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:३५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को व्यवस्था तर्फ माननीय सदस्यहरुलाई ध्यानाकर्षण गराउनु हुँदै दुई मिनेटभित्र आफ्नो भनाई राखि सक्न अनुरोध गर्नुभयो ।

त्यसपछि आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ ले व्यवस्था गरे अनुसार आकस्मिक समयमा अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठक बीचको अवधिको विषयमा मात्र आफ्ना भनाइ राख्नु पर्नेमा त्यस अनुरुप नभएकोले त्यसतर्फ सम्माननीय सभामुखबाट रुलिङ हुनुपर्ने, गुठीको जग्गा पुस्तौदेखी भोगचलन गर्दै आएको व्यक्तिको नाममा आजसम्म पनि दर्ता हुन नसकेको, विश्वको तुलनामा नेपालको हवाई यात्रा असुरक्षित हुँदै गएकोले हवाई यात्राको सेवा प्रदायक र नियामक निकाय छुट्टाछुट्टै हुनुपर्ने, प्राकृतिक प्रकोपमा परी वर्षेनी हजारौ पशु चौपाया मर्ने गरेका तर राज्यले दिने राहत क्षतिपूर्ति उक्त पशुपालक किसानहरुसम्म नपुगेको, बर्दिया जिल्लामा एकजना मुक्त कमैयाको घरमा आगजनीको कारण भएर क्षती पुगेकोले पिडितलाई यथाशीघ्र राहत दिनुपर्ने, सर्लाहीमा सुख्खाले गर्दा पन्ध्र प्रतिशतमात्र धान रोपाई हुन सकेकोले बाँकी क्षेत्रमा तत्काल सिँचाईको व्यवस्था गर्नुपर्ने, वरिष्ठ वकिलहरुले वहस पैरवी गर्दा मनपरी महंगो शूल्क लिने गरेकोले अन्यायमा परेका गरिब जनताले न्याय पाउन वकिल राख्नै नसक्ने अवस्था भएको, मोरङ जिल्लामा बाढीले एकजनाको मृत्यु भएकोले मृतकका पारिवारलाई क्षतिपूर्ति दिनु पर्ने, धनुषा जिल्लामा सुख्खाको कारणले रोपाई हुन नसकेकोले सरकारले कृषकलाई सिँचाइको सुनिश्चितता गर्नुपर्ने, पोखरा महानगरपालिकाको मेलबोटमा पहिरोले सडक अवरुद्ध भएकोले तत्काल पहिरो रोकथामका लागि भौगोलिक अवलोकन गरी क्षति न्यूनिकरण गर्न सम्बन्धित निकायले पहल गर्नुपर्ने, विषयत समितिको सभापतिको निर्वाचन छिट्टै गरी समितिको काम सुचारु गर्नुपर्ने, बैदेशिक रोजगार विभागले स्विकृती दिएको श्रमीकलाई अध्यागमनले रोक्ने गरेकोले विशेष गरी खाडीमुलुकमा रोगजारीका लागि जाने श्रमिकहरु मारमा परेको, दुइचार वटा सहकारीको बदमासीले सम्पूर्ण सहकारीहरु समस्यामा परकोले सहकारीलाई राष्ट्रिय वित्तिय प्रणालीमा जोडिनु पर्ने, ईलाम जिल्ला माई नगरपालिकामा दुइहप्ता अगाडी एक जना महिलाको हत्यागरी फरार भएका दोषिलाई हालसम्म पनि कानूनी दायरामा ल्याउन नसकेको लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री विश्व प्रकाश शर्मा
२. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
३. मा० श्री सोबिता गौतम
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री लालबिर चौधरी
६. मा० श्री राम प्रकाश चौधरी
७. मा० श्री प्रभु साह
८. मा० श्री योगेन्द्र मण्डल
९. मा० श्री राम कृष्ण यादव
१०. मा० श्री विद्या भट्टराई
११. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१२. मा० श्री रमा कोईराला पौड्याल
१३. मा० श्री श्याम कुमार घिमिरे
१४. मा० श्री सिता मिजार

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० श्री अशोक कुमार चौधरी
७. मा० श्री अश्मा कुमारी चौधरी
८. मा० श्री असिम शाह
९. मा० श्री ईश्वर वहादुर रिजाल
१०. मा० श्री ईश्वरी घर्ती
११. मा० श्री उर्मिला माझी
१२. मा० श्री कालुराम राई
१३. मा० श्री किरण कुमार साह
१४. मा० श्री कृष्ण कुमार श्रेष्ठ
१५. मा० श्री गगन कुमार थापा
१६. मा० श्री गणेश पराजुली
१७. मा० श्री गिता बस्नेत
१८. मा० श्री गोमा लाभ (सापकोटा)
१९. मा० श्री गंगा कार्की
२०. मा० श्री गंगा राम चौधरी
२१. मा० श्री चन्दा कार्की (भण्डारी)
२२. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२३. मा० श्री चित्र बहादुर के.सी.
२४. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२५. मा० श्री जीवन परियार
२६. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)

तदुपरान्त "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम ४ जना मा० सदस्यहरुबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने निम्नलिखित प्रस्तावक माननीय सदस्यहरुले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनु भएपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले उक्त वक्तव्यको क्रममा माननीय सदस्यहरुले उठाउनु भएको विषयमा स्पष्ट पार्नुभयोः-

१. मा० श्री ज्ञान बहादुर शाही
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री सोबिता गौतम
४. मा० श्री सुमना श्रेष्ठ

तत्पश्चात् सम्माननीय सभामुखले उल्लिखित माननीय सदस्यहरुले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले अस्वीकृत भयो ।

तदुपरान्त "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राइलाई राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय दिनु भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर विरोध जनाउँदै माननीय श्री सन्तोष परियारले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०८० माथि छलफल गरिरहँदा सम्माननीय सभामुख महोदयबाट उक्त विधेयक प्रस्तुत गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नु भएन त्यसर्थ अहिलेको काम कारबाहीप्रति हाम्रो घोर आपत्ति छ भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय श्री रमेश लेखकलाई बोल्न समय दिनु भएपछि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर विरोध जनाउँदै होहल्ला जारी राख्नु भएपछि माननीय श्री रमेश लेखकलाई बस्न अनुरोध गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २८ र २९ को व्यवस्था तर्फ माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु हुँदै उक्त नियम वाचन गरेर सुनाउनु भयो र जतिबेला विरोधको सूचना बहुमतले अस्विकृत भएको घोषणा भयो त्यतिबेला माननीय सदस्यहरुले आपत्ति नजनाउनु भएकोले वा मत विभाजन गरी निर्णय हुनुपर्ने भनी असहमति प्रकट नगर्नु भएकोले नियमानुसार नै अर्को विषयमा प्रवेश गरेको जानकारी गराउनु भयो साथै उहाँले विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्दा माननीय सदस्यहरुको विरोध नआएपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले उक्त विधेयक सभामा पेश गर्नु भएको व्यहोरा जानकारी गराउनु हुँदा पनि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर विरोध जनाउँदै होहल्ला जारी राख्नु भएपछि सम्माननीय सभामुखले रोष्ट्रममा रहनु भएको माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईलाई आशन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु वेलमा आएर होहल्ला गर्दै नारावाजी गर्न थाल्नु भएपछि सम्माननीय सभामुखले १५ मिनेटपछि बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेटपछि बस्नेगरी बेलुका ४:३४ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:१५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ माननीय श्री राजेन्द्र बजगाईले अघिको बैठकमा बोल्ने क्रममा एकजना माननीय सदस्यले प्रयोग गर्नु भएको "गुण्डा" शब्द असंसदीय भएकोले अभिलेखबाट हटाइयोस् भन्नु भएपश्चात सम्माननीय सभामुखले उक्त विषयतर्फ ध्यानाकर्षण भएको र अडियो रेकर्ड सुनेर निर्णय गरिने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले उठाउनु भएको विषयको सन्दर्भमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री अर्जुन नरसिंह के.सी.
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री गगन कुमार थापा
५. मा० श्री देवेन्द्र पौडेल
६. मा० श्री विद्या भट्टराई
७. मा० श्री ज्ञानु बस्नेत सुबेदी
८. मा० श्री शिशिर खनाल
९. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
१०. मा० श्री अमृत लाल राजवंशी
११. मा० श्री सरिता भुसाल
१२. मा० श्री ठाकुर प्रसाद गैरे
१३. मा० श्री विराज भक्त श्रेष्ठ
१४. मा० श्री सुमना श्रेष्ठ
१५. मा० श्री सोबिता गौतम
१६. मा० श्री सूर्य प्रसाद ढकाल
१७. मा० श्री रोशन कार्की
१८. मा० श्री दामोदर पौडेल (वैरागी)
१९. मा० श्री मनिष झा
२०. मा० श्री अम्मर बहादुर थापा
२१. मा० श्री रणेन्द्र बराली
२२. मा० श्री रन्जु कुमारी झा
२३. मा० श्री दिपा शर्मा

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथिको दफावार छलफल गरियोस् भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले उक्त विधेयकमाथि १४ जना माननीय सदस्यहरुबाट संशोधनको सूचनाहरु प्राप्त भएको व्यहोरा जानकारी गराउनु भएपछि निम्नलिखित माननीय सदस्यहरुले मात्र आफ्नो संशोधन प्रस्तुत गर्नुहुँदै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री प्रदिप यादव
३. मा० श्री राज किशोर यादव
४. मा० श्री रन्जु कुमारी झा
५. मा० श्री अम्मर बहादुर थापा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री शिशिर खनाल
८. मा० श्री दामोदर पौडेल (वैरागी)
९. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१०. मा० श्री महेश कुमार वर्तौलाको तर्फबाट मा० श्री अच्युत प्रसाद मैनाली
११. मा० श्री सुशीला श्रेष्ठ
१२. मा० श्री मनिष झा
१३. मा० श्री गणेश पराजुली

तदुपरान्त उक्त विधेयकमाथीको दफावार छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री पदम गिरी
२. मा० श्री हितराज पाण्डे
३. मा० श्री रवि लामिछाने
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री दिपक गिरी
६. मा० श्री अजय कुमार चौरसिया
७. मा० श्री रामहरि खतिवडा

त्यसपछि उक्त छलफलको क्रममा उठेका प्रश्नको सन्दर्भमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले जवाफ दिनुहुँदै निम्नलिखित संशोधनहरु विधेयकमा समावेश गर्नेगरी नेपाल सरकारको तर्फबाट स्वीकार गरेको व्यहोरा समेत जानकारी गराउनु भयोः-

"१. विधेयकसाथ संलग्न उद्देश्य र कारणमा रहेको "सङ्घीय संसदको दुवै सदनबाट स्वीकृत भएको उक्त अध्यादेशले गरेको व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएकोले अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी तयार गरिएको प्रस्तुत "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" पेस गरेको छु।" भन्ने वाक्यको सट्टा "उल्लिखित अध्यादेश सङ्घीय संसदको दुवै सदनबाट स्वीकृत भएको समेत सन्दर्भमा प्रस्तुत मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पेश गरेको छु।" भन्ने वाक्य राखे।

२. विधेयकको दफा २ को उपदफा (२) मा रहेका "नगदै वा घरसारमा" भन्ने शब्दहरुको सट्टा "घरसारमा नगदै" भन्ने शब्दहरु राखे।

३. विधेयकको दफा ३ को,-

(१) उपदफा (२) मा थप भएको उपदफा (३क) पछि देहायको उपदफा (३ख) राखी त्यसपछिको उपदफा क्रम मिलाउनेः-

"(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ।"

(२) उपदफा (२) बाट थप भएको उपदफा (३ख) क्रम मिलाउँदा कायम हुने उपदफा (३ग) मा रहेका "उपदफा (३क)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३क) र (३ख)" भन्ने शब्दहरु राखे ।

(३) उपदफा (२) बाट थप भएको उपदफा (३ख) क्रम मिलाउदा कायम हुने उपदफा (३ग) पछि देहायका उपदफा (३घ) र (३ङ) थप्नेः-

"(३घ) उपदफा (३क) बमोजिम प्रमाणित गराउने प्रयोजनको लागि लेनदेनको कुनै एक पक्ष उपस्थित नभए तापनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्नेछ।

(३ङ) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष नेपाल बाहिर रहेको अवस्थामा निज फर्की आएको मितिले छ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनु पर्नेछ।"

४. विधेयकको दफा ४ संशोधन गर्न प्रस्ताव गरिएको दफा २४९क. को,-

(१) उपदफा (२) को खण्ड (छ) मा रहेका "कुनै प्रकारको" भन्ने शब्दहरु पछि "शारीरिक वा मानसिक हानि हुने गरी" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (४) मा रहेका "कसूर गर्ने वा गराउने व्यक्तिलाई" भन्ने शब्दहरु पछि "कसूरको गम्भीरता हेरी" भन्ने शब्दहरु थप्ने।

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखेः-

"(५) अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानून बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसूरदारबाट भराईदिनु पर्नेछ।"

५. विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राखेः-

"६. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० निष्क्रिय भएपछि त्यसको परिणामः मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० निष्क्रीय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।"

तत्पश्चात् सम्माननीय सभामुखले संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरुलाई आफ्नो संशोधन प्रस्तावहरु मध्ये माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले जवाफ दिनेक्रममा स्वीकार गर्नुभएको बाहेकका बाँकी संशोधन प्रस्तावहरु फिर्ता लिन समय दिनुहुँदा निम्न लिखित माननीय सदस्यहरुले आफ्नो संशोधन फिर्ता लिनुभयो ।

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री प्रदिप यादव
३. मा० श्री राज किशोर यादव
४. मा० श्री रन्जु कुमारी झा
५. मा० श्री दीपक कार्की
६. मा० श्री अम्मर बहादुर थापा
७. मा० श्री शिशिर खनाल
८. मा० श्री दामोदर पौडेल वैरागी
९. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१०. मा० श्री महेश कुमार वर्तौलाको तर्फबाट
मा० श्री अच्युत प्रसाद मैनाली
११. मा० श्री सुशीला श्रेष्ठ
१२. मा० श्री मनिष झा
१३. मा० श्री गणेश पराजुली

यसैक्रममा माननीय श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु मध्ये माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले जवाफ दिनेक्रममा स्वीकार गर्नुभएको बाहेकका बाँकी संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको निम्नलिखित संशोधनहरुलाई सम्माननीय सभामुखले स्वीकृती र विधेयकको अंग बनोस् भनी क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ६ सम्म "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" लाई पारित गरियोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निणयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा २ बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकहरुको प्रमाणीकृत प्रति थान १/१ (एक/एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	विधेयकको नाम	प्रमाणीकरण मिति
१	विनियोजन विधेयक, २०८०	२०८०/३/३१
२	आर्थिक विधेयक, २०८०	२०८०/३/३१
३	राष्ट्र ऋण उठाउने विधेयक, २०८०	२०८०/३/३१

(डिल्ली राम शर्मा)

मितिः २०८०/३/३१ सचिव

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन १० गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक रातको ९:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन १० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले पछिल्लो एकवर्ष यता त्रिभुवन विमानस्थलको सुरक्षा व्यवस्था अत्यन्त्य कमजोर बनाएर ठूलोमात्रामा सुन तस्कर गर्ने कार्य बढेको, पछिल्लो दुई/तीन महिनाको अवधिमा करिब बीस क्विन्टलभन्दा बढी सुन तस्करी हुनु सामान्य विषय नभएकोले यसको छानविनको लागि उच्च स्तरीय छानविन समिति गठन गर्न सम्माननीय सभामुखबाट रुलिङ हुनु पर्ने, क्विन्टलभन्दा बढी सुन तस्करीको अनुसन्धान जारी रहुन्जेल गृहमन्त्री र अर्थ मन्त्रीले नैतिकताको आधारमा राजिनामा दिनुपर्ने, सुन तस्कर लगायत विभिन्न अपराध विरुद्ध सरकारले गरिरहेको छानविन कार्यलाई सवैले समर्थन गर्नुपर्ने, सुन तस्करीको घटनामा सम्बन्धित त्रिभुवन विमानस्थलका विभिन्न निकायका प्रमुखहरुलाई तुरुन्त बर्खास्त गर्नुपर्ने, सुन तस्करमा संलग्न भरियामात्र नभई तस्करीको मुख्य नाइकेलाई कानूनको दायरामा ल्याउनु पर्ने, त्रिभुवन विमानस्थलबाट डेढ क्विन्टल सुन बाहिर निस्किएकै दिन सुरक्षा प्रमुख र भन्सार प्रमुख एकैपटक विदा बसेको, तराईमा खडेरीका कारण समयमा रोपाई गर्न नसकिएको साथै खानेपानीको ट्युवेलहरु पनि सुक्न थालेकोले तराईलाई सुख्खा क्षेत्र घोषणा गरेर यथाशिघ्र खानेपानीको उचित व्यवस्थापन गर्नुपर्ने, बैदेशिक रोजगारीको क्रममा मृत्यु भएका नेपाली नागरिकहरुको शव ल्याउने प्रक्रियामा सरकार उदासिन भएको, संसद बैठक चालुरहेको बेला बाधा अड्काउ फुकाउको नाममा संसदले बनाएको ऐनको व्यवस्थालाई सरकारले परिवर्तन गर्न नपाउने, लोडसेडिङ हटिसकेको भनिए तापनि तराईका क्षेत्रमा छिनछिनमा विद्युत प्रशारण बन्द गरिनुले तराइको जनताको जनजिवनमा समस्या परेको, एक टेलिभिजनमा अन्तर्वार्ता दिनेक्रममा तामाङ, मगर लगायत अन्य जाती समुदायको आत्मसम्मानमा चोट पर्नेगरि अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डे साथै उक्त कार्यक्रम प्रस्तोतालाई कानूनी दायरामा ल्याउनु पर्ने, लोकसेवा तयारी पुस्तकमा महिलाको आत्म सम्मानमा गम्भीर आघात पुऱ्याउने प्रश्न उत्तर सामग्री प्रकाशन गर्ने लेखक एवं नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयका सहायक संरक्षण अधिकृत राम एकवालदासलाई तुरुन्त निलम्वन गरी कानूनी कारवाही गर्नुपर्ने, कर्णाली राजमार्ग भरपर्दो नहुँदा औषधी, खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुको सहज आपुर्ति कठिनाई भएको, जुम्लाको चन्दानाथ नगरपालिका र गुठिचौर गाउँपालिकामा सातवटा घरमा राति बाहिरबाट चुकुल लगाइदिएर आगजनी गरिएको साथै मुगु कार्मारोडवासी एकजनाको ट्याकटरमा समेत आगजनि गरिएको, खर्च कटौतीको नाममा देशै भरिका सामूदायिक विद्यालयको कक्षा ६ का विद्यार्थीको दिवा खाजा खर्च कटौती गर्ने सरकारको निर्णय गलत भएको, सम्माननीय सभामुखको रुलिङ पश्चात पनि लम्पी स्किन रोगको सन्दर्भमा सरकारको तर्फबाट सम्बन्धित मन्त्रालयको जवाफ हालसम्म पनि नआएको, नियमनकारी निकाय नागरिक उड्ययन प्राधिकरण विमानस्थलमा सेवा सञ्चालनसमेतको दोहोरो भूमिका रहनुले विमानस्थलमा हुने सुन तस्करीजस्ता गतिविधिमा प्राधिकरणले उचित ध्यान पुऱ्याउन नसक्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री पदम गिरी
२. मा० श्री सुनिल शर्मा
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अब्दुल खान
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री प्रभु साह
११. मा० श्री सुशिला थिङ
१२. मा० श्री ईश्वरी घर्ती
१३. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१४. मा० श्री ज्ञान बहादुर शाही
१५. मा० श्री हरि ढकाल
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री विना जैसवाल
१८. मा० श्री राजेन्द्र बजगाई
१९. मा० श्री ठाकुर प्रसाद गैरे

त्यसपछि सम्माननीय सभामुखबाट शुन्य समय प्रारम्भ भएको जानकारी गराउँनु हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री पदम गिरीलाई समय उपलव्ध गराउँनु हुँदा पछिल्लो दुई/तीन महिनाको अवधिमा त्रिभुवन विमानस्थलबाट गृहमन्त्री र अर्थमन्त्रीको संरक्षणमा बीसबाइस क्विन्टलभन्दा बढी सुन भित्रिनु सामान्य विषय होइन यस सन्दर्भमा उच्च स्तरिय छानविन समिति गठन हुनुपर्छ र छानविन समिति गठनको लागि सम्माननीय सभामुखबाट रुलिङ होस् अन्यथा यो बैठक अगाडी बड्न सक्दैन भन्नुहुँदै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु वेलमा आउनु भई नारावाजी गर्न थाल्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँनु हुँदै प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन १५ गते सोमबार दिनको १:०० बजे बस्नेगरी स्थगित भएको समेत जानकारी गराउँनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन १५ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ आकस्मिक समय माग गर्नुहुँदै माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले आज आकस्मिक समयमा सवैको प्रतिनिधित्व हुने गरी बोल्न समय व्यवस्थापन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित माननीय सदस्यहरुले त्रिभुवन विमानस्थलबाट ठूलो मात्रामा सुन तस्करी भएको घटनाको छानविन गर्न उच्चस्तरिय छानविन समिति गठन गर्ने प्रस्ताव माथी मतदान गर्नुपर्ने र मतदान मार्फत उक्त छानविन समिति बनाउनु हुन्न भन्नेको बहुमत भयो भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आफ्नो आन्दोलन बन्द गर्ने, देशैभरी आएको बाढी पहिरोले पुऱ्याएको जनधनको क्षतिका सम्बन्धमा, भारतको उत्तराखण्डमा आएको बाढीको कारण नेपाली नागरिकको ज्यान गएको लागायतका जनताको प्रत्यक्ष सरोकारको विषयमा सदनको अबरोधका कारण सरकारलाई प्रश्न गर्न नपाइएको सम्बन्धमा, सदनमा उठेका प्रश्नको निदान संविधान र नियमावलीको व्यवस्था अनुसार संवादबाट गर्नुपर्ने, पुर्व निर्धारित समयमै सभाको बैठक बस्नुपर्ने, सुन तस्करीको साथै झापाको चिया बगान गिरीबन्धुलाई हस्तान्तण गर्ने विषय, कोभिडको समयमा स्वास्थ्य सामाग्री खरिदमा गरिएको भ्रष्टाचार, नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका शिर्ष नेताहरुलाई पनि कानूनी दायरामा ल्याउनु पर्ने, जेठ ७ गते धनुषा जिल्लामा २२ वर्षे महिलालाई दाइजो नल्याएको भनी हत्या गरिएको विषयमा दर्ता गरिएको मुद्दा फिर्ता लिन दवाव दिने प्रहरीलाई कानूनी दायरामा ल्याउनु पर्ने, समाजमा जातीय द्वन्द्व सिर्जना गर्ने अभिव्यक्ति दिनेलाई कुनैपनि बहानामा उन्मुक्ति दिन नहुने, तामाङ मगर समूदायको अपमान हुने अभिव्यक्ति दिनेलाई कारवाहीको माग गर्दै गरिएको आन्दोलनमा भएको प्रहरी दमनको छानविन हुनु पर्ने, कानून संशोधन गरेर भ्रष्टाचारीलाई कडा कारवाही गर्नुपर्ने, कुनैपनि बहानामा सदन अवरुद्ध हुन नहुने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री योगश कुमार भट्टराई
२. मा० श्री विश्व प्रकाश शर्मा
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री राज किशोर यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री लालबिर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० डा० अमरेश कुमार सिंह

तत्पश्चात् माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले कार्यसूची अनुसार बैठक अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्नुभयो ।

त्यसपछि माननीय श्री महेश वर्तौलाले माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीबाट प्रमुख प्रतिपक्षले माग गरे बमोजिम उच्चस्तरिय छानविन समिति गठन गर्ने प्रतिवद्धता सहितको जवाफ नआएको भन्नु भएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय श्री रामहरि खतिवडालाई बोल्न समय उपलव्ध गराउनु हुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइ विरोध जनाउनु हुँदै होहल्लासहित नाराबाजी गर्न थाल्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री रामहरि खतिवडालाई बस्न अनुरोध गर्नुभयो ।

तदुपारन्त सम्माननीय सभामुखले कार्यसूची अन्तर्गतको विषयलाई आगाडी बढाउन पटक पटक अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले होहल्ला र नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ६:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीलाई बोल्न समय उपलव्ध गराउनु हुँदा सत्तापक्षका माननीय सदस्यहरु पनि समय माग गर्नुहुँदै आ-आफ्नो स्थानमा उभिनु भई बोल्न थाल्नु भएपछि सदनमा होहल्ला शुरु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सूर्य बहादुर थापा क्षेत्रीले बोल्नु भएको राम्रोसँग सुन्न नपाइको भन्नु हुँदै बस्न अनुरोध गर्नु हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आसन अगाडीको वेलमा आई विभिन्न किसिमका नाराहरु लागाउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले लामो समयदेखि सुन तस्करीका विषयमा माननीय सदस्यहरुले राख्नु भएका धारणका सम्बन्धमा सदनलाई जानकारी भइसकेको र त्यस विषयको सन्दर्भमा सरकारको तर्फबाट माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीले जवाफ दिइ सक्नुभएको भन्नु हुँदै देशमा अहिले बाढी पहिरोका साथै अन्य विभिन्न घटनाहरु समेत भइरहेको र माननीय सदस्यहरुले सदनमा राख्नु पर्ने अन्य धेरै विषयहरु रहेकोले नियमित कार्यसूची अनुसार सभाको बैठक अगाडि बढाउन माननीय सदस्यहरुलाई पटक पटक आग्रह गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूची अन्तर्गतको विषयलाई आगाडि बढाउन पटक पटक अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले माननीय श्री ज्वाला कुमारी साहलाई बोल्न समय उपलब्ध गराउनु हुँदा सत्तापक्षका माननीय सदस्यहरु पनि बोल्नको लागि समय माग गर्नुहुँदै आ-आफ्नो स्थानमा उभिनु भई बोल्न थाल्नु भएपछि सदनमा होहल्ला हुन पुग्यो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुलाई नियम पालना गर्न आग्रह गर्नुहँदै माननीय श्री ज्वाला कुमारी साहलाई समय दिएको र उहाँले बोली सक्नु भएपछि सबैलाई आलोपालो समय दिइनेछ भन्नुहुँदै पटक पटक माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरुले आशन ग्रहण नगरी होहल्ला जारी राख्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय श्री ज्वाला कुमारी साहले बोल्नु भएको राम्रोसँग सुन्न नसकिएकोले सबै माननीय सदस्यहरुलाई आशन ग्रहण गरी उहाँको भनाई सुन्नु हुन पटक पटक आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरुले होहल्ला जारी राख्नु भएपछि माननीय श्री ज्वाला कुमारी साहलाई बस्न आग्रह गर्नुभयो ।

त्यसपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु सभामुख आसन अगाडीको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सभा सञ्चालनमा भइरहेको अवरोधका कारण भएको अप्ठ्यारोलाई गम्भिरताका साथ बुझेर नियमित कार्यसूची अनुसार बैठक अगाडी बढाउने वातावरण बनाउन माननीय सदस्यहरुलाई पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:२५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २९ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:५० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु र अन्य केहि माननीय सदस्यहरु आ-आफ्नो आसन अगाडी उभिनु भएपछि सम्माननीय सभामुखले माननीय डा० सुनिल कुमार शर्मालाई बोल्न समय दिनुहुँदै अन्य माननीय सदस्यहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु बाहेकका माननीय सदस्यहरुले आशन ग्रहण गर्नुभयो ।

तदुपरान्त माननीय डा० सुनिल कुमार शर्माले सुन तस्करीमा नैतिकरुपमा संलग्न मन्त्रीहरुको राजीनामा यो सदनमा मागेको हुँदा आफुलाई विना पक्राउ पुर्जी गिराफ्तारी गर्ने काम भएकोले वर्तमान गृहमन्त्रीले विना शर्त राजीनामा गर्नुपर्छ भन्ने लगायतको विषयमा आफ्नो भनाई राख्नुभयो । यसैबिच नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का माननीय सदस्यहरुले नियमापत्ति गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय श्री मानबीर राईलाई बोल्न समय दिनुहुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का माननीय सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभएपछि माननीय श्री मानबीर राईले नेपालको भूमि प्रयोग गरेर सुन तस्करी भएको सम्बन्धमा निष्पक्ष छानविन गर्न उच्चस्तरिय छानविन समिति गठन नगरेसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्ने लगायतको विषयमा आफ्नो भनाई राख्दै गर्दा सम्माननीय सभामुखले माननीय श्री हितराज पाण्डेलाई समय दिनुहुँदा उहाँले माननीय डा० सुनिल कुमार शर्माले बोल्ने क्रममा प्रधानमन्त्रीलाई 'आतङ्ककारी' भन्ने शब्द प्रयोग गर्नुभएकोले उक्त शब्द संसदको रेकर्डबाट हटाउनु पर्ने माग गर्नुभएपछि सम्माननीय सभामुखले माननीय श्री हितराज पाण्डेको भनाई प्रति ध्यानाकर्षण भएको भन्नुहुँदै यो नियमापत्ति नभई प्रतिवाद भएको जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम प्रारभ्म भएको जानकारी गराउनु हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिएर नाराबाजी गर्न थाल्नु भयो साथै राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु पनि बोल्नको लागि समय पाउनुपर्ने माग राख्नुहुँदै आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले नियमित कार्यसूची अन्तर्गत बैठक सञ्चालनमा सहयोग गर्न माननीय सदस्यहरुलाई पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले नाराबाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराउनु हुँदै बैठक २०८० साल भाद्र ३ गते आइतबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र ३ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:१५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ ६ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्काले अवरुद्ध सदन सुचारु गर्ने विषयमा सरकारबाट भएको पहलकदमीमा सम्माननीय सभामुख लगायत सदनमा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका नेताहरुको निरन्तरको प्रयासबाट सहमति भएको जानकारी गराउनु हुँदै मिति २०८० साल श्रावण २ गते विदेशबाट अवैध ढंगले भएको सुन तस्करी सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोले निष्पक्ष अनुसन्धान र छानविन गरी सुन तस्करीमा संलग्न व्यक्तिहरुलाई अभियोजन गर्ने र इलेक्ट्रिक सिगरेट तथा ब्रेक सुमा राखी पटक पटक तस्करी भई मुलुक भित्र आउने गरेको सुनको स्वतन्त्र र निष्पक्ष छानविन एवं नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र सो सम्बन्धमा भएका अनुसन्धानको समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम २०८०/०६/०५ गते नेपाल सरकारले आयोग गठन गर्ने सम्बन्धमा राजनीतिक दलहरुबीच भएको दुईबुँदे सहमति सम्बन्धमा सभामा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री शंकर भण्डारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अब्दुल खान
८. मा० श्री सर्वेन्द्रनाथ शुक्ला
९. मा० श्री गंगाराम चौधरी
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० श्री रामहरि खतिवडा
१२. मा० श्री गोकुल प्रसाद वास्कोटा
१३. मा० श्री हितराज पाण्डे
१४. मा० श्री तेजुलाल चौधरी
१५. मा० श्री महेश कुमार वर्तौला
१६. मा० श्री प्रदिप पौडेल
१७. मा० श्री ऋषिकेश पोखरेल
१८. मा० श्री रामनाथ अधिकारी
१९. मा० श्री राजेन्द्र बजगाई
२०. मा० श्री कान्तिका सेजुवाल
२१. मा० श्री ऐन बहादुर शाही ठकुरी

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यू संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको मुख्यालय इटलीको रोममा आयोजना हुने **United Nations Food Systems 2023 Stocktaking Moment** मा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सहभागी हुन सम्वत् २०८० साल साउन ६ गते शनिबार त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/६

(डिल्ली राम शर्मा)
सचिव

(ख) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	ऐन संख्या	विधेयकको नाम	प्रमाणीकरण मिति
१	५	मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०	२०८०/०४/१२

मितिः २०८०/०४/१२

(डिल्ली राम शर्मा)
सचिव

(ग) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा सम्वत् २०८०/४/२९ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री पुष्पकमल दाहाल "प्रचण्ड"	प्रधानमन्त्री	
२.	श्री पूर्णबहादुर खड्का	उपप्रधानमन्त्री	रक्षा
३.	श्री नारायणकाजी श्रेष्ठ	उपप्रधानमन्त्री	गृह
४.	डा. बेदुराम भुसाल	मन्त्री	कृषि तथा पशुपन्छी विकास
५.	श्री धनराज गुरुङ	मन्त्री	कानून, न्याय तथा संसदीय मामिला
६.	श्री अशोककुमार राई	मन्त्री	शिक्षा, विज्ञान तथा प्रविधि
७.	श्री शरतसिंह भण्डारी	मन्त्री	श्रम, रोजगार तथा सामाजिक सुरक्षा
८.	डा. प्रकाशशरण महत	मन्त्री	अर्थ
९.	श्री महिन्द्र राय यादव	मन्त्री	खानेपानी
१०.	श्री शक्तिबहादुर बस्नेत	मन्त्री	उर्जा, जलस्रोत तथा सिँचाइ
११.	श्री नारायण प्रकाश साउद	मन्त्री	परराष्ट्र
१२.	श्री रेखा शर्मा	मन्त्री	सञ्चार तथा सूचना प्रविधि
१३.	श्री मोहन बहादुर बस्नेत	मन्त्री	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
१४.	श्री सुदन किराती	मन्त्री	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१५.	श्री प्रकाश ज्वाला	मन्त्री	भौतिक पूर्वाधार तथा यातायात
१६.	श्री रञ्जिता श्रेष्ठ	मन्त्री	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण
१७.	श्री रमेश रिजाल	मन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति
१८.	श्री सीता गुरुङ्ग	मन्त्री	शहरी विकास
१९.	श्री डिगबहादुर लिम्बु	मन्त्री	युवा तथा खेलकुद
२०.	श्री सुरेन्द्र राज आचार्य	मन्त्री	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
२१.	श्री वीरेन्द्र प्रसाद महतो	मन्त्री	वन तथा वातावरण
२२.	श्री अनिता देवी	मन्त्री	सङ्घीय मामिला तथा सामान्य प्रशासन
२३.	श्री सुशिला सिर्पाली ठकुरी	राज्यमन्त्री	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
२४.	श्री नन्दा चपाई	राज्यमन्त्री	भौतिक पूर्वाधार तथा यातायात
२५.	श्री प्रमिला कुमारी	राज्यमन्त्री	शिक्षा, विज्ञान तथा प्रविधि

(डिल्लीराम शर्मा)
सचिव

मितिः २०८०/०४/३०

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद थाइल्याण्डको बैंककमा आयोजना हुने बिमस्टेक परराष्ट्र मन्त्रीहरुको रिट्रिटमा भाग लिन मिति २०८०/३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/३/३१

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ख) माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महत भारतको गुजरातमा आयोजना हुने भारतलगायत विश्वका अन्य विकसित र विकासशील मुलुकहरुको समूह (G20) को तेस्रो अर्थ मन्त्रीस्तरीय बैठकमा सहभागी हुन मिति २०८०/३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/३/३१

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ग) माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत व्यक्तिगत कामको सिलसिलामा मिति २०८०/३/२९ मा बेलायततर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/३/३१

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(घ) माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसाल इटलीको रोममा आयोजना हुने **United Nations Food Systems 2023 Stocktaking Moment** कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले नेतृत्व गर्नुहुने प्रतिनिधिमण्डलको सदस्यको रुपमा सहभागी हुन संवत् २०८० साल साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ङ) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला जापानमा आयोजना हुने **Japan International Cooperation Agency (JICA) Official** सँगको उच्चस्तरिय बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(च) माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो निजी कामको सिलसिलामा संवत् २०८० साल साउन ५ गते भारतको नयाँ दिल्लि जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(छ) माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत संयूक्त अरब इमिरेट्सको अबुधावीमा हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आई.एस.ए.) को क्षेत्रीय समितिको पाँचौं बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/७

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ज) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ संयूक्त राज्य अमेरिकाको सिकागोमा **Non Resident Nepali Association National Coordination Council** (एनआरएन-अमेरिका) को १२ औं वार्षिक साधारण सभामा प्रमुख अतिथिको रुपमा सहभागी हुन संवत् २०८० साल साउन १२ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/१२

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(झ) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई चीनको कुनमिङमा सञ्चालन हुने **7th China-South Asia Expo** र **27th China (Kunming) Import and Export Fair** एवं **4th STI Forum** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल साउन २९ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/४/२९

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

(ञ) माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महत क्यानाडाको भ्यानकुभरमा आयोजना हुने विश्व वातावरण सुविधाको सातौं सभा तथा सम्बन्धित बैठकहरुमा सहभागी हुन संवत् २०८० साल भदौ ३ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम निम्नलिखित समितिमा माननीय सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

क्र.सं.	मा० सदस्यको नाम	समिति
१.	मा० श्री अमनलाल मोदी	सार्वजनिक लेखा समितिमा
२.	मा० श्री नागिना यादव	अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा
३.	मा० श्री संगिता मण्डल धानुक	अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा
४.	मा० श्री सोनु मुर्मु	उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा
५.	मा० श्री किरण कुमार साह	कानून, न्याय तथा मानवअधिकार समितिबाट महिला तथा सामाजिक मामिला समितिमा
६.	मा० डा० शशांक कोइराला	कानून, न्याय तथा मानव अधिकार समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा
७.	मा० श्री रामहरि खतिवडा	कानून, न्याय तथा मानव अधिकार समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा
८.	मा० श्री रुपा सो. शी. चौधरी	कानून, न्याय तथा मानवअधिकार समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा
९.	मा० श्री अब्दुल खान	कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा
१०.	मा० श्री बिमला सुवेदी	कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट कानून, न्याय तथा मानवअधिकार समितिमा
११.	मा० श्री योगेश गौचन थकाली	शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा

तदुपरान्त सम्माननीय सभामुखले गजेन्द्र बुढाथोकी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी केशव दुलाल समेत भएको ठगी, लिखत किर्ते, राज्य विरुद्ध तथा संगठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धानको क्रममा मिति २०८०/०१/३१ गते पक्राउ पर्नुभएका प्रतिनिधि सभा सदस्य टोपबहादुर रायमाझी समेत उपर काठामाडौं जिल्ला अदालतमा मिति २०८०/०२/१० गते दायर भएको मुद्दामा प्रतिवादी टोपबहादुर रायमाझीलाई काठमाडौं जिल्ला अदालतको मिति २०८०/०३/०१ गतेको आदेशले पुर्पक्षका लागि हाल केन्द्रीय कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेको व्यहोरा जिल्ला प्रहरी परिसर, अपराध अनुसन्धान महाशाखाको प.सं.०८०/०८१, च.नं. ५७१ मिति २०८०/०४/१२ गतेको पत्रबाट लेखि आएको हुँदा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को प्रयोजनको लागि सदनलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोको प.सं. २०८०/०८१, च.नं. १११८, मिति २०८०/४/२५ को पत्र मार्फत कतिपय चिकित्सकहरुले भारतीय नक्कली प्रमाण पत्रहरु पेश गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परिक्षामा सहभागी भएको पाइएकोले कानून बमोजिम गरिपाउँ भन्ने समेत व्यहोराको नेपाल मेडिकल काउन्सिल बाँसबारीबाट सूचना प्राप्त भएको र शैक्षिक प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डको पत्रबाट आइ.एस.सी. तहको सुनिल कुमार शर्माको कैफियतमा अपुष्टित (Not Verified) भनी लेखी आएको सन्दर्भमा शैक्षिक योग्यताको प्रमाणपत्र कीर्ते गरेको कसुरमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नुपर्ने भएकोले जिल्ला मोरङ क्षेत्र नं. ३ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुनिल कुमार शर्मा पक्राउ परेको भनी नेपालको संविधानको धारा १०३ को उपधारा (६) बमोजिम लेखी आएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोको प.सं. २०८०/०८१, च.नं. १२१५, मिति २०८०/४/२६ को पत्र मार्फत शैक्षिक प्रमाण पत्र कीर्ते गरेको कसूरमा पक्राउ परेका जिल्ला मोरङ क्षेत्र नं. ३ बाट नेपाली काँग्रेसका तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुनिल कुमार शर्मालाई म्याद थप प्रयोजनको लागि काठमाडौं जिल्ला अदालतमा उपस्थित गराउँदा "प्रतिवादी सुनिल कुमार शर्मा भागी जाने सम्भावना पनि नरहेको र निजले प्रमाणको लोप वा नष्ट गर्ने अवस्थाको विद्यमानता समेत रहेको नदेखिंदा म्याद थपका लागि उपस्थित गराईएका प्रतिवादी सुनिल कुमार शर्मालाई मुद्दा अनुसन्धानका लागि प्रहरी हिरासत थुनामा नै राख्नु पर्ने अवस्थाको विद्यमानता मिसिल संलग्न कागजातबाट नदेखिंदा यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को उपदफा १ बमोजिम

तारेखमा राखी मुद्दा अनुसन्धान गर्नु" भनी हाजिर जामानीमा छाडिएको व्यहोरा लेखी आएको हुँदा सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात मा० शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृति भयो ।

क्र.सं.	माननीय सदस्यको नाम, थर	मिति	वैठक संख्या	कारण
१.	मा० श्री दुर्लभ थापा क्षेत्री	२०८०/०२/१० देखि २०८०/०२/३२	१६	अस्वस्थ भएको
२.	मा० श्री मनोरमा शेरचन	२०८०/०१/२४ देखि २०८०/०४/२७	४७	थेरापी चलिरहेको
३.	मा० श्री विनोद कुमार चौधरी	२०८०/०१/२९ देखि २०८०/०२/१४	११	व्यक्तिगत कामको लागि देश बाहिर
४.	मा० डा० चन्द्रकान्त भण्डारी	२०८०/०१/२४ देखि २०८०/०२/०९	१०	उपचारको लागि भारतमा
५.	मा० श्री विना कुमारी थनैत	२०८०/०१/२७ देखि २०८०/०५/०१	४५	अस्वस्थ भएको
६.	मा० श्री वर्षमान पुन	२०८०/०१/२४ देखि २०८०/०३/०४	२९	अस्वस्थ भएको
७.	मा० श्री आशा वि.क.	२०८०/०२/१० देखि २०८०/०२/३२	१६	अस्वस्थ भएको
८.	मा० डा० नारायण खड्का	२०८०/०२/२१ देखि २०८०/०३/०५	१४	यूरोप भ्रमण
९.	मा० श्री जीवन परियार	२०८०/०२/२८ देखि २०८०/०३/०६	१०	5th China Tibet Tourism and Culture Expo मा सहभागिता
१०.	मा० श्री विष्णु कुमार कार्की	२०८०/०२/२६ देखि २०८०/०४/२६	२६	उपचारका लागि भारतमा
११.	मा० श्री धवल शम्मशेर ज.ब.रा.	२०८०/०२/२८ देखि २०८०/०३/०८	११	विशेष कारण
१२.	मा० श्री किशोर सिंह राठौर	२०८०/०१/२४ देखि २०८०/०३/०१	२७	अस्वस्थ भएको
१३.	मा० श्री ज्ञान बहादुर शाही	२०८०/०२/३१ देखि २०८०/०३/१६	१२	अष्ट्रेलिया भ्रमण
१४.	मा० श्री सपना राजभण्डारी	२०८०/०३/०५ देखि २०८०/०३/१७	१०	शोक परेको
१५.	मा० श्री चन्दा चौधरी	२०८०/०१/२४ देखि २०८०/०२/०९	१०	विदेश भ्रमण
१६.	मा० श्री लाल प्रसाद साँवा लिम्बु	२०८०/०१/२४ देखि २०८०/०२/०९	१०	विदेश भ्रमण

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र ७ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ६:४० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ ७ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री तेजु लाल चौधरी
३. मा० श्री दामोदर भण्डारी
४. मा० श्री दिपा शर्मा
५. मा० श्री दुर्लभ थापा क्षेत्री
६. मा० श्री देव प्रसाद तिमलसेना
७. मा० श्री धन बहादुर बुढा
८. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
९. मा० श्री ध्रुब बहादुर प्रधान
१०. मा० श्री नारायण प्रसाद आचार्य
११. मा० श्री निशा डाँगी
१२. मा० श्री पुष्प बहादुर शाह
१३. मा० श्री प्रकाश मान सिंह
१४. मा० श्री प्रदिप पौडेल
१५. मा० श्री प्रतिमा गौतम
१६. मा० श्री प्रभु हजारा
१७. मा० श्री प्रेम बहादुर महर्जन
१८. मा० श्री बद्री प्रसाद पाण्डे
१९. मा० श्री बलराम अधिकारी
२०. मा० श्री बासु देव घिमिरे
२१. मा० श्री बिन्दबासिनी कांसकार
२२. मा० श्री बिनिता कठायत

यसैविच नारायण प्रसाद आचार्य बोलिसक्नु भएपछि सभाको बैठकमा मन्त्री उपस्थित नहुनु भएको भनी माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले आपत्ति जनाउनुहुँदै गर्दा माननीय मन्त्री सभा कक्षभित्र उपस्थित हुनुभयो ।

तत्पश्चात् प्रारम्भ भएको विषेश समयमा निम्न लिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री रुपा शो.सी. चौधरी
४. मा० श्री मनिष झा
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री रेखा यादव
७. मा० श्री कृष्ण कुमार श्रेष्ठ
८. मा० श्री अब्दुल खान
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री इश्वरी देवी न्यौपाने
१३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१४. मा० श्री रणेन्द्र बराली
१५. मा० शिव नेपाली
१६. मा० श्री गोमा लाभ (सापकोटा)
१७. मा० श्री राजेन्द्र कुमार के.सी.
१८. मा० श्री भगवती चौधरी
१९. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२०. मा० श्री रमा कोइराला पौडयाल
२१. मा० श्री अमृता देवी अग्रहरी
२२. मा० श्री नगिना यादव
२३. मा० श्री हरि प्रसाद उप्रेती
२४. मा० श्री लाल प्रसाद साँवा लिम्बु
२५. मा० श्री ईश्वरी घर्ती

यसैबिच माननीय सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै माननीय प्रभु साहले बोल्ने क्रममा श्री ५ को सरकारको ध्यानाकर्षण भन्ने शब्द प्रयोग गर्नुभएकोले सो शब्द सचिवालयको रेकर्डबाट हटाइयोस् भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानकर्षण भएको छ भन्नुहुँदै यस विषयमा रेकर्ड हेरेर निर्णय लिइनेछ भन्नुभयो ।

यसैबिच माननीय श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नु हुँदै माननीय सूर्यबहादुर थापा क्षेत्रीले बोल्ने क्रममा नालायक सरकार भन्ने शब्द प्रयोग गर्नु भएकोले उक्त शब्द सचिवालयको रेकर्डबाट हटाइयोस् भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानाकर्षण भएको भन्नुभयो ।

तत्पश्चात् माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनु हुँदै देशैभरी फैलिएको लम्पिस्किन रोग नियन्त्रणका लागि तीनै तहको

सरकारबीच समन्वयमा काम भइरहेको साथै हालसम्म ७ लाख ६ हजार ४०० पशुमा खोप लगाइसकिएको लगायतका विषयहरु सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "निर्वाचन आयोग, नेपालको पन्ध्रौं वार्षिक प्रतिवेदन २०७७/०७८ र सोह्रौं वार्षिक प्रतिवेदन २०७८/०७९" पेश गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामखुले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम यही २०८० भदौ १२ गतेको बैठकमा हुने गरी निर्धारण गरेको व्यहोरा जानकारी गराउनु हुँदै प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको लागि यस अघि नै समूह विभाजन भैसकेको र समूह २ मा रहेका माननीय सदस्यहरुले यस महिना प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम मिति २०८० भदौ ८ गते शुक्रबार दिनको ३:०० बजेभित्र प्रतिनिधि सभाको सचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा अर्न्तगत गठित विभिन्न बिषयगत समितिहरुको सभापतिको निर्वाचनको लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम २०८० साल भदौ ११ गते सोमबार दिनको ३:०० बजेको समय तोकेको व्यहोरा जानकारी गराउनु हुँदै सोही नियम बमोजिम समितिको सभापति निर्वाचन सम्बन्धी सूचना प्रकाशित गर्न प्रतिनिधि सभाको सचिव श्री पदम प्रसाद पाण्डेयलाई निर्देशन दिनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र १२ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:४५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ १२ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले जवाफ दिनुभयो:-

१. मा० श्री उदय शंशेर ज.ब.रा.
२. मा० श्री श्री ईश्वरी देवी न्यौपाने
३. मा० श्री ऐन बहादुर शाही ठकुरी
४. मा० श्री ऋषिकेश पोखरेल
५. मा० श्री आशा वि.क.
६. मा० श्री उर्मिला माझी
७. मा० श्री एकनाथ ढकाल
८. मा० श्री अस्मा कुमारी चौधरी
९. मा० श्री उर्मिला थेबे
१०. मा० श्री ईश्वरी घर्ती
११. मा० श्री असिम शाह

त्यसपछि प्रारम्भ भएको विषेश समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री पदम गिरी
३. मा० श्री वर्षमान पुन
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री वीना जैसवाल
६. मा० श्री प्रदिप यादव
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अब्दुल खान
९. मा० श्री अजय कुमार चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री संजय कुमार गौतम
१३. मा० श्री ठाकुर प्रसाद गैरे
१४. मा० श्री अशोक कुमार चौधरी
१५. मा० श्री गंगा राम चौधरी
१६. मा० श्री राजेन्द्र कुमार के.सी.
१७. मा० श्री दिपा शर्मा
१८. मा० श्री तेजुलाल चौधरी
१९. मा० श्री मानबीर राई
२०. मा० श्री चन्दा चौधरी
२१. मा० श्री प्रेम बहादुर महर्जन
२२. मा० श्री शान्ती वि.क.
२३. मा० श्री प्रभु हजारा
२४. मा० श्री सरस्वती वजिमय
२५. मा० श्री दामोदर पौडेल बैरागी
२६. मा० श्री राम प्रकाश चौधरी

तत्पश्चात् माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" माथी विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" माथी विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले उठाउनु भएको विषयको सन्दर्भमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रमेश लेखक
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री महेश कुमार वर्तौला
४. मा० श्री रघुजी पन्त
५. मा० श्री सोबिता गौतम
६. मा० श्री गगन कुमार थापा
७. मा० श्री हितराज पाण्डे
८. मा० श्री सुमना श्रेष्ठ
९. मा० श्री रंजु कुमारी झा
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री गणेश पराजुली
१२. मा० श्री मनिष झा
१३. मा० श्री ठाकुर प्रसाद गैरे
१४. मा० श्री देवेन्द्र पौडेल
१५. मा० श्री दामोदर पौडेल वैरागी
१६. मा० श्री प्रदिप पौडेल
१७. मा० श्री माधव सापकोटा
१८. मा० श्री विद्या भट्टराई

१९. मा० श्री रणेन्द्र बराली
२०. मा० श्री संजय कुमार गौतम
२१. मा० श्री महन्थ ठाकुर
२२. मा० श्री तेजुलाल चौधरी
२३. मा० श्री सूर्य प्रसाद ढकाल

त्यसपछि सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा माननीय श्री सुमना श्रेष्ठ, माननीय श्री दामोदर पौडेल बैरागी र माननीय श्री ठाकुर प्रसाद गैरेले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ५९ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी कार्यक्रम हटाइएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र १८ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:१५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ १८ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले रुकुम पश्चिम चौरजहारी नगरपालिकामा हावा-हुरी सहित वर्षाको कारण आएको बाढिले बगाएर एकै परिवारका दुई जना बालबालिकाको मृत्यु हुनुको साथै बाली नालीमा क्षति पुऱ्याएको, जाजरकोटमा चट्याङ्ग लागेर एकजनाको मृत्यु भएको, जुम्लाको कनका सुन्दरी गाउँपालिकामा सवारी दुर्घटनामा चालक र सहचालकको मृत्यु भएको, कर्णाली राजमार्ग छिटोभन्दा छिटो स्तरोन्नती गर्नुपर्ने, बर्दिया जिल्लाको नेपाल भारत सीमा क्षेत्रबाट ३५ वटा सीमा स्तम्भ हराएकोले सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री जनार्दन शर्मा
२. मा० श्री ज्ञान बहादुर शाही
३. मा० श्री अब्दुल खांन

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री भगवती चौधरी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री मनिष झा
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री महेश बस्नेत
६. मा० श्री मंगल प्रसाद गुप्ता
७. मा० श्री मंजु शर्मा अन्सारी
८. मा० श्री योगेश कुमार भट्टराई
९. मा० श्री रघुजी पन्त
१०. मा० श्री रण कुमारी बलम्पाकी मगर
११. मा० श्री रणेन्द्र बराली
१२. मा० श्री रन्जु कुमारी झा
१३. मा० श्री रमा कोइराला पौड्याल
१४. मा० श्री राजेन्द्र कुमार के.सी.
१५. मा० श्री राम कुमार राई
१६. मा० श्री रामनाथ अधिकारी
१७. मा० श्री रामहरि खतिवडा
१८. मा० श्री रुक्मणी राना बराइली
१९. मा० श्री रुपा वि.क.
२०. मा० श्री रेखा यादव
२१. मा० श्री रोसन कार्की
२२. मा० श्री लक्ष्मी तिवारी
२३. मा० श्री लाल प्रसाद साँवा लिम्बू
२४. मा० श्री लालबिर चौधरी
२५. मा० श्री लेखनाथ दाहाल

तत्पश्चात् प्रारम्भ भएको विषेश समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री हरि ढकाल
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री शेर बहादुर कुँवर
७. मा० श्री गोमा लाभ (सापकोटा)
८. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री सुशिला थिङ
१३. मा० श्री हेमराज राई
१४. मा० श्री संजय कुमार गौतम
१५. मा० श्री सुर्य कुमारी श्रेष्ठ
१६. मा० श्री प्रतिक्षा तिवारी

तदुरपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रममा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले निम्नलिखित माननीय सदस्यहरुले सोध्नु भएको मौखिक प्रश्नहरुको उत्तर दिनुभयो ।

१. माननीय श्री प्रेम सुवाल (प्रश्न नं. १ र २)
२. माननीय श्री दिलेन्द्र प्रसाद बडू (प्रश्न नं. ३ र ४)

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. ५ र ६ को उत्तर दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मिति २०८० भदौ १२ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा माननीय श्री महेश कुमार वर्तौलाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ८३ रहेकोले कार्यक्रम अगाडी बढ्ने व्यहोरा जानकारी गराउनु हुँदै मिति २०८० भदौ १२ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०" माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले विधेयक शाखा (प्रतिनिधि सभा) संघिय संसद सचिवालय, सिहंदरबारमा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले एसिया कप क्रिकेट प्रतियोगितामा सहभागी नेपाली टोलीलाई प्रतिनिधि सभा र आफ्नो तर्फबाट समेत सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २१ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २१ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले काठमाडौँको भृकुटी मण्डप स्थित रिपोर्टर्स क्लबको कार्यक्रमबाट बाहिरिने क्रममा संविधान सभा सदस्य एवं नेपाली काँग्रेसका सहमहामन्त्री श्री महेन्द्र यादवमाथि खुकुरी प्रहार भएको घटनाको सत्य तथ्य छानविन गर्नुपर्ने एवं उक्त घटनाको सम्पूर्ण जिम्मेवारी नेपाल सरकार र गृह मन्त्रालयले लिनुपर्ने, कान्ति बाल अस्पतालको गम्भिर लापरवाहीका कारण मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १० की ५ वर्षीय बालिकाको समयमा उपचार नपाएर निधन भएकोले उक्त घटनामा जोडिएका अस्पताल व्यवस्थापन समिति, त्यहाँका निर्देशक लगायतका टोलीहरुलाई छानविन गरी दोषीहरुलाई कानूनको दायरामा ल्याउनुको साथै मृतक परिवारलाई क्षतिपूर्तिको सुनिश्चितता हुनुपर्ने, घटनाको सम्बन्धमा सरकारले सदनमा जवाफ दिनुपर्ने, अस्पतालमा गुणस्तरीय सेवा दिन सरकारले ध्यान दिनुपर्ने, बाजुराको पाण्डुसेनमा एकघरमा लुटपाट गरी एकजना महिलाको हत्या भएकोले तत्काल छानविन गरी दोषीलाई कानूनी दायरमा ल्याउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री महेश कुमार बर्तौला
३. मा० श्री चन्दा कार्की (भण्डारी)
४. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री श्याम कुमार घिमिरे
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिब नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० श्री सन्तोष परियार
११. मा० श्री शेर बहादुर कुँवर
१२. मा० श्री सन्तोष चालिसे
१३. मा० श्री सरस्वती बजिमय
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सिता कुमारी राना
१७. मा० श्री सुमना श्रेष्ठ
१८. मा० श्री सुशीला श्रेष्ठ
१९. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२०. मा० श्री सूर्य प्रसाद ढकाल
२१. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२२. मा० श्री सोनु मुर्मु
२३. मा० श्री संगीता मण्डल धानुक
२४. मा० श्री संजय कुमार गौतम
२५. मा० श्री हर्क माया विश्वकर्मा
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री हित बहादुर तामाङ
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हेमराज राई
३०. मा० श्री हृदयराम थानी
३१. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री गणेश पराजुली
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री रन्जु कुमारी झा

७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अब्दुल खांन
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री अरुण कुमार चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री प्रभु साह
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री रामहरि खतिवडा
१५. मा० श्री जुली कुमारी महतो (महासेठ)
१६. मा० श्री मुक्ता कुमारी यादव
१७. मा० श्री बासु देव घिमिरे
१८. मा० श्री रण कुमारी बलम्पाकी मगर

तदुपरान्त सम्माननीय सभामुखले आजको आकस्मिक, शून्य र विशेष समयमा कान्ति बाल अस्पतालमा एकजना ५ वर्षिय बालिकाको मृत्यू भएको विषय र संविधान सभा सदस्य एवं नेपाली कांग्रेसका सहमहामन्त्री श्री महेन्द्र यादवमाथि भएको आक्रमणको विषयमा माननीय सदस्यहरुले गम्भिर रुपमा कुराहरु उठाउनु भएकोले उक्त विषयमा सदनलाई जानकारी गराउन सरकारलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत इजिप्टको कायरोमा आयोजना हुने **Global Congress on Population Health and Develpement (PHDC'23)** विषयक सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ १८ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०८०/५/१७ (बैकुण्ठ अर्याल)
>
> मुख्य सचिव

तत्पश्चात् प्रारम्भ भएको प्रश्नोत्तर कार्यक्रममा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले निम्नलिखित माननीय सदस्यहरुले सोध्नु भएको मौखिक प्रश्नहरुको उत्तर दिनुभयो ।

१. माननीय श्री प्रेम सुवाल (प्रश्न नं. ७)
२. माननीय श्री दिलेन्द्र प्रसाद बडू (प्रश्न नं. ८ र ९)

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. १२ र १३ को उत्तर दिनुभयो ।

त्यसपछि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले माननीय श्री प्रेम सुवालले सोध्नु भएको मौखिक प्रश्न नं. १० र ११ को उत्तर दिनुभयो ।

तत्पश्चात् माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले माननीय श्री दिलेन्द्र प्रसाद बडूले सोध्नु भएको मौखिक प्रश्न नं. १४ र १५ को उत्तर दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतले "राष्ट्रिय महिला आयोगको पन्ध्रौं वार्षिक प्रतिवेदन (२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म)" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २७ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:५० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २८ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले संविधान सभा अध्यक्ष, पूर्व सभामुख एवं प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"संविधान सभा अध्यक्ष, पूर्व सभामुख एवं प्रतिनिधि सभा सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष र संसदीय दलको उपनेता सुवासचन्द्र नेम्वाङ्गको ७१ वर्षको उमेरमा मिति २०८० साल भदौ २६ गते मंगलबार हृदयघातबाट भएको असामयिक निधनले सिङ्गो मुलुक स्तब्ध बनेको छ । बीसको दशक यताका लोकतन्त्र र गणतन्त्रका लागि भएका हरेक आन्दोलनहरुमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुभएका, संविधान सभामार्फत् नेपालको संविधान निर्माण गर्न अहम् र नेतृत्वदायी भूमिका खेल्नुभएका मृदुभाषी, सरल, सहज र समन्वयकारी व्यक्तित्वका धनी सुवासचन्द्र नेम्वाङ्गको अप्रत्याशित निधनबाट मुलुकलाई अपुरणीय क्षति पुगेको छ ।

स्वर्गीय नेम्वाङ्ग वि.सं. २०४८ र २०५२ सालमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट राष्ट्रिय सभा सदस्यमा र वि.सं. २०५६ सालको प्रतिनिधि सभा सदस्य, वि.सं. २०६३ सालको पुनर्स्थापित प्रतिनिधि सभा र व्यवस्थापिका-संसद सदस्य, वि.सं. २०६४ र २०७० सालको संविधान सभा सदस्य निर्वाचन एवं वि.सं. २०७४ र २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट इलाम जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य हुनुहुन्थ्यो । उहाँले वि.सं. २०६४ र २०७० सालमा संविधान सभा अध्यक्ष र पुनर्स्थापित प्रतिनिधि सभा, व्यवस्थापिका-संसद र संविधान सभा अवधिभरको व्यवस्थापिका-संसदको सभामुखमा चार पटक निर्वाचित भई निर्णायक र प्रेरक भूमिका निर्वाह गर्नुभएको थियो । पूर्व कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्री हुनुभएका दिवंगत नेम्वाङ्ग वि.सं. २०५६ सालमा सार्वजनिक लेखा समितिको सभापति समेत हुनुभएको थियो । नेपालको वर्तमान संसद र संसदीय राजनीतिमा समन्वयकारी भूमिका खेल्ने कार्यमा उहाँको महत्वपूर्ण भूमिका रहेको थियो । उहाँको देहावशानको यस दुःखद घडिमा प्रतिनिधि सभाको यो बैठक सुवासचन्द्र नेम्वाङ्गको निधनप्रति गहिरो शोक प्रकट गर्दै श्रद्धाञ्जली अर्पण गर्दछ र शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय सुवासचन्द्र नेम्वाङ्गको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र २९ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ २९ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले अमेरिकाको न्यूयोर्कमा हुन गइरहेको संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सम्बोधन गर्न भदौ ३० गते त्यसतर्फ जान लागेको, असोज ४ गते हुने महासभाको सम्बोधन पश्चात् सोही दिन चीन भ्रमणको कार्यक्रम रहेको र उक्त भ्रमणमा एशियाली खेलकुद उद्घाटन समारोहमा सहभागी हुने, चीनियाँ राष्ट्रपतिसँग भेटघाट गर्ने र तिब्बतका उच्च अधिकारीहरुसँग समेत भेटघाट गर्ने सम्बन्धमा जानकारी गराउनु हुँदै अबैध सुन तस्करीको सम्बन्धमा सि.आई.बि.ले प्रतिवेदन बुझाइसकेकोले सरकारले उच्चस्तरीय आयोग बनाउने कार्य प्रारम्भ गरिसकेको, पूर्व सांसद महेन्द्र यादवमाथि साङघातीक आक्रमण गर्नेमाथि कानूनी कारवाही अगाडी बढाइएको, कान्ति बाल अस्पतालमा बालिका मृत्यु भएको घटनाको सम्बन्धमा छानविन गर्न गठित समितिले व्यवस्थापिकिय कमजोरीका कारण घटना घटेको निष्कर्ष निकालेको लगायतका विषयमा सभालाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> माननीय शहरी विकास मन्त्री सिता गुरुङ नेदरल्याण्ड्समा आयोजना हुने BNG Bank को पूर्वाधार लगानीसम्बन्धी कार्यक्रममा सहभागी हुन संवत् २०८० साल भदौ २४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मितिः २०८०/५/२२
>
> (बैकुण्ठ अर्याल)
> मुख्य सचिव

तदुपरान्त सम्माननीय सभामुखले वि.सं. २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा इलाम क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको मिति २०८० साल भदौ २६ गते निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१५ को उपनियम (१) बमोजिम बैठकलाई जानकारी गराउनु भयो ।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १४ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १४ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर समय माग गर्नुभएपछि सम्माननीय सभामुखले आज सम्माननीय प्रधानमन्त्रीले अमेरिका र चीन भ्रमणका सम्बन्धमा सभालाई जानकारी गराउने कार्यक्रम भएको र दलहरुबीच सोही बमोजिम सहमति भएकोले आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनको लागि सहयोग गर्न आग्रह गर्नुहुँदा पनि मा० सदस्यहरु उभिइरहनुभएपछि सम्माननीय सभामुखले मा० श्री रवि लामिछानेलाई समय दिनुहुँदा उहाँले पेट्रोलियम पदार्थको आफै आयात गर्ने, विक्रि गर्ने र नियमन गर्ने नेपाल आयल निगम सर्धै घाटामा रहने विषयको निर्क्यौल गरिनुपर्ने, संविधान दिवसको अवसरमा सरकारको सिफारिशमा जघन्य अपराधमा सजाय भोगीरहेकालाई सम्माननीय राष्ट्रपतिबाट माफी दिलाई उन्मुक्ति दिने कार्य बन्द हुनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त राष्ट्रिय प्रजातन्त्र पार्टीका मा० सदस्यहरुले समय माग गर्नुभएपछि सम्माननीय सभामुखले दलका सचेतकहरुसँग भएको सहमति पुनः स्मरण गराउँदै आशन ग्रहण गर्न पटकपटक अनुरोध गर्नुहुँदा पनि उहाँहरु नबस्नुभएपछि सम्माननीय सभामुखले उहाँहरुलाई समय दिन लाग्नुभएपछि ने.क.पा. (एमाले), नेपाली काँग्रेस, ने.क.पा. (माओवादी केन्द्र), ने.म.कि.पा., स्वतन्त्र सदस्य लगायतका मा० सदस्यहरु समेत सबैले बोल्न पाउनु पर्ने भन्दै आ-आफ्नो आशन अगाडि उभिएर होहल्ला गर्नुभयो । त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुलाई पटकपटक आशन ग्रहण गर्न आग्रह गरिसकेको जानकारी गराउनुहुँदै पुनः मा० सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न निर्देश गर्नुभएपछि मा० सदस्यहरुले आशन ग्रहण गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले मन्त्रिपरिषद्को बैठकले सुनको अवैध पैठारी तस्करी नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री डिल्लीराज आचार्यको अध्यक्षतामा चार सदस्यीय जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको, नेपाल आयल निगमबाट भएको पेट्रोलियम पदार्थको मुल्यवृद्धि तत्काल फिर्ता गर्न निर्देशन गरिएको, चिनीयाँ प्रधानमन्त्रीको निमन्त्रणामा भएको चीन भ्रमणको क्रममा चिनीयाँ राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटको क्रममा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल, अवरुद्ध सीमा नाकाको पुनः सञ्चालन, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै उडान गर्ने लगायतका विषयमा छलफल भएको र अमेरिकाको न्यूयोर्कमा सम्पन्न संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सम्बोधन गर्ने क्रममा नेपालको शान्ति प्रक्रियालाई ठोस निष्कर्षमा पुऱ्याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग, जलवायू परिवर्तनले अल्पविकसित राष्ट्रमा पुऱ्याएको असर लगायतका विषयमा विश्व समुदायको ध्यानाकर्षण गराएको, अति कम विकसित राष्ट्रहरुको अध्यक्षको हैसियतले महासभा लगायत अन्य उच्चस्तरीय सभाहरुमा नेपालले सम्बोधन गर्ने अवसर प्राप्त गरेको, अमेरिकी राष्ट्रपति, संयुक्त राष्ट्र संघका महासचिव एवं विभिन्न देशका राष्ट्रप्रमुखसँग पनि भेटघाट गरी द्विपक्षीय हितका विषयमा छलफल भएको लगायतका विषयमा सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले आफ्नो भ्रमण सम्बन्धमा सदनलाई जानकारी गराउनु भएकोले यसमा स्पष्टिकरण नहुने व्यहोरा जानकारी गराउनु भएपछि मा० श्री रघुजी पन्तले समय माग गर्दै उभिनुभएपछि सम्माननीय सभामुखले आज दलहरुबीच भएको सहमति बमोजिम समय उपलब्ध गराउन नसकिने जानकारी गराउनु हुँदै आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू सम्वत् २०८० साल भदौ ३० गते शनिबार संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सहभागी हुन र तत्पश्चात् जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणको शिलशिलामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गनुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/२९

(डिल्ली राम शर्मा)
सचिव

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको Peacebuilding Commission को कार्यक्रममा प्रतिनिधित्व गर्न संवत् २०८० साल भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/२६

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसाल क्युवाको हवानामा आयोजना हुने Group of 77 and China शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/५/२६

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ग) माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महत इजिप्टको शार्म एल शेखमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा अस्थायी गभर्नरको रुपमा सहभागी हुन संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार र परराष्ट्र मन्त्रालयको कार्यभार समेत माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(घ) माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ङ) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०४

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(च) माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु मित्र राष्ट्र चीनको होङ्झाओ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा नेपाल तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय शहरी विकास मन्त्री सिता गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/०५

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

तत्पश्चात सम्माननीय सभामुखले "विद्यालय शिक्षा विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि "विद्यालय शिक्षा विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले "विद्यालय शिक्षा विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १६ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:४५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १६ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै आकस्मिक समय माग गर्नुहुँदै मा० श्री धवल शम्मशेर ज.ब.रा.ले बाँकेको नेपालगञ्जमा दुई समुदायबीच झडप हुँदा भर्खरै कर्फ्यु लागेको जानकारी गराउँदै देशका विभिन्न स्थानमा हुने यस्ता हिंसाका घटनाहरु समाधान गर्न सकारको ध्यानाकर्षण गराउनु भयो साथै यस्ता घटनाहरु गराउने जडको रुपमा रहेको साइबर क्राइममा संलग्नलाई तत्काल कारवाही गर्नुपर्ने भन्नुहुँदै नेपालगञ्जका दुवै समुदायलाई सद्भाव कायम राखी शान्तीपूर्ण विरोध गर्न अनुरोध पनि गर्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अन्जनी श्रेष्ठ
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० श्री अमृता देवी अग्रहरी
७. मा० श्री अस्मा कुमारी चौधरी
८. मा० श्री असिम शाह
९. मा० श्री ईश्वर बहादुर रिजाल
१०. मा० श्री ईश्वरी घर्ती
११. मा० श्री ईश्वरी देवी न्यौपाने
१२. मा० श्री उदय शम्शेर ज.ब.रा.
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री ऐन बहादुर शाही ठकुरी
१६. मा० श्री किरण कुमार साह
१७. मा० श्री गगन कुमार थापा
१८. मा० श्री गणेश पराजुली
१९. मा० श्री गिता बस्नेत
२०. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२१. मा० श्री गोमा लाभ (सापकोटा)
२२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२३. मा० श्री जुली कुमारी महतो (महासेठ)
२४. मा० श्री अशोक कुमार चौधरी
२५. मा० श्री कालुराम राई

तत्पश्चात प्रतिनिधि सभामा विपक्षी दलका नेता मा० श्री के.पी. शर्मा ओलीले एसिड पिडितलाई सरकारले उपचारको व्यवस्था गर्न नसकेको सरकारले आक्रमणकर्तालाई भने माफी दिएको, व्यक्ति हत्यामा अदालतबाट दोषी ठहरी सजाय भोगिरहेकालाई सरकारले राष्ट्रपति मार्फत् सजाय माफी गराएको, सुन तस्करीमा संलग्नलाई कागज गरी छोडेको तर बहालवाला प्रतिनिधि सभा सदस्यलाई अपराधी सरह पक्रेको, शान्ती प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आफु नेतृत्वको सरकारले प्रयास गरेपनि हाल सरकारमा रहेका पार्टीबाट सहयोग नभएको लगायतका विविध विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री ठाकुर प्रसाद गैरे
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री हरी ढकाल
५. मा० श्री ध्रुवबहादुर प्रधान
६. मा० श्री प्रदिप यादव
७. मा० श्री शेर बहादुर कुंवर
८. मा० श्री अब्दुल खान
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री लालविर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह

१५. मा० श्री योगेन्द्र मण्डल
१६. मा० श्री रमा कोईराला पौड्याल
१७. मा० श्री हरिप्रसाद उप्रेती
१८. मा० श्री राजेन्द्र बजगाई
१९. मा० श्री तारा लामा तामाङ
२०. मा० श्री सरिता भुसाल
२१. मा० श्री बासुदेव घिमिरे

यसैबीच मा० श्री रमा कोईराला पौड्यालले बोलीसकेपछि समय माग गर्नुहुँदै मा० श्री निशा डांगीले सदन चलिरहेको बेलामा बझाङको चैनपुर केन्द्रविन्दु बनाएर ५.३ म्याग्नेच्यूडको भुकम्प गएको र उक्त भुकम्पले सर्वसाधारणका घर, विद्यालय, सडक भत्किएको र सञ्चारसमेत अवरुद्ध भएकोले नेपाल सरकार तथा सम्बन्धित निकायलाई उद्धार तथा राहतमा खटिन ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ६६ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी कार्यक्रम हटाइएको जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १८ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १८ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दिपक गिरी
४. मा० श्री दुर्गा राई
५. मा० श्री धनबहादुर बुढा
६. मा० श्री ध्रुवबहादुर प्रधान
७. मा० श्री नागिना यादव
८. मा० श्री नारायण प्रसाद आचार्य
९. मा० श्री नारायणी शर्मा
१०. मा० श्री निशा डागी
११. मा० श्री पुष्पबहादुर शाह
१२. मा० श्री प्रतिमा गौतम
१३. मा० श्री प्रतिक्षा तिवारी
१४. मा० श्री प्रदिप पौडेल
१५. मा० श्री बलराम अधिकारी
१६. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१७. मा० श्री बासुदेव घिमिरे
१८. मा० श्री बिन्दवासिनी कांसकार
१९. मा० श्री दिपकबहादुर सिंह

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री रघुजी पन्त
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञानबहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अब्दुल खान
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० श्री दिपक खड्का
१६. मा० श्री लिलानाथ श्रेष्ठ
१७. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१८. मा० श्री शिशिर खनाल
१९. मा० श्री रेखा यादव
२०. मा० श्री अस्मा कुमारी चौधरी
२१. मा० श्री रमा कोईराला पौड्याल
२२. मा० श्री हर्कमाया विश्वकर्मा
२३. मा० श्री बिजुला रायमाझी
२४. मा० श्री शान्ती चौधरी
२५. मा० श्री महेश कुमार वर्तौला

यसैबीच मा० श्री प्रदिप यादवले बोलीसकेपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका मा० सदस्यहरुले आ-आफ्नो आशन अगाडि उभिएर नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले अन्य मा० सदस्यले बोलेको विषयमा वादविवाद वा खण्डन नगर्न आग्रह गर्नुहुँदै मा० सदस्यहरुले उठाउनु खोज्नुभएको विषयतर्फ ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

यसैबीच मा० श्री बिजुला रायमाझीले बोलीसकेपछि मा० श्री बुद्धिमान तामाङले समय माग गर्नुहुँदै सिरहा जिल्लामा नगरपालिकाको अनियमितता, सार्वजनिक जग्गा हिनामिना विरुद्ध अनसन बसेका राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरुसँग भएको पूर्वसहमति कार्यान्वयन नभएपछि पुनः आज धर्ना बस्न पुगेका सुवेन्द्र साह लगायतका

रा.प्र.पा.का कार्यकर्ताहरुमाथि प्रहरी प्रशासनले लाठीचार्ज गरी घाइते बनाएकोले मा० गृहमन्त्रीले उक्त घटनाको सत्य तथ्य जानकारी सदनलाई गराउनु पर्ने भन्नुभयो ।

त्यसपछि मा० श्री हितराज पाण्डेले नियमापत्ति गर्नुहुँदै मा० सदस्यहरुलाई नियमावलीको कुन नियम अन्तर्गत समय उपलब्ध गराइएको हो भन्नुहुँदै नियमानुसार सदन सञ्चालन गरियोस् भन्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यको उठाउनु भएको विषयतर्फ ध्यानाकर्षण भएको र हाल विशेष समयको कार्यक्रम चलिरहेको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मिति २०८० असोज १६ गते गणपूरक संख्याको अभावमा निर्णयार्थ पेश हुन बाँकी "विद्युत विधेयक, २०८०" माथि मा० श्री प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न लाग्नु हुँदा मा० श्री ठाकुर प्रसाद गैरेले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ८१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "विद्युत विधेयक, २०८०" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम मा० ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "विद्युत विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाका पूर्व सदस्य खेमराज भट्ट मायालुको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सल्लाहकार, वि.सं. २०५६ सालमा नेपाली काँग्रेसको तर्फबाट बर्दिया क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित, गणतन्त्र स्थापनाका लागि विभिन्न मोर्चामा सक्रिय भूमिकामा रहनुभएका, पूर्व सामान्य प्रशासन मन्त्री खेमराज भट्ट मायालुको वीर अस्पताल काठमाडौंमा फोक्सोको क्यान्सर रोगको उपचारको क्रममा २०८० साल असोज ४ गते बिहीबार ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय खेमराज भट्ट मायालुको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज १९ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:२० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज १९ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भगवती चौधरी
३. मा० श्री मनिष झा
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री महेश बस्नेत
६. मा० श्री माधव सापकोटा
७. मा० श्री मेनका कुमारी पोखेल
८. मा० श्री मैना कार्की
९. मा० श्री मंजु शर्मा अन्सारी
१०. मा० श्री रघुजी पन्त
११. मा० श्री रण कुमारी बलम्पाकी मगर
१२. मा० श्री रमा कोईराला पौड्याल
१३. मा० श्री राजेन्द्र कुमार राई
१४. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
१५. मा० श्री राम कुमार राई
१६. मा० श्री राम शंकर यादव
१७. मा० श्री रामहरि खतिवडा
१८. मा० श्री रेखा यादव
१९. मा० श्री रोसन कार्की
२०. मा० श्री लेखनाथ दाहाल
२१. मा० श्री महेन्द्र बहादुर शाही
२२. मा० श्री रन्जु कुमारी झा
२३. मा० श्री राजेन्द्र बजगाई

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले "विद्यालय शिक्षा विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्ने क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभई विद्यालय शिक्षा विधेयकमाथि छलफल हुनु अगाडि सरकारले शिक्षकहरुसँग गरेको सम्झौता सम्बन्धमा सदनमा जानकारी गराउनुपर्दछ भन्नुभएपछि सम्माननीय सभामुखले ती सबै विषयहरु छलफलको क्रममा आउने भएकोले आशन ग्रहण गर्न आग्रह गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० श्री डोलप्रसाद अर्याललाई समय दिनुहुँदा उहाँले विद्यालय शिक्षा विधेयक सदनमा पेश भैसकेपछि सरकारले शिक्षकहरुसँग सहमति गरेकोले उक्त विधेयकमाथि सैद्धान्तिक छलफल हुनु अगाडि सरकारबाट भएको सम्झौता सदनमा जानकारी गराउनु पर्ने माग राख्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले आफ्नो भनाई सैद्धान्तिक छलफलको क्रममा राख्नसक्नुहुने र उक्त विधेयकमाथिको सैद्धान्तिक छलफल पश्चात् मा० मन्त्रीले मा० सदस्यहरुले उठाउनु भएको विषयमा समेत जानकारी गराउने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० श्री गणेश पराजुलीले नियमापत्ति गर्नुहुँदै समग्र नेपालको शिक्षा क्षेत्र सुधार गरी शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यार्थीहरुको हितको लागि एकीकृत राष्ट्रिय शिक्षा नीति ल्याउनको लागि प्रस्तुत विधेयकलाई आम जनता, विज्ञ, अविभावक लगायत सरोकारवाला सामु छलफलको लागि लगियोस् भन्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०७ को उपनियम (३) बमोजिम "विद्यालय शिक्षा विधेयक, २०८० लाई जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएपछि सम्माननीय सभामुखले सोही नियम बमोजिम उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विद्यालय शिक्षा विधेयक, २०८० लाई जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले अस्वीकृत भएकोले मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीबाट प्रस्तुत प्रस्तावमाथिको कारवाही अगाडि बढ्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात "विद्यालय शिक्षा विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री प्रदिप यादव
५. मा० श्री विद्या भट्टराई
६. मा० श्री ऋषिकेश पोखरेल
७. मा० श्री डोलप्रसाद अर्याल
८. मा० श्री गोकुल प्रसाद बाँस्कोटा

९. मा० श्री लेखनाथ दाहाल
१०. मा० श्री रञ्जु कुमारी झा
११. मा० श्री गणेश पराजुली
१२. मा० श्री अर्जुन नरसिंह के.सी.
१३. मा० डा० चन्द्रकान्त राउत
१४. मा० डा० अमरेश कुमार सिंह
१५. मा० श्री हितराज पाण्डे
१६. मा० श्री निशा डागी
१७. मा० श्री विनिता कुमारी सिंह
१८. मा० श्री प्रभु साह
१९. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
२०. मा० श्री रामहरि खतिवडा
२१. मा० श्री महेश कुमार वर्तौला
२२. मा० श्री तेजुलाल चौधरी
२३. मा० श्री चित्रबहादुर के.सी.
२४. मा० डा० सुनिल कुमार शर्मा
२५. मा० श्री मैना कार्की
२६. मा० श्री रोशन कार्की
२७. मा० श्री ज्ञान बहादुर शाही
२८. मा० श्री ठाकुर प्रसाद गैरे
२९. मा० श्री भगवती चौधरी
३०. मा० श्री विश्वप्रकाश शर्मा
३१. मा० श्री महेश बस्नेत
३२. मा० श्री हेमराज राई
३३. मा० श्री रामप्रकाश चौधरी
३४. मा० श्री किरण कुमार साह
३५. मा० श्री प्रतिक्षा तिवारी
३६. मा० श्री रण कुमारी बलम्पाकी मगर
३७. मा० श्री तारा लामा तामाङ्ग
३८. मा० श्री ईश्वरी घर्ति
३९. मा० श्री ज्ञानु बस्नेत सुवेदी
४०. मा० श्री दुर्गा राई
४१. मा० श्री सूर्य प्रसाद ढकाल
४२. मा० श्री बलराम अधिकारी
४३. मा० श्री रमा कोईराला पौड्याल
४४. मा० श्री बासुदेव घिमिरे
४५. मा० श्री नारायण प्रसाद आचार्य
४६. मा० श्री सराज अहमद फारुकी
४७. मा० श्री राजेन्द्र कुमार के.सी.
४८. मा० श्री नारायणी शर्मा
४९. मा० श्री माधव सापकोटा
५०. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
५१. मा० श्री जावेदा खातुन जागा
५२. मा० श्री प्रदिप पौडेल
५३. मा० श्री अशोक कुमार चौधरी
५४. मा० श्री सिता मिजार
५५. मा० श्री सिता कुमारी राना
५६. मा० श्री प्रतिमा गौतम
५७. मा० श्री सपना राजभण्डारी
५८. मा० श्री कुसुमदेवी थापा
५९. मा० श्री रामनाथ अधिकारी
६०. मा० श्री प्रकाश अधिकारी
६१. मा० श्री राजु थापा
६२. मा० श्री मेनका कुमारी पोखेल
६३. मा० श्री सरिता भुसाल
६४. मा० श्री बिजुला रायमाझी
६५. मा० श्री हर्कमाया विश्वकर्मा
६६. मा० श्री रामशंकर यादव
६७. मा० डा० स्वर्णिम वाग्ले
६८. मा० श्री शिव नेपाली
६९. मा० श्री मनिष झा
७०. मा० श्री शिशिर खनाल
७१. मा० श्री अमृतलाल राजवंशी
७२. मा० श्री जीवन परियार
७३. मा० श्री कान्तिका सेजुवाल
७४. मा० श्री उर्मिला माझी
७५. मा० श्री राम कुमार राई
७६. मा० श्री अमनलाल मोदी
७७. मा० श्री सुशिला श्रेष्ठ
७८. मा० श्री गिता बस्नेत
७९. मा० श्री बुद्धिमान तामाङ्ग
८०. मा० श्री महेन्द्र बहादुर शाही
८१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
८२. मा० श्री ईश्वर बहादुर रिजाल
८३. मा० श्री गगन कुमार थापा
८४. मा० श्री वर्षमान पुन
८५. मा० श्री सुनिता बराल
८६. मा० श्री दामोदर पौडेल बैरागी
८७. मा० श्री हरि ढकाल
८८. मा० श्री अम्मर बहादुर रायमाझी
८९. मा० श्री सुशिला थिङ
९०. मा० श्री कालुराम राई
९१. मा० श्री प्रेम बहादुर महर्जन

त्यसपछि सम्माननीय सभामुखले विद्यालय शिक्षा विधेयक, २०८० माथिको सैद्धान्तिक छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र उक्त विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरुको मा० मन्त्रीबाट जवाफ दिने कार्य आगामी बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २१ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:२० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २१ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा मा० परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले इजरायलको दक्षिणी क्षेत्रमा भएको आक्रमणका कारण त्यहाँ रहेका करिब ४५०० कामदार र २५० जना विद्यार्थी नेपालीहरुमाथि परेको प्रभावका बारेमा जानकारी गराउँदै नेपालीहरुको स्थिति यकिन गर्न संयन्त्र परिचालन गरिएको, इजरायलको किबुज अलुमिनमा अध्ययनरत १२ जना नेपाली विद्यार्थी सम्पर्कमा नभएको, नेपालीहरूलाई सुरक्षित तवरले राख्न, उद्धार तथा सहयोग गर्नको लागि आवश्यक सहजीकरण र समन्वय भइरहेको लगायतका सम्बन्धमा सभालाई जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री वीना जैसवाल
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिशिर खनाल
९. मा० श्री शेरबहादुर कुंवर
१०. मा० श्री शोभा ज्ञवाली
११. मा० श्री सराज अहमद फारुकी
१२. मा० श्री शंकर भण्डारी
१३. मा० श्री सरिता भुसाल
१४. मा० श्री सान्ती चौधरी
१५. मा० श्री सिता कुमारी राना
१६. मा० श्री सिता मिजार
१७. मा० श्री सुनिता बराल
१८. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१९. मा० श्री सूर्यमान तामाङ (दोङ)
२०. मा० श्री सोनु मुर्मु
२१. मा० श्री हर्कमाया विश्वकर्मा
२२. मा० श्री हरि ढकाल
२३. मा० श्री हितराज पाण्डे
२४. मा० श्री हेमराज राई
२५. मा० श्री हृदयराम थानी
२६. मा० श्री ज्ञानबहादुर शाही
२७. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२८. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री पदम गिरी
३. मा० श्री हित बहादुर तामाङ्ग
४. मा० डा० स्वर्णिम वाग्ले
५. मा० श्री धवल शम्मशेर ज.ब.रा.
६. मा० श्री प्रदिप यादव
७. मा० श्री लालविर चौधरी
८. मा० श्री चित्रबहादुर के.सी.
९. मा० श्री अब्दुल खांन
१०. मा० श्री रामप्रकाश चौधरी
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री रामहरि खतिवडा
१३. मा० श्री ईश्वर बहादुर रिजाल
१४. मा० श्री मन्जु खांण
१५. मा० श्री बलराम अधिकारी
१६. मा० श्री राजेन्द्र बजगाई
१७. मा० श्री दिनेश कुमार यादव

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले मिति २०८० असोज १९ गतेको बैठकमा "विद्यालय शिक्षा विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि भएको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "विद्यालय शिक्षा विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विद्यालय शिक्षा विधेयक, २०८०" माथी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने मा० सदस्यहरुले बहत्तर घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा) संघीय संसद सचिवालय सिंहदरबारमा दिनसक्ने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "विद्युत विधेयक, २०८० माथी विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "विद्युत विधेयक, २०८०" माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गोकर्णराज विष्ट
२. मा० श्री रमेश लेखक
३. मा० श्री रघुजी पन्त
४. मा० श्री रामहरि खतिवडा
५. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
६. मा० श्री गणेश पराजुली
७. मा० श्री वर्षमान पुन
८. मा० श्री महेश कुमार वर्तौला
९. मा० श्री अब्दुल खांन
१०. मा० श्री मनिष झा
११. मा० श्री रामप्रकाश चौधरी
१२. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
१३. मा० श्री माधव सापकोटा
१४. मा० श्री अमृतलाल राजवंशी
१५. मा० श्री नागिना यादव
१६. मा० श्री शिशिर खनाल
१७. मा० डा० स्वर्णिम वाग्ले
१८. मा० श्री रण कुमारी बलम्पाकी मगर
१९. मा० श्री ईश्वरी घर्ति
२०. मा० श्री रुक्मणी राना बराइली
२१. मा० श्री सराज अहमद फारुकी
२२. मा० श्री राजेन्द्र बजगाई
२३. मा० श्री प्रतिमा गौतम
२४. मा० श्री कुसुमदेवी थापा
२५. मा० श्री मैना कार्की
२६. मा० श्री सिता कुमारी राना
२७. मा० श्री बलराम अधिकारी
२८. मा० श्री नारायण प्रसाद आचार्य
२९. मा० श्री दामोदर पौडेल बैरागी
३०. मा० श्री प्रदिप पौडेल
३१. मा० श्री किरण कुमार साह
३२. मा० श्री हितराज पाण्डे
३३. मा० श्री राजु थापा
३४. मा० श्री रमा कोईराला पौड्याल
३५. मा० श्री अम्मर बहादुर रायमाझी
३६. मा० श्री सुनिता बराल
३७. मा० श्री तेजुलाल चौधरी
३८. मा० श्री जावेदा खातुन जागा
३९. मा० श्री दिपक बहादुर सिंह
४०. मा० श्री श्याम कुमार घिमिरे
४१. मा० श्री हेमराज राई
४२. मा० श्री प्रेम बहादुर महर्जन
४३. मा० श्री दुर्गा राई

त्यसपछि सम्माननीय सभामुखले विद्युत विधेयक, २०८० माथिको सैद्धान्तिक छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र उक्त विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरुको मा० मन्त्रीबाट जवाफ दिने कार्य आगामी बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २२ गते सोमबार दिनको ३:३० बजे बस्नेगरी बैठक दिनको ७:०५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २२ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम, प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री अन्जनी श्रेष्ठ
२. मा० श्री अनिषा नेपाली
३. मा० श्री अब्दुल खांन
४. मा० श्री अमनलाल मोदी
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृतलाल राजवंशी
७. मा० श्री अर्जुन नरसिंह के.सी.
८. मा० श्री अस्मा कुमारी चौधरी
९. मा० श्री असिम शाह
१०. मा० श्री ईश्वर बहादुर रिजाल
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री उर्मिला थेवे
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री ऋषिकेष पोखरेल
१५. मा० श्री एकनाथ ढकाल
१६. मा० श्री किरणकुमार शाह
१७. मा० श्री गीता बस्नेत
१८. मा० श्री गोकुल प्रसाद बांस्कोटा
१९. मा० श्री गोमा लाभ (सापकोटा)
२०. मा० श्री गंगा राम चौधरी
२१. मा० श्री चन्द्रबहादुर विश्वकर्मा
२२. मा० श्री चित्रबहादुर के.सी.
२३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२५. मा० श्री जनार्दन शर्मा
२६. मा० श्री कृष्णकुमार श्रेष्ठ
२७. मा० डा० अमरेशकुमार सिंह

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो:-

(क) माननीय वन तथा वातावरण मन्त्री श्री वीरेन्द्र प्रसाद महतो श्रीलङ्कामा आयोजना हुने **5th Forum of Ministers and Environment Authorities & Asia Pacific (5th AP Forum)** मा सहभागी हुन संवत् २०८० साल असोज १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/१५

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत मोरक्कोमा आयोजना हुने विश्व बैंकको वार्षिक बैठकमा सहभागी हुन संवत् २०८० साल असोज २२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२१

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

तदुपरान्त मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले मिति २०८० असोज २१ गतेको बैठकमा "विद्युत विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि भएको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८०" माथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम संशोधन पेश गर्न चाहनु हुने मा० सदस्यहरुले बहत्तर घण्टाभित्र विधेयक शाखा (प्रतिनिधि सभा), संघीय संसद सचिवालय सिहंदरबारमा दिन सक्नु हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २५ गते विहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २५ गते विहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

प्रारम्भमा माननीय श्री रवि लामिछानेले नेपाली भू-भाग गुन्जीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भ्रमण गरेको भन्ने विषय विभिन्न सञ्चार माध्यमबाट थाहा पाएको तर सरकार तथा परराष्ट्र मन्त्रीले उक्त भ्रमण सम्बन्धमा सदनमा जानकारी नगराएकोले सो विषयमा सदनलाई जानकारी गराउनु पर्ने लगायतका विषयमा आफ्नो भनाइ राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० श्री दिपक खड्का
५. मा० श्री दामोदर पौडेल बैरागी
६. मा० श्री दिपक गिरी
७. मा० श्री दिपा शर्मा
८. मा० श्री दिपक बहादुर सिंह
९. मा० श्री दुर्गा राई
१०. मा० श्री देव प्रसाद तिमिलसेना
११. मा० श्री देवेन्द्र पौडेल
१२. मा० श्री धन बहादुर बुढा
१३. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
१४. मा० श्री नागिना यादव
१५. मा० श्री नारायणी शर्मा
१६. मा० श्री निशा डागी
१७. मा० श्री पदम गिरी
१८. मा० श्री पुष्प बहादुर शाह
१९. मा० श्री प्रकाश मान सिंह
२०. मा० श्री प्रतिमा गौतम
२१. मा० श्री प्रदिप पौडेल
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री बलराम अधिकारी
२४. मा० श्री बासु देव घिमिरे
२५. मा० श्री बिनिता कठायत

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३. मा० श्री वर्षमान पुन
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री गंगा राम चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० श्री रामकृष्ण यादव
१२. मा० श्री लाल प्रसाद साँवा लिम्बु
१३. मा० श्री दिनेश कुमार यादव
१४. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१५. मा० श्री महेश कुमार वर्तौला

तदुपरान्त कानुन, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति श्री बिमला सुवेदीले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८०" पेश गर्नु भयो ।

त्यसपछि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले "विद्यालय शिक्षा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ पेश गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असोज २६ गते शुक्रबार दिनको २:०० बजे बस्नेगरी बैठक दिनको ३:१० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असोज २६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भीम प्रसाद आचार्य
३. मा० श्री मनिष झा
४. मा० श्री माधव सापकोटा
५. मा० श्री मिना तामाङ
६. मा० श्री मुक्ता कुमारी यादव
७. मा० श्री रघुजी पन्त
८. मा० श्री रणेन्द्र बराली
९. मा० श्री रन्जु कुमारी झा
१०. मा० श्री रमा कोईराला पौड्याल
११. मा० श्री राम कुमार राई
१२. मा० श्री राम कृष्ण यादव
१३. मा० श्री राम प्रकाश चौधरी
१४. मा० श्री रामहरि खतिवडा
१५. मा० श्री रुक्मणी राना बराइली
१६. मा० श्री रुपा सो.शी (चौधरी)
१७. मा० श्री लक्ष्मी तिवारी
१८. मा० श्री लाल प्रसाद साँवा लिम्बु

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री संजय कुमार गौतम
२. मा० श्री बासुदेव घिमिरे
३. मा० श्री हितराज पाण्डे
४. मा० श्री अशोक कुमार चौधरी
५. मा० श्री रोसन कार्की
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९. मा० श्री लालबिर चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० श्री सन्तोष चालिसे
१२. मा० श्री पदम गिरी
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री मैना कार्की
१५. मा० श्री अमृतलाल राजवंशी
१६. मा० श्री तारा लामा तामाङ्ग

तत्पश्चात् माननीय ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्री श्री शक्तिबहादुर बस्नेतले "विद्युत विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

क्र.सं.	माननीय सदस्यको नाम, थर	मिति	वैठक संख्या	कारण
१.	मा० श्री मनोरमा शेरचन	२०८०/०४/२८ देखि २०८०/०६/२८	१६	थेरापी चलिरहेको
२.	मा० श्री दयाल बहादुर शाही	२०८०/०५/१६ देखि २०८०/०६/२५	११	गृह जिल्ला भ्रमण

तदुपरान्त सम्माननीय सभामुखले नेपालीहरुका दशै, तिहार, छठ, नेपाल सम्वत् लगायतका सम्पूर्ण चाडपर्वको अवसरमा माननीय सदस्यहरु एवं देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरु प्रति प्रतिनिधि सभा तथा आफ्नो व्यक्तिगत तर्फबाट मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल कात्तिक १२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:४० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल कात्तिक १२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:४५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयोः

(क) माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला भारतको मुम्बईमा आयोजना हुने **Global Maritime India Summit 2023 (GMIS)** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भसालले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ इन्डोनेसियामा आयोजना हुने एसियन-अफ्रिकन कानूनी परामर्शदातृ संस्था **(AALCO)** को ६१ औं वार्षिक सभामा सहभागी हुन संवत् २०८० साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ग) माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनमा आयोजना हुने **3rd Belt and Road Forum for International Cooperation (BRF)** अन्तर्गत **High Level Forum on Green Development** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंमले सम्हाल्नु हुने व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/२६

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(घ) माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत थाइल्याण्डको बैंककमा आयोजना हुने **Third Pacific Energy Forum** कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कात्तिक १ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंमले सम्हाल्नु हुने व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/३०

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ङ) माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव भारतको नयाँ दिल्ली स्थित मेदान्त अस्पतालमा स्वास्थ्य उपचारको लागि निजी भ्रमणमा संवत् २०८० साल असोज ३० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/६/३०

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(च) माननीय सहरी विकास मन्त्री सीता गुरुङ मलेसियाको क्वालालम्पुरमा हुने **High Level 15th Regional Environmentally Sustainable Transport Forum in Asia** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८०

साल कात्तिक ४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको सहरी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/७/२

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(छ) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/७/२ को बैठकबाट संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसले मिति २०८०/७/१२ देखि २०८०/७/१५ गतेसम्म गर्नुहुने नेपालको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत भएको र उक्त भ्रमणको सिलसिलामा उहाँले मिति २०८०/७/१४ गते मंगलबारका दिन १६:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेकोले सोको लागि आवश्यक व्यवस्था गरिदिनु हुन अनुरोध गर्दछु ।

मितिः २०८०/७/२

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

त्यसपछि सम्माननीय सभामुखले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनु भयो ।

तदुपरान्त् विधेयक प्रस्तुतकर्ता माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

तत्पश्चात् माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" पेश गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "भन्सार विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनु भयो ।

तत्पश्चात् विधेयक प्रस्तुतकर्ता माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनु भयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि माननीय अर्थ मन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले "भन्सार विधेयक, २०८०" पेश गर्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संयुक्त राष्ट्र संघका महामहिम महासचिव श्री एन्टोनियो गुटेरेसले यही २०८० कात्तिक १४ गते मंगलबार दिनको ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी गराउनु हुँदै प्रतिनिधि सभाका सम्पूर्ण माननीय सदस्यहरु उक्त दिन ३:४५ बजे भित्रै बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन साथै उक्त दिन र समयमा माननीय सदस्यहरु औपचारिक पोशाकमा उपस्थित भईदिनुहुन समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल कात्तिक १६ गते विहिबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको २:२० बजे स्थगित भयो ।

पद्मम प्रसाद पाण्डेय
सचिव, प्रतिनिधि सभा

संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ६५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल कात्तिक १६ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा शुन्य समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विना लामा
५. मा० श्री विश्व प्रकाश शर्मा
६. मा० श्री श्याम कुमार घिमिरे
७. मा० श्री शान्ती वि.क.
८. मा० श्री शिव नेपाली
९. मा० श्री शेर बहादुर कुवँर
१०. मा० श्री शोभा ज्ञावाली
११. मा० श्री सान्तोष चालिसे
१२. मा० श्री सरस्वती वजिमय
१३. मा० श्री सराज अहमद फारुकी
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सिता कुमारी राना
१७. मा० श्री सुनिता बराल
१८. मा० श्री सुमना श्रेष्ठ
१९. मा० श्री सुशिला थिङ
२०. मा० श्री सुशीला श्रेष्ठ
२१. मा० श्री सूर्य प्रसाद ढकाल
२२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२३. मा० श्री सोनु मुर्मु
२४. मा० श्री संजय कुमार गौतम *
२५. मा० श्री हर्कमाया विश्वकर्मा
२६. मा० श्री हितराज पाण्डे
२७. मा० श्री सोबिता गौतम
२८. मा० श्री हेमराज राई
२९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३०. मा० श्री हरि ढकाल

* यसैविच माननीय श्री संजय कुमार गौतम शून्य समयमा बोल्न आफूलाई प्राप्त समयमा आफ्नो स्थानमा उभिएर मौन बस्नु भएको ।

त्यसपछि निम्नलिखित माननीय सदस्यहरुले अधिवेशन अन्त्य हुँदै गर्दा समिक्षात्मक रुपमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री रमेश लेखक
२. मा० श्री विष्णु प्रसाद पौडेल
३. मा० श्री वर्षमान पुन
४. मा० श्री रबि लामिछाने
५. मा० श्री बुद्धिमान तामाङ
६. मा० श्री उपेन्द्र यादव
७. मा० श्री माधव कुमार नेपाल
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
१०. मा० श्री लालबिर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्र बहादुर के.सी.
१३. मा० श्री प्रभु साह
१४. मा० डा० अमरेश कुमार सिंह

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयोः-

(क) माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महत बेलायतमा आयोजना हुने उच्चस्तरीय लगानी सम्मेलनमा सहभागी हुन संवत् २०८० साल कात्तिक ११ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/७/१२

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ख) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणको लागि संवत् २०८० साल कात्तिक १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/७/१२

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

(ग) माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत भारतको नयाँ दिल्लीमा आयोजना हुने **Seventy-Sixth Session of the WHO Regional Committee for South- East Asia** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कात्तिक १२ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको स्वास्थ्य तथा जनसंख्या

मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

मितिः २०८०/७/१२

(बैकुण्ठ अर्याल)
मुख्य सचिव

तदुपरान्त चालू अधिवेशनमा माननीय सदस्यहरुबाट दर्ता हुन आएका मौखिक प्रश्न र उत्तरहरु प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ४५ बमोजिम सम्बन्धित माननीय मन्त्रीहरुबाट टेबुल गर्ने कार्यक्रम अन्तर्गत माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित मौखिक एवं लिखित प्रश्न र उत्तरहरु टेबुल गर्नुभयो ।

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काले रक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नु भयो ।

तत्पश्चात् माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित मौखिक एवं लिखित प्रश्न र उत्तरहरु टेबुल गर्नुभयो ।

त्यसपछि माननीय खानेपानी मन्त्री श्री महिन्द्र राय यादवले खानेपानी मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तरहरु टेबुल गर्नुभयो ।

तत्पश्चात माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री मोहनबहादुर वस्नेतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित मौखिक एवं लिखित प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

त्यसपछि माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजालले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तत्पश्चात माननीय शहरी विकास मन्त्री श्री सीता गुरुङ्गले शहरी विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

तदुपरान्त माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्र राज आचार्यले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्न र उत्तर टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले "राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन आ.व. २०७८/७९" र तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७९/८०" पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले सहमति जनायो ।

क्र.सं.	माननीय सदस्यको नाम, थर	मिति	बैठक संख्या	कारण
१.	मा० श्री चन्दा कार्की (भण्डारी)	२०८०/०५/२५ देखि २०८०/०७/१६	१२	व्यक्तिगत कारणले देश बाहिर रहनुपर्ने
२.	मा० श्री विष्णु कुमार कार्की	२०८०/०५/२१ देखि २०८०/०७/१६	१३	उपचारको लागि भारत जानुपर्ने

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको दोस्रो अधिवेशन अवधिभर भए गरेका निम्न लिखित काम कारवाहीको संक्षिप्त विवरणको सम्बन्धमा जानकारी गराउनु भयोः-

(१) मा० सदस्यहरु, प्रतिनिधि सभाको दोस्रो अधिवेशन २०८० साल वैशाख २४ गते आइतबार प्रारम्भ भई आज २०८० साल कात्तिक १६ गते बिहीबारसम्म जम्मा १८० दिन चालु रहयो । जसमध्ये ६१ दिनहरुमा ६५ पटक बैठक बसी जम्मा २४४ घण्टा ५० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । साथै यस अवधिमा संघीय संसदको संयुक्त सदनको जम्मा ६ वटा बैठक बसी ७ घण्टा ५ मिनेट समय व्यतित भयो ।

(२) सम्माननीय राष्ट्रपतिबाट आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मिति २०८० जेठ ५ गते बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनप्रति सोही दिन बसेको प्रतिनिधि सभाको बैठकले सर्वसम्मतिबाट धन्यवादको प्रस्ताव पारित गरेको थियो । साथै सम्माननीय राष्ट्रपतिबाट सम्बोधन मार्फत् प्रस्तुत भएको आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि २०८० जेठ ७, ८, ९, १० र १३ गतेका दिनहरुमा छलफल भई जेठ १३ गते उक्त नीति तथा कार्यक्रम बहुमतबाट पारित भयो ।

(३) प्रतिनिधि सभा नियमावली, २०७९ को नियम नियम ५६ को उपनियम (५) को व्यवस्था बमोजिम मिति २०८० जेठ ४ गते, असार ८ र भदौ १२ गतेको बैठकहरुमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

मिति २०८० जेठ ४ गतेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ५६ को उपनियम (५) लाई सो बैठकमा मात्र लागू हुने गरी सोही नियमावलीको नियम २५२ बमोजिम नियम निलम्बनको प्रस्ताव स्वीकृत भएको थियो ।

(४) २०८० जेठ १ गतेको सभाको बैठकमा संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ४२ को उपनियम (३) बमोजिम "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने मा० सदस्यहरु सहितको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको थियो । त्यसैगरी राष्ट्रिय सभाको मिति २०८० जेठ ५ गतेको बैठकले सो समितिमा सभाका मा० सदस्यहरुको समेत नाम मनोनयन गरी सर्वसम्मत रुपमा स्वीकृत गरेको थियो ।

उक्त नियमावली मस्यौदा समितिले मिति २०८० जेठ १० गतेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गरेको "संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८०" संयुक्त सभाको मिति २०८० जेठ १४ गतेको बैठकबाट बहुमतले पारित भएको थियो ।

(५) २०८० वैशाख २४ गतेको बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि २०८० वैशाख २५, २६ र २७ गतेका बैठकमा छलफल गरिएको थियो ।

(६) त्यसैगरी २०८० जेठ १५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश भएको आ.व. २०८०/०८१ को लागि राजश्व र व्ययको वार्षिक अनुमानमाथि सभाको जेठ २२, २३, २४, २५, २६ र २८ गतेको बैठकमा छलफल पश्चात् जेठ २९ गते मा० अर्थमन्त्रीबाट जवाफ दिने कार्य समेत सम्पन्न भएको थियो ।

(७) सभाको २०८० जेठ २९ गतेको बैठकमा प्रस्तुत भएको "विनियोजन विधेयक, २०८०" माथि जेठ ३२ देखि असार १० गतेसम्मका बैठकहरुमा दफावार छलफल भई असार १०, ११, १२ र १३ गते सम्बन्धित मा० मन्त्रीहरुबाट जवाफ दिने कार्य सम्पन्न भएपछि उक्त विधेयक बहुमतबाट पारित भएको थियो ।

(८) सभाको पहिलो बैठकमा पेश भएको "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" लाई मिति २०८० वैशाख २७ गते बसेको बैठकले स्वीकृत गरेको थियो ।

(९) सभाको यस अधिवेशनमा प्रतिनिधि सभामा ८ वटा सरकारी र एउटा गैर सरकारी विधेयक दर्ता भएको थियो जसमध्ये ३ वटा विधेयक संघीय संसदको दुवै सदनबाट पारित भएका छन् भने ३ वटा विधेयक समितिमा विचाराधीन रहेका छन् र २ वटा विधेयक सभामा प्रस्तुत मात्र भएका छन् भने एउटा विधेयक दर्ता मात्रको स्थितिमा रहेको छ । साथै सभाको पहिलो अधिवेशन दर्ता भई सम्बन्धित समितिमा विचाराधीन ३ वटा विधेयकहरु मध्ये "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक" सम्बन्धी समितिको प्रतिवेदन बैठकमा पेश भएको छ ।

त्यसैगरी राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा प्राप्त "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" सभाबाट पारित भैसकेको छ भने "नेपाल विश्वविद्यालय विधेयक, २०८०" सम्बन्धित समितिमा विचाराधीन रहेको छ । त्यसैगरी सभाको पहिलो अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त ७ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन नै रहेका छन् । यसरी सभाबाट आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० र मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० गरी कूल ४ वटा विधेयक पारित भएका छन् ।

(१०) त्यसैगरी प्रतिनिधि सभाको चालू अधिवेशनमा मा० सदस्यहरुबाट दर्ता हुन आएका विभिन्न मन्त्रालयसँग सम्बन्धित १६२ वटा मौखिक र ६ वटा लिखित प्रश्नहरु मध्ये १२९ वटा मौखिक र ३ वटा लिखित प्रश्नहरुको उत्तर प्राप्त भएकोमा सभाको विभिन्न बैठकमा १५ वटा मौखिक प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीबाट उत्तर दिने कार्य सम्पन्न भयो भने प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ४५ को उपनियम (३) बमोजिम उत्तर प्राप्त भएका बाँकी मौखिक र लिखित प्रश्नहरुको उत्तर सभामा टेबुल भएका छन् ।

(११) यस अधिवेशन अवधिभरमा "नेपाल सरकारको वार्षिक प्रतिवेदन आ.व. २०७८/०७९" र "महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९" "निर्वाचन आयोग, नेपालको पन्ध्रौं वार्षिक प्रतिवेदन २०७७/०७८ र सोह्रौं वार्षिक प्रतिवेदन २०७८/०७९", "राष्ट्रिय महिला आयोगको पन्ध्रौं वार्षिक प्रतिवेदन (२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म)" र "राष्ट्रिय दलित आयोगको दोस्रो वार्षिक प्रतिवेदन आ.व. २०७८/७९ र तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७९/८०" सभामा पेश भए ।

(१२) मिति २०८० जेठ १४ गतेको सभाको बैठकमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका माननीय सदस्यहरुको नाम मनोनयन गर्ने प्रस्ताव बहुमतबाट स्वीकृत भएको थियो ।

(१३) त्यसैगरी मिति २०८० भदौ ६ गतेको बैठकमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम पेश भएको थियो ।

(१४) नेपालको औपचारिक भ्रमणमा आउनु भएका संयुक्त राष्ट्र संघका महासचिव महामहिम एन्टोनियो गुटेरेसले मिति २०८० कार्तिक १४ गते बसेको संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभएको थियो ।

(१५) यस अधिवेशनमा संविधान सभा अध्यक्ष एवं वर्तमान प्रतिनिधि सभा सदस्य सुवासचन्द्र नेम्वाङ्गको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१६) यसैगरी संविधान सभा सदस्य महेश चौधरी, पुरुषोत्तम बस्नेत, श्याम सुन्दर टिवडेवाल र मीना पाण्डे, पूर्व सदस्य लालकाजी गुरुङ, खेमराज भट्ट मायालुको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१७) यसैगरी सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको निधन भएकोमा शोक प्रस्ताव पारित भएको थियो ।

(१८) सभाको विभिन्न बैठकको आकस्मिक, शून्य र विशेष समयहरुमा सभाका मा० सदस्यहरुले समसामयिक एवं जिल्लामा घटित विभिन्न घटनाहरुको सम्बन्धमा सरकार एवं सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु भएको थियो ।

(१९) यसै अवधिमा सदनको विभिन्न बैठकहरुमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले "पशुपतिनाथको जलहरी सम्बन्धी विषयमा प्रमुख प्रतिपक्ष दलको नेतालाई जोडेर सदनमा विचार व्यक्त हुनु उचित नभएको सम्बन्धमा", "मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जान लागेको सम्बन्धमा", "जेठ १७ देखि २० गतेसम्म भएको भारतको भ्रमणमा भएका सम्झौता लगायतका सम्बन्धमा", "पुस्तक विमोचनका क्रममा दिएको अभिव्यक्ति सम्बन्धमा", "संयुक्त राष्ट्र संघको ७८ औं महासभा र चीन भ्रमणमा एशियाली खेलकुद उद्घाटन समारोहमा सहभागी हुने र भेटघाट हुने सम्बन्धमा" र "सुनको अवैध पैठारी तस्करी नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गठन भएको, पेट्रोलियम पदार्थको मुल्यवृद्धि तत्काल फिर्ता गरिएको, चीन भ्रमणमा चिनीयाँ राष्ट्रपति र प्रधानमन्त्रीसँगको भेटको क्रममा चीनसँगको व्यापार लगायतका विषयमा छलफल भएको र संयुक्त राष्ट्र संघको ७८ औं महासभामा नेपालको शान्ति प्रक्रिया, जलवायू परिवर्तन लगायतका विषयमा विश्व समुदायको ध्यानाकर्षण गराएको, अमेरिकी राष्ट्रपति, संयुक्त राष्ट्र संघका महासचिव एवं विभिन्न देशका राष्ट्रप्रमुखसँग पनि भेटघाट भएको" लगायतका सार्वजनिक महत्वको विषयमा सदनलाई जानकारी गराउनु भएको थियो ।

साथै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पुर्णबहादुर खड्काले "सुन तस्करी सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोले निष्पक्ष अनुसन्धान र छानविन गरी सुन तस्करीमा संलग्न व्यक्तिहरुलाई अभियोजन गर्ने, सुन तस्करी सम्बन्धमा राजनीतिक दलहरुबीच भएको दुईबुँदे सहमति सम्बन्धमा", माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले "कोशी प्रदेशमा घटित घटनाका सम्बन्धमा र आन्दोलनका क्रममा हुने हिंसात्मक कार्यलाई रोक्न सरकार प्रतिवद्ध रहेको सम्बन्धमा", माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले "निर्वाचन कार्यालयहरु तदनुरुपको स्थितिमा रहने सम्बन्धमा" र "आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यको अनुसूची-१६ को खण्ड (क) को क्रमसंख्या १० मा रहेको प्रावधान हटाइएको सम्बन्धमा", माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउदले "इजरायलको दक्षिणी क्षेत्रमा भएको आक्रमणका कारण त्यहाँ रहेका नेपालीहरुको उद्धार तथा सहयोग गर्नको लागि आवश्यक सहजीकरण र समन्वय भइरहेको" लगायतका सार्वजनिक महत्वको विषयमा सदनलाई जानकारी गराउनु भएको थियो ।

(२०) यसैगरी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठ र मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा० बेदुराम भुसालले आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिनुभएको थियो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभाको दोस्रो अधिवेशन समाप्तीको सम्बन्धमा आफ्नो भनाई राख्नु हुँदै प्रतिनिधि सभाको चालू अधिवेशन अन्त्य हुँदै गर्दा माननीय सदस्यहरुले आज राख्नु भएका समिक्षात्मक अभिव्यक्तिप्रति मेरो पनि गम्भीर ध्यानाकर्षण भएको छ । हामीले चालू अधिवेशनबाट प्राप्त गरेको अनुभव र अभ्यासबाट शिक्षा दिँदै आगामी दिनका संसदीय गतिविधिहरु प्रभावकारी बनाउनै पर्दछ । संसद प्रभावकारी बनाउने दायित्व सरकार, संसदको नेतृत्व, राजनीतिक दल माननीय सदस्यहरुको हो । चालू अधिवेशनमा संसदीय कामकावाहीले गति लिएका छन् समितिहरुले सक्रियताका साथ कार्यप्रारम्भ गरेकाछन् । प्रश्नोत्तरलाई नियमित र व्यवस्थित गर्ने अभ्यास शुरु गरिएको छ । जनप्रतिनिधिको सर्वोच्च थलो संसदलाई आगामी दिनमा लोकतन्त्रलाई थप योगदान दिनसक्ने गरी अभ्यास गर्न, राज्य सञ्चालनको कार्यलाई थप व्यवस्थित र पारदर्शि बनाउन हामी सबै गम्भीर हुनुपर्दछ भन्नुभयो साथै चालू अधिवेशनमा प्राप्त सहयोग र सहभागिताका लागि नेपाल सरकार, राजनीतिक दल, माननीय सदस्यहरु र संघीय संसद सचिवालय परिवार एवं प्रत्यक्ष-परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नागरिक समाज, सञ्चारजगत् तथा नेपाली जनता लगायत सबैप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्न लिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयोः-

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०७/१६ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन सम्वत् २०८० साल कात्तिक १६ गते बिहिबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।

२०८० कात्तिक १६ (रामचन्द्र पौडेल)

तदनन्तर प्रतिनिधि सभाको चालु अधिवेशन आज राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी दिनको ४:२० बजे बैठक स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव